सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२ पुस २०८०, सोमबार (18 Dec 2023, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

श्रमिकको कल्याणकारी कोषको रकम दुरुपयोग प्रकरण

## अपग्रेडमा १० करोड खर्च गर्न लागिएको सफ्टवेयर सवा करोडको




वैदेशिक रोजगार कल्याणकारी कोषसम्बन्धी व्यवस्था गरेको वैदेशिक रोजगार ऐन, २०७६ को दफा ३३ मा कोषको रकम नितान्त श्रमिकका लागि मात्रै खर्च गरिने स्पष्ट व्यवस्था छ

**तर, वैदेशिक रोजगार विभागले एक करोड २० लाखमा किनिएको सफ्टवेयर अपग्रेडका लागि कोषको १० करोड खर्च गर्न खोजिएको छ**

**मुना कुँवर**/नयाँ पत्रिका

कानुनविपरीत वैदेशिक रोजगार कल्याणकारी कोषको १० करोड निकालेर अपग्रेड गर्न लागिएको वैदेशिक रोजगार विभागको सफ्टवेयर जम्मा एक करोड २० लाखमा खरिद गरेको खुलेको छ। सवा करोडको सफ्टवेयर अपग्रेडका लागि १० करोड खर्च गर्न खोज्नु शंकास्पद देखिएको छ।

वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) अपग्रेडका लागि श्रम मन्त्रालयले वैदेशिक रोजगार कल्याणकारी कोषको रकमबाट निकासा गर्ने गरी १० करोड विनियोजन गरेको विषयमा बिहीबार नयाँ पत्रिकामा समाचार छापिएको थियो। विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकको तथ्यांक राख्न, अनलाइन टिकट र श्रम स्वीकृति प्रदान गर्नका लागि सन् २०१६ मा सफ्टवेयर खरिद गरेको थियो। नेपाली कम्पनी 'ब्रेन डिजिट'सँग एक करोड २० लाखमा सफ्टवेयर खरिद गरिएको वैदेशिक रोजगार विभागका तत्कालीन आइटी शाखाका राजु श्रेष्ठले जानकारी दिए। उनका अनुसार सफ्टवेयर किन्न स्विस सरकारद्वारा सञ्चालित सामी परियोजनाले उक्त रकम प्रदान गरेको थियो।

विभागको सफ्टवेयरमा

### सधैँ समस्या

■ सफ्टवेयर राखेकै वर्ष ह्याकको कोसिस भएपछि हालिएको थियो ३६ लाखको एन्टिभाइरस

अहिले त्यही सफ्टवेयर अपग्रेडका लागि भन्दै वैदेशिक रोजगार कल्याणकारी कोषबाट १० करोड खर्च गर्न लागिएको हो। जब कि वैदेशिक रोजगार ऐन, २०७६ को दफा ३३ मा उक्त कोषको रकम नितान्त श्रमिकका लागि मात्रै खर्च गरिने स्पष्ट व्यवस्था छ। वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न, कामदारको अंगभंग भई स्वदेश फिर्ता गराउँदा, क्षतिपूर्ति दिन र फिर्ता आएका श्रमिकको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न कोषको रकम प्रयोग गर्ने उल्लेख छ। त्यस्तै, रोजगारका लागि विदेश गएको अवस्थामा गम्भीर प्रकृतिको फौजदारी कसुर अभियोग लागेका कसुरदारको प्रतिरक्षा तथा बहस पैरवी गर्न, वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र सम्भावित जोखिमबारे प्रचारप्रसार गर्न, वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न, रोजगारका लागि विदेश गएको अवस्थामा मृत्यु भएका कामदारको शव नेपाल ल्याउन र निजको परिवारलाई आर्थिक सहयोग गर्न, वैदेशिक रोजगार प्रवर्द्धनसम्बन्धी कार्य गर्न कोषको रकम प्रयोग गरिने ऐनमा उल्लेख छ। हाल कोषमा पाँच अर्बभन्दा बढी रकम छ।

वैदेशिक रोजगारमा जानुअघि कामदारले तोकिएबमोजिम भुक्तानी गरेको रकम, म्यानपावर व्यवसायीको धरौटी रकम, इजाजत दस्तुर, नवीकरण शुल्क, तालिम सञ्चालन गर्ने संस्थालाई दिइने अनुमतिपत्र शुल्क, नवीकरण शुल्क, वैदेशिक रोजगार व्यवसायसँग सम्बन्धित संस्थाबाट

» पृष्ठ ११ मा क्रमशः

# सरकारले समर्थन मूल्य नतोक्दा बारीमै सुक्न थाल्यो किसानको उखु

उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनाली भन्छन्-

## समयमा नकाट्दा उखु सुक्छ, तौल कम भएपछि मूल्य पाइँदैन



उखु क्रसिङको समय मंसिरबाटै सुरु हुन्छ। तर, मंसिर सकिसक्दा पनि सरकारले न्यूनतम समर्थन मूल्य तोकेको छैन। जब कि उखु रोप्नुअघि नै समर्थन मूल्य तोक्नुपर्छ। अब पुस पहिलो साताबाट उखु काट्ने वातावरण बन्यो भने त उत्पादनमा खासै फरक पर्दैन, त्यसभन्दा पछि धकेलियो भने समस्या पर्छ। रस सुकेर उखुको तौल कम भएपछि चिनी उत्पादन पनि घट्छ। विगतजस्तै यो वर्ष पनि क्रसिङको समय ढिला हुन थालिसक्यो।

## यही हप्ता समर्थन मूल्य सिफारिस गर्छौं



● **शवनम शिवाकोटी**, प्रवक्ता, कृषि मन्त्रालय

हामीले प्रस्ताव गरेको मूल्यमा किसानले असन्तुष्टि जनाउनुभएको छ र उहाँहरूले चिनीको भाउलाई हेरेर अलि बढी मूल्य माग्नुभएको छ। मन्त्रालयले चिनीको भाउभन्दा पनि किसानको लागत मूल्यांकन गरी मूल्य सिफारिस गर्ने हो। सकेसम्म सबै पक्षसँग सहमति जुटाएर यसै हप्ता मन्त्रिपरिषद्मा न्यूनतम समर्थन मूल्य तोक्न सिफारिस गर्नेछौं।

सर्लाहीमा **श्रवण थापा**
काठमाडौंमा **अजित अधिकारी**

उखु क्रसिङका लागि तयार हुँदासम्म पनि सरकारले न्यूनतम समर्थन मूल्य नतोकिदिँदा किसानको बारीमै उखु सुक्न थालेको छ। बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्नुपर्नेमा बाली भित्र्याउने वेलासम्म पनि निर्णय नहुँदा किसानले उखु नकाटेका हुन्।

मंसिरको पहिलो सातादेखि उखु क्रसिङ गर्न सुरु हुन्छ। तर, समयमा क्रसिङ भएन भने उखुबाट चिनी उत्पादन क्षमतामा ह्रास आउन थाल्छ। समयमै क्रसिङ भयो भने सय केजी लाँक्राबाट ९.५ किलोसम्म चिनी उत्पादन हुन

» पृष्ठ ११ मा क्रमशः



सर्लाहीको बरहथवा नगरपालिका सीतापुरस्थित स्थानीय किसान राजेन्द्र महतोको उखुबारी। तस्बिर : **श्रवण थापा**/नयाँ पत्रिका

### ■ ५२ करोड अनुदान बक्यौता तत्काल भुक्तानी दिने सरकारको निर्णय

सरकारले उखु किसानलाई दिन बाँकी गत वर्षको ५२ करोड अनुदान तत्काल दिने निर्णय गरेको छ। सम्बन्धित मन्त्रालयका मन्त्रीहरूलाई उपस्थित गराएर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उखु किसानको अनुदान बक्यौता तत्काल भुक्तानी दिने निर्णय गराएका हुन्। बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महत, कृषिमन्त्री डा. बेदुराम भुसाल, उद्योगमन्त्री रमेश रिजाल, मुख्यसचिव डा. वैकुण्ठ अर्याल तथा अर्थ, कृषि र उद्योग मन्त्रालयका सचिवहरूको सहभागिता थियो। गत वर्ष देशभर एक करोड ५० लाख क्विन्टलभन्दा बढी उखु क्रसिङ भएको र सरकारले एक अर्ब २५ करोड रुपैयाँ अनुदानबापत भुक्तानी दिनुपर्ने दायित्व थियो। तर, ८० करोड रुपैयाँ दिए पनि बाँकी भुक्तानी हुन सकेको थिएन। गत वर्षको सरकारी अनुदान रकम बारा, रौतहट, महोत्तरी, सिराहा र सुनसरीका सबै किसानले पाए पनि सर्लाही, नवलपरासी र कञ्चनपुरका किसानले पाएका थिएनन्। उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनालीले भने सरकारले भुक्तानी दिने आश्वासन दिएकै भरमा उखु काट्न सुरु नहुने बताएका छन्। गत वर्ष सरकारले उखुको समर्थन मूल्य प्रतिक्विन्टल ६ सय १० रुपैयाँ निर्धारण गरेको थियो। त्यसमध्ये ७० रुपैयाँ प्रतिक्विन्टलका दरले सरकारी अनुदान किसानको खातामै हालिदिने व्यवस्था छ।

■ चिवाभञ्ज्याङ पुगेर टुंगियो एमालेको मध्यपहाडी संकल्प यात्रा

# जनस्तरको सुझावलाई मार्गदर्शन मान्ने

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

१९ दिन लामो मध्यपहाडी संकल्प यात्रा गरेको एमालेले जनस्तरबाट आएका सुझावलाई पार्टीको मार्गदर्शन मानेर अघि बढ्ने जनाएको छ। जनताका सुझावले लोकतन्त्रको प्रभावकारिता र समृद्ध नेपाल सुखी नेपालीको आकांक्षा प्रभावकारी बनाउन भूमिका खेल्ने निष्कर्षसहित ती सुझाव समेटेर मार्गदर्शन-पत्र नै तयार पार्ने योजना बनाएको हो।

'जनस्तरबाट आएका सबै मागलाई काठमाडौं पुगिसकेपछि लिपिबद्ध गर्छौं र त्यसका आधारमा भविष्यको कार्ययोजनाका रूपमा पार्टीले अवलम्बन गर्ने नीति, योजनाका रूपमा सामेल गर्नका लागि छलफल गर्छौं। वास्तवमा भोलिका दिनमा लोकतन्त्रलाई कसरी प्रभावकारी बनाउने, समृद्ध नेपाल सुखी नेपालीको आकांक्षालाई कसरी प्रभावकारी ढंगले पूरा गर्ने भन्ने सन्दर्भमा जनताका बीचबाट आएका सुझाव र मागपत्रले महत्त्वपूर्ण आधारका रूपमा काम गर्छन् र त्यसलाई हामीले मार्गदर्शनका रूपमा प्रयोग गर्ने सोच बनाएका छौं,' महासचिव शंकर पोखरेलले भने।

समृद्धिका लागि भन्दै एमालेले बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म गरेको मध्यपहाडी संकल्प यात्रा आइतबार सकिएको छ। चीन र भारतको सिमाना रहेको त्रिदेशीय विन्दु चिवाभञ्ज्याङमा अध्यक्ष केपी ओलीले राष्ट्रिय

» पृष्ठ ११ मा क्रमशः



तस्बिर : **रवीन्द्र काफ्ले**/रासस

● चिवाभञ्ज्याङमा यात्रा समापन गर्दै अध्यक्ष केपी ओलीले भने-



देशको राजनीति अलपत्र भएर चल्न हुँदैन। सही बाटो र निकास लिनुपर्छ। राष्ट्र र देशको समय खेर फाल्न हुँदैन। आउँदा पिँढीको भविष्य अन्धकारमा धकेल्न हुँदैन भन्ने निष्कर्ष निस्किएको छ। देशलाई अन्धकारबाट जोगाउन यो यात्राले असाधारण भूमिका खेलेको छ।

मध्यपहाडी लोकमार्ग ५०० किमिजति छोट्याउने निष्कर्ष

## जनताका सुझावलाई लिपिबद्ध गरेर भविष्यको कार्ययोजना बनाउँछौं



**अन्तर्वार्ता**

**शंकर पोखरेल**, महासचिव, एमाले

भोलिका दिनमा लोकतन्त्रलाई कसरी प्रभावकारी बनाउने, समृद्ध नेपाल सुखी नेपालीको आकांक्षालाई कसरी प्रभावकारी ढंगले पूरा गर्ने भन्ने सन्दर्भमा जनताका बीचबाट आएका सुझाव र मागपत्रले महत्त्वपूर्ण आधारका रूपमा काम गर्छन्। त्यसलाई हामीले मार्गदर्शनका रूपमा प्रयोग गर्ने सोच बनाएका छौं।

(विस्तृत पृष्ठ ७)

# सरकारी सभा-सम्मेलन गर्न ८८ करोडमा बनाइएको सम्मेलन केन्द्र बन्यो 'पार्टी प्यालेस'

सरकारी सभा-सम्मेलनहरू महँगो शुल्क तिरेर ठूला होटेलहरूमा गर्ने अवस्थाको अन्त्य गर्न सरकारले ललितपुर गोदावरीमा तीन हजार सिट क्षमताको सम्मेलन केन्द्र बनाएको छ, तर अचेल बिहे, व्रतबन्धजस्ता प्रयोजनका लागि केन्द्र भाडामा लगाउन थालिएको छ

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

महँगो शुल्क तिरेर ठूला होटेलहरूमा सरकारी तथा सांस्कृतिक सभा, सम्मेलन, गोष्ठीलगायत कार्यक्रम सञ्चालन गर्ने अवस्थाको अन्त्य गर्न सरकारले ललितपुरको गोदावरीमा ८८ करोडमा बनाएको सनराइज सम्मेलन केन्द्र 'पार्टी प्यालेस'मा रूपान्तरण भएको छ। ०७८ मा तयार भएको तीन हजार सिट क्षमताको उक्त सम्मेलन केन्द्रमा आजकाल सरकारी कार्यक्रमहरू हुन छाडेपछि स्थानीयस्तरका बिहे पार्टी, व्रतबन्धलगायत प्रयोजनका लागि भाडामा दिन थालिएको हो।

साउनयता सरकारी निकायले केन्द्रको हलमा कुनै पनि कार्यक्रम गरेका छैनन्। सरकारी कार्यक्रम हुन छाडेपछि हलको मर्मत-सम्भारलगायतको खर्च व्यवस्थापनका लागि आम्दानी जुटाउन भन्दै उद्देश्यभन्दा फरक प्रयोजनमा हलको प्रयोग हुन थालेको छ। हाल नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको हेरचाह र मर्मत-सम्भार गर्दै आएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिले नै सनराइज सम्मेलन केन्द्र पनि सञ्चालन गरिरहेको छ। तर, सरकारीस्तरका कार्यक्रम

» पृष्ठ ११ मा क्रमशः



सरकारले ललितपुरको गोदावरीमा बनाएको सनराइज सम्मेलन केन्द्र। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

### मर्मत-सम्भार तथा खर्च व्यवस्थापनका लागि भाडामा दिनुपरेको छ

● **विद्रोह दाहाल**, अध्यक्ष, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति



उपत्यकामा यति ठूलो सरकारी हल कहीं छैन, यो सरकारले निर्माण गरे पनि सरकारी कार्यक्रम यहाँ निकै कम हुन्छन्। यसको मर्मत-सम्भार तथा खर्च व्यवस्थापनका लागि सामान्य किसिमका कार्यक्रमलाई पनि भाडामा दिनुपरेको छ।

### जे उद्देश्यले निर्माण गरेको हो त्यही प्रयोजनमा प्रयोग हुनुपर्छ

● **राज घिमिरे**, वडाध्यक्ष, गोदावरी नगरपालिका-३



कतिपय सरकारी निकायका कार्यक्रम महँगा होटेलहरूमा हुन्छन्, तर यहाँको हल प्रयोगविहीन छ, सरकारले जे उद्देश्यले निर्माण गरेको हो त्यही प्रयोजनमा प्रयोग हुनुपर्छ। यो हलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सभा सम्मेलन गर्ने हो भने यस क्षेत्रको पर्यटन विकास पनि हुन्छ।

## संघीय दरबन्दी पुनरावलोकनको काम सुस्त

तोकिएको अवधिमा महिला मन्त्रालयको मात्र ओएन्डएम स्वीकृत, अधिकांशको काम प्रारम्भिक चरणमै



(विस्तृत पृष्ठ ३)

## विदेश जाने श्रमिक ३६२% ले बढे

रेमिट्यान्स २७% मात्रै वृद्धि

०७७/७८ मा एक लाख ६६ हजार र ०७९/८० मा सात लाख ७१ हजार नेपाली गए वैदेशिक रोजगारीमा

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# चक्रपथमा बन्ने चार फ्लाई ओभरमध्ये एकमा ललितपुर महानगरले लगानी गर्ने

## ग्वार्को फ्लाई ओभर निर्माण ३० प्रतिशत मात्रै, आगामी असारमा सक्ने लक्ष्य

शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुर महानगरपालिकाले चक्रपथमा बन्न लागेको चारवटा फ्लाई ओभर वा अन्डरपासमध्ये एउटामा लगानी गर्ने भएको छ। चक्रपथको विभिन्न खण्डमा केन्द्र सरकारले बनाउन लागेको अन्डरपास र फ्लाई ओभरमध्ये एउटामा ललितपुरले ४० करोड रुपैयाँ ससर्त लगानी गर्न लागेको हो।

चारवटा इन्टरसेक्सनमध्ये हाल ग्वार्को चोकमा सडक विभागले फ्लाई ओभर निर्माण गरिरहेको छ। बाँकी तीनवटा इन्टरसेक्सन (सातदोबाटो, एकान्तकुना र सानेपा)मा भने काम नै सुरु भएको छैन। यस्तै, सानेपामा फ्लाई ओभर वा अन्डरपास के बनाउने भन्नेबारे अध्ययन नै भएको छैन। सातदोबाटो र एकान्तकुना चोकमा भने अध्ययन भइसकेको छ। यी ठाउँमा फ्लाई ओभर तथा अन्डरपास बनाउन सकिने अध्ययनले देखाएको सडक विभागले जनाएको छ।

काम सुरु गर्न बाँकी तीनमध्ये एउटा इन्टरसेक्सनमा महानगरले लगानी गर्ने महानगरका मेयर चिरिबाबु महर्जनले जानकारी दिए। केन्द्र सरकारको लगानीमा बन्ने यस्ता ठूला योजनामा ढिलासुस्ती हुँदा सर्वसाधारणले सास्ती भोग्दै आएका छन्। ललितपुरवासीले केन्द्र सरकारको ढिलाइका कारण सास्ती नपाउन भनेर लगानी गर्न लागेको उनले बताए। सोही कारण ससर्त लगानी गर्न लागेको मेयर महर्जनको भनाइ छ। चारवटै संरचना तीन वर्षमा सक्नुपर्ने सर्त छ। 'एउटा फ्लाई ओभर तथा अन्डरपास निर्माणमा करिब ४० करोड लाग्छ, त्यसमध्ये एउटामा हामीले लगानी गरिदिन्छौं, तर केन्द्र सरकारले हामीले तोकेको समयमा काम गर्नुपर्छ,' उनले भने, 'फ्लाई ओभरको लगानी हाम्रो भए पनि सम्पूर्ण डिजाइन र प्राविधिक सहयोग केन्द्र सरकारकै हुन्छ। यसले गर्दा काम छिटो-छरितो सम्पन्न हुन्छ।' ग्वार्कोमा फ्लाई ओभर निर्माण सुरु भएसँगै ललितपुरमा अत्यधिक जाम भइरहेकोमा सडक विभाग संयमित हुनुपर्ने पनि बताए।

### ■ स्थानीय तहलाई लगानी गर्न नदिने सोचमा केन्द्र सरकार

ललितपुर महानगरले लगानी गर्ने घोषणा गरे पनि केन्द्र सरकारले भने ठूला योजनामा स्थानीय तहलाई मिसाउने-नमिसाउनेबारे निर्णय गरेको छैन। सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालसँग मेयर महर्जनले आफूले लगानी गरिदिनेबारे छलफल मात्रै गरेका हुन्। उनले केन्द्रको कार्यक्रम र मोडालिटीमा स्थानीय तहले लगानी गर्ने वा नगर्नेबारे छलफल भएपछि मात्रै महानगरलाई जिम्मेवारी दिन सकिने बताए। त्यसो भए पनि केन्द्र सरकारले लगानी गर्ने भनेपछि ललितपुरले पनि लगानी गर्ने बाटो खुलेको छ।



ग्वार्को चोकमा निर्माणाधीन फ्लाई ओभर। फाइल तस्बिर



● **चिरिबाबु महर्जन,** मेयर, ललितपुर महानगरपालिका

केन्द्र सरकारले काम सुरु गर्न बाँकी तीनमध्ये एउटा इन्टरसेक्सनमा महानगरले लगानी गर्न लागेको हो। केन्द्रको लगानीमा बन्ने ठूला योजनामा ढिलासुस्ती हुँदा सर्वसाधारणले सास्ती भोग्ने गरेका छन्। ललितपुरवासीले ढिलाइका कारण सास्ती नपाउन भनेर हामीले लगानी गर्न लागेको हो। फ्लाई ओभरको लगानी हाम्रो भए पनि सम्पूर्ण डिजाइन र प्राविधिक सहयोग केन्द्र सरकारकै हुन्छ।



● **शुशील ढकाल,** महानिर्देशक, सडक विभाग

केन्द्र सरकारको योजना भएकाले स्थानीय सरकारको बजेट लिने वा नलिने भन्नेबारे प्रस्ट छलफल भइनसकेको छैन। केन्द्रको कार्यक्रम र मोडालिटीमा स्थानीय तहले लगानी गर्ने वा नगर्नेबारे छलफल भएपछि मात्रै निर्णय हुनेछ। एउटा फ्लाई ओभर तथा अन्डरपासमा लगानी गर्ने तयार रहेको भन्दै ललितपुर महानगरपालिकाले विभागलाई पत्र काटिसकेको छ। त्यसको जवाफ हामीले दिएका छैनौं।

त एउटा फ्लाई ओभर तथा अन्डरपासमा लगानी गर्ने तयार रहेको भन्दै ललितपुर महानगरपालिकाले विभागलाई पत्र काटिसकेको छ। तर, त्यसको जवाफ भने विभागले दिएको छैन।

महानगरपालिकाका नगर प्रहरी प्रमुख सीताराम हाछेथुले ग्वार्कोमा मात्रै फ्लाई ओभर निर्माण सकाएर ललितपुरको जाम अन्त्य नहुने बताए। उनले सातदोबाटो, कोटेश्वरतर्फ पनि व्यापक जाम बढ्न थालेकोले यी ठाउँहरूमा पनि एकैपटक विकल्प खोज्नुपर्ने जानकारी दिए।

महानिर्देशक ढकालले केन्द्र सरकारको योजना भएकाले स्थानीय सरकारको बजेट लिने वा नलिने भन्नेबारे प्रस्ट छलफल भइनसकेको बताए। ग्वार्को चोकमा बन्दै गरेको फ्लाई ओभर असारसम्म सकिने दाबी गर्दै उनले त्यसपछि सडक विभागले नै सानेपा, एकान्तकुनालगायत ठाउँमा काम थाल्ने बताए। तीनवटै ठाउँमा एकैपटक काम गर्दा सवारी आवागमनमा सास्ती हुने भन्दै सडक विभागले सर्वप्रथम ग्वार्कोमा काम थालेको थियो। तर, ग्वार्को फ्लाई ओभरको डिजाइन र फाउन्डेसनमा त्रुटि हुँदा केही समय काम प्रभावित बनेको थियो। तर, पछिल्लो समय द्रुत गतिमा काम भइरहेको विभागको दाबी छ।

### ■ ग्वार्को फ्लाई ओभर निर्माण ७० प्रतिशत बाँकी

फाउन्डेसन तथा डिजाइनमा त्रुटि भएको भन्दै केही समय अन्योल बनेको ग्वार्को फ्लाई ओभर निर्माणले पछिल्लो समय तीव्रता पाएको छ। शुक्रबारसम्ममा सातदोबाटोतर्फ र कोटेश्वरतर्फको फाउन्डेसनको 'पाइल क्याप ढलाइ' सकिएको छ। सबस्टरचर र तीवटा मुख्य बिम (गर्डर)को डन्डी बाँध्ने काम सुरु भएको छ। त्यस्तै, एप्रोच सकडको काम पनि एक सातापछि सुरु हुँदै छ भने हालसम्म ३० प्रतिशत भौतिक प्रगति भएको छ। सबैतिर जगको काम सकिएकाले अबको काममा ढिलाइ नहुने सिनियर डिभिजन इन्जिनियर राकेश महर्जनले जानकारी दिए। उनका अनुसार मुख्य ओभरपासको जगको काम पनि सम्पन्न भइसकेको छ।

## महानगरले सडक भत्काएर छाड्दा सर्वसाधारणलाई सास्ती

**काठमाडौं**/ ढल बिछ्याउने भन्दै काठमाडौं महानगरपालिकाले बत्तीसपुतलीस्थित अरनिको मार्ग भत्काएर छाड्दा तीन सातादेखि सर्वसाधारणले सास्ती भोग्नुपरेको छ। बस्ती छिर्ने सहायक सडक भत्काएर अलपत्र छाड्दा पैदलयात्री र सवारीसाधन ओहोरदोहोरमा सास्ती भएको हो।

महानगरले पिपलमार्ट-कुमारी मन्दिरसम्म करिब पाँच सय मिटर सडक भत्काएको छ। तत्काल बनाउने भनेर भत्काइएको सडक तीन सातासम्म पनि बनाउने सुरसुर नहुँदा सास्ती भएको स्थानीयको गुनासो छ। अरनिको मार्गमा बस्दै आएका फरक क्षमताका सागर प्रसाईंले सडक बिग्रँदा ह्विलचेयर गुडाउन नसकेको र घरबाहिर निस्कनबाट वञ्चित भएको बताए। '२०-२५ दिनदेखि थुनिएझैं भएर बसेको छु, ह्विलचियर निकाल्ने मिल्दैन। काम गरेर खाने मान्छे हो,' उनले भने, 'यसरी घरमा थुनिँदा, मेरो काम नै रोकियो, निकै अवसर गुमिसके, यसरी त मेरो जीविकोपार्जन नै धरापमा पऱ्यो र घरमा एक्लै बस्दा-बस्दा मेरो मानसिक स्वास्थ्य पनि खलबलिन थालिसक्यो।' सडक भत्काएर अलपत्र पारेपछि उनले हेल्लो सरकार, काठमाडौं महानगरलगायतलाई बाटो खुलाईदिन आग्रह गरेका थिए। तैपनि सम्बन्धित निकायले सुनुवाइ नगरको प्रसाईंको भनाइ छ।

महानगरका प्रवक्ता नवीन मानन्धरले भने यसको जिम्मेवारी वडाले लिनुपर्ने बताए। 'त्यसरी काम अलपत्र छाड्नुहुँदैन, यसबारे बुझ्छौं,' उनले भने, 'सर्वसाधारणलाई सास्ती भएको हो भने तुरुन्त समाधान गर्नुपर्छ।' काठमाडौं महानगरपालिका- ९ का वडासदस्य श्रीराम राईले पुरानो ढल हटाएर नयाँ ढल व्यवस्थापनको काम भइरहेकाले सडकमा अवरोध पुगेको बताए। 'हामीले सडक नै अवरोध गर्न खोजेका होइनौं, ढल व्यवस्थापनका लागि गहिरो खन्नुपर्ने भएकाले समय लाग्यो,' उनले भने, 'हामीले ठेकेदारलाई छिटो काम सकाउन र सडक सम्याउन भनिसकेका छौं।' उनले ढल खन्दा खानेपानीको पाइप फुटेपछि व्यवस्थापनमा समय लागेको जानकारी दिए। उनका अनुसार वडाले नै ढल व्यवस्थापनको काम गरिरहेको छ। तर, ठूलो ह्युमपाइप राख्दा ढिलो भएको उनको भनाइ छ।

---

## ग्लोबल आइएमई बैंक लिमिटेडको

## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०९/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

### तपसिल

### कमलादी शाखा, काठमाडौं

**ऋणीको विवरण**

**१.** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय ललितपुरमा प्रा.फ.द.प्र.प.नं. १४२४४/९०७/०७०/०७१ अन्तर्गत मिति २०७१/०३/३१ मा दर्ता कायम भएको **वि.एम.सः मिल तथा फर्निचर उद्योग**
फर्म दर्ता ठेगाना : सुनाकोठी - १, ललितपुर
स्थायी लेखा नं. ६०२२३८१५१, मिति २०७१/०४/०५
**प्रोप्राइटर : जमिला खातुन**
**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा सवारी साधन कर्जा**

**२.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १२१०५८/०७०/०७१ अन्तर्गत मिति २०७०/१२/१४ मा दर्ता कायम भएको **बालकुमारी पेट्रोल पम्प सेन्टर प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : सुनाकोठी - १, ललितपुर
स्थायी लेखा नं. ६०१८६०६५६, मिति २०७०/१२/२०
**संचालक : नसीर अहमद मंसुरी**
**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | | |
|---|---|---|
| **जामिला खातुन**<br>ना.प्र.नं. १४५३, जारी मिति २०५४/०३/१९, जि.प्र.का. पर्सा<br>बाबुको नाम : फुलेरा साह<br>पतिको नाम : नसीर अहमद मंसुरी<br>ससुराको नाम : जालिम मिया मंसुरी<br>स्थायी ठेगाना : जगरनाथपुर - १, पर्सा | **नसीर अहमद मंसुरी**<br>ना.प्र.नं. ३८७७२९४८<br>जारी मिति २०४४/११/२४, जि.प्र.का. पर्सा<br>बाबुको नाम : जालिम मिया मंसुरी<br>बाजेको नाम : सजावल मिया<br>स्थायी ठेगाना : जगरनाथपुर - १, पर्सा | **मरीयम खातुन**<br>ना.प्र.नं. ३४३०३७/१२०, जारी मिति २०६४/०१/०३, जि.प्र.का. पर्सा<br>बाबुको नाम : इन्द्र बहादुर चापागाई<br>पतिको नाम : नसीर अहमद मंसुरी<br>ससुराको नाम : जालिम मिया मंसुरी<br>स्थायी ठेगाना : जगरनाथपुर - १, पर्सा |

**धितोको विवरण**

**जग्गाको विवरण**

१. जालिम मिया मंसुरीको बुहारी, नसीर अहमद मंसुरीको पत्नी, जमिला खातुनको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ठा कायम रहेको
   क. पर्सा जिल्ला, विरगंज न.पा. वडा नं. १४ स्थित कित्ता नं. २६४ को क्षेत्रफल ००७५२.७२ व.मि को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ख. पर्सा जिल्ला, विरगंज न.पा. वडा नं. १ स्थित कित्ता नं. ३ र १५ को क्षेत्रफल क्रमशः ००३९३.२ र ०२६२०.६० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. सजावल मियाको नाति, जालिम मिया मंसुरीको छोरा, नसीर अहमद मंसुरीको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. १६ स्थित कित्ता नं. ३०३ र ७७५ को क्षेत्रफल क्रमशः ६०.०० र २३६.२७ व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ऋणी बालकुमारी पेट्रोल पम्प सेन्टर प्रा.लि. को लागि मात्र धितो सुरक्षण**
बालकुमारी पेट्रोल पम्प सेन्टरको प्रा.लि.को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स/न.पा. वडा नं. १ ख स्थित कित्ता नं. ६१० को क्षेत्रफल ०-८-२-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**सवारी साधनको विवरण (वि.एम.सः मिल तथा फर्निचर उद्योगको लागि मात्र)**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| Mahendra Scorpio DCMHAWK 2WD | बा १५ च ८६५४ | २०१६ | HSG4G23477 | MA1TY2HSNG2G13852 |

**नोट :** यस बैंकको नाममा रहेको माथि उल्लेखित सवारी साधन हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

### धनगढी शाखा, कैलाली

**ऋणीको विवरण**

**१.** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १७०६३/०६९/७० अन्तर्गत मिति २०६९/०५/०५ मा दर्ता कायम भएको **करन दिपेश ट्रेडर्स**
फर्म दर्ता ठेगाना : घोडाघोडी न.पा. - १०, कैलाली
स्थायी लेखा नं. ६००२६२२९१, मिति २०६८/०४/२९
**प्रोप्राइटर : मनोज लुहार**
ना.प्र.नं. ६७१००६/४०२, जारी मिति २०६६/०८/२४, जि.प्र.का. कैलाली
बाबुको नाम : मणि लुहार
बाजेको नाम : खेम लुहार
स्थायी ठेगाना : रामशिखरझाला - १, कैलाली
**कर्जा शिर्षक : ओभरड्राफ्ट, फोर्स लोन तथा अल्पकालिन कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | | |
|---|---|---|
| **प्रेम बहादुर लुहार**<br>ना.प्र.नं. ६७१००६/११०८४<br>जारी मिति २०६६/०६/०७, जि.प्र.का. कैलाली<br>बाबुको नाम : मणि लुहार<br>बाजेको नाम : खेम लुहार<br>स्थायी ठेगाना : रामशिखरझाला - १, कैलाली | **श्रीमती सरु लोहार**<br>ना.प्र.नं. ३७२२७९<br>जारी मिति २०४५/०१/२४, जि.प्र.का. अछाम<br>पतिको नाम : मडे लोहार<br>ससुराको नाम : खैरे लुहार<br>स्थायी ठेगाना : देवीस्थान - ८, अछाम | **नरपता वि.क.**<br>ना.प्र.नं. ६७३००६/३०३, जारी मिति २०६३/१२/१५, जि.प्र.का. कैलाली<br>बाबुको नाम : खिम्मो लुहार<br>पतीको नाम : मनोज वि.क.<br>ससुराको नाम : मणि लुहार<br>स्थायी ठेगाना : रामशिखरझाला - १, कैलाली |

**धितोको विवरण**

**घरजग्गाको विवरण**

१. खैरे लुहारको बुहारी, मडे लोहारको पत्नी, श्रीमती सरु लोहारको नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, पहलमानपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. २५ र १६० को क्षेत्रफल क्रमशः १००.०० र १११.५० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. खेम लुहारको नाति, मणि लुहारको छोरा, मनोज लुहारको नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, पहलमानपुर गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. १८८ को क्षेत्रफल ३३८.६३ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| **२. मनोज लुहार**<br>ना.प्र.नं. ६७१००६/४०२ जारी मिति २०६६/०८/२४<br>जि.प्र.का. कैलाली<br>बाबुको नाम : मणि लुहार<br>बाजेको नाम : खेम लुहार<br>स्थायी ठेगाना : रामशिखरझाला - १, कैलाली<br>**कर्जा शिर्षक : सवारी साधन कर्जा** | **नरपता वि.क.**<br>ना.प्र.नं. ६७३००६/३०३<br>जारी मिति २०६३/१२/१५, जि.प्र.का. कैलाली<br>बाबुको नाम : खिम्मो लुहार<br>पतीको नाम : मनोज वि.क.<br>ससुराको नाम : मणि लुहार<br>स्थायी ठेगाना : रामशिखरझाला - १, कैलाली | **श्रीमती सरु लोहार**<br>ना.प्र.नं. ३७२२७९<br>जारी मिति २०४५/०१/२४, जि.प्र.का. अछाम<br>पतिको नाम : मडे लोहार<br>ससुराको नाम : खैरे लुहार<br>स्थायी ठेगाना : देवीस्थान - ८, अछाम |

**धितोको विवरण**

**सवारी साधनको विवरण**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| SONALIKA TRACTOR DI 60 RX | SE 1 TA 9565 | 2016 | KZDDF591074S3 | 4100FL63I585968F9 |

**नोट :** यस बैंकको नाममा रहेको माथि उल्लेखित सवारी साधन हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्र साथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणवाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० पौष ०८ गते (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति : २०८० पौष ११ गते**
**समय : दिउँसो ३ बजे**
**स्थान : सम्बन्धित शाखा कार्यालयमा**

**Global IME Bank**
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

---

## माउन्टेन हाइड्रो नेपाल लि.

काठमाडौं-१३, ताहाचल
फोन नं. ०१५९०३४४२, E-mail : mountainhydronepal@gmail.com

## आठौं वार्षिक साधारणसभा सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०२**

यस कम्पनीको मिति २०८०/०९/०१ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**बार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति** : २०८०/०९/२३ गते सोमबार
**स्थान** : कालिमाटि व्याङ्क्युट (कालिमाटी सीता पेट्रोल पम्प सँगै)
**समय** : बिहान १०:०० बजे।

**छलफलका विषयहरु:**

१) अध्यक्षज्युबाट आ.व.२०७९।८० को कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने।
२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व.२०७९।८० को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरु) माथि छलफल र स्वीकृत गर्ने।
३) कम्पनीको आ.व. २०८०।८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने।
४) विविध।

**विषेश प्रस्तावहरु:**

१) यस कम्पनीले अरु कुनै जलविद्युत आयोजनालाई प्राप्ति गर्ने तथा एक आपसमा गाभ्ने सम्बन्धमा।
२) कम्पनीको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा।
३) संचालकको भत्ता तथा अन्य सुविधा सम्बन्धमा।

## बार्षिक साधारणसभा सम्बन्धि जानकारीहरु

१) आठौं वार्षिक साधारणसभा प्रयोजनको लागि कम्पनीको मिति २०८० पुस १३ गते देखि २०८० साल पुस २३ गते सम्म शेयरको दर्ता किताव दाखिल खारेज बन्द रहनेछ। किताव बन्द भएको अघिल्लो दिन अर्थात मिति २०८०/०९/१२ गते सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई कायम रहनुभएका शेयरधनिहरुले सभामा भाग लिन सक्नुहुनेछ।
२) आठौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्ती गरि कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ। तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वतः बदर हुनेछ।
३) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भ

# संघीय दरबन्दी पुनरावलोकनको काम सुस्त

## तोकिएको अवधिमा महिला मन्त्रालयको मात्र ओएन्डएम स्वीकृत, अधिकांशको काम प्रारम्भिक चरणमै

**मन्त्रालयहरूले कार्यबोझ, कार्यक्षेत्र र कार्यप्रकृतिको विश्लेषणमा समय लगाएको देखिन्छ**



● रूपनारायण खतिवडा
उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

बजेटको घोषणाबमोजिम ३१ असारमै सबै संघीय मन्त्रालय र निकायलाई परिपत्र गरेका हौं । तोकिएको मंसिरसम्मको अवधिभित्र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको ओएन्डएम मात्र मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । मन्त्रालयहरूले कार्यबोझ, कार्यक्षेत्र र कार्यप्रकृतिको विश्लेषणमा समय लगाएको देखिन्छ । यद्यपि, यो समय लाग्ने काम नै हो । समयमै हुन नसके पनि कार्यारम्भ भएको हिसाबमा यो सन्तोषजनक नै हो ।




सुवास भट्ट/नयाँ पत्रिका

संघीय संरचना र दरबन्दी पुनरावलोकन गर्ने बजेटको घोषणा कार्यान्वयन सुस्त देखिएको छ । बजेटले गत मंसिरसम्ममा संघीय मन्त्रालय तथा निकायहरूलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) गर्न भनेकामा तोकिएको अवधिमा एउटा मन्त्रालयको ओएन्डएम मात्र मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । केहीले अन्तिम चरणमा पुऱ्याए पनि अधिकांश निकाय तथा मन्त्रालयको काम प्रारम्भिक चरणमै छ ।

गत १५ जेठमा सरकारले ल्याएको चालू आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यमा सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने र यसका लागि सम्बन्धित मन्त्रालय र निकायले मंसिरभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्नुपर्ने उल्लेख छ । बजेटको व्यवस्थाअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३१ असारमै सबै संघीय मन्त्रालय र निकायलाई परिपत्र गरेको थियो । तर, कतिपय मन्त्रालयले भर्खर मात्र प्रारम्भिक कार्य गरिरहेका छन् । 'तोकिएको अवधिभित्र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको ओएन्डएम मात्र मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ,' मन्त्रालयको संगठन विकास शाखाका उपसचिव रूपनारायण खतिवडाले भने । अधिकांश मन्त्रालय तथा निकायहरूले काम गरिरहेको उनले बताए ।

### ■ किन भयो ढिलाइ ?

सरकारले दरबन्दी पुनरावलोकनको घोषणा चालू आव सुरु हुनु डेढ महिनाअघि नै बजेटबाट गरेको हो । घोषणापछि सामान्य प्रशासन मन्त्रालयले परिपत्रै पनि गरेको थियो । ओएन्डएमको काममा समय लाग्ने नै भए पनि मन्त्रालय र निकायहरूले काममा ढिलासुस्ती गरेको देखिन्छ । अधिकांश मन्त्रालय र निकायले ओएन्डएम समिति गठन गर्नमै ढिलाइ गरेका देखिएको छ । कतिपय मन्त्रालयमा त भर्खर समिति गठन गरिरहेका देखिन्छ भने कतिपयले प्रारम्भिक काम गरिरहेका छन् । केहीले सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि बोलाइरहेका छन् ।

मन्त्रालयका उपसचिव खतिवडा भने तोकिएको समयमा सम्पन्न नभए पनि कार्यारम्भ भएको हिसाबमा यो सन्तोषजनक भएको बताउँछन् । 'यो एक-दुईवटा बैठकबाट सहजै टुंगिने विषय होइन,' उनले भने । निजामती सेवा ऐनमा कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति र वित्तीय पक्षसमेतका आधारमा विश्लेषण गरी ओएन्डएम गर्नुपर्ने व्यवस्था छ । कानुनी व्यवस्थाअनुसार कार्यबोझ विश्लेषणमा सबैभन्दा बढी समय लागेको मन्त्रालय बताउँछ । उदाहरणका लागि गृह मन्त्रालयअन्तर्गतका जिल्ला प्रशासन कार्यालय, महालेखानियन्त्रक कार्यालयअन्तर्गतका कोष तथा लेखानियन्त्रक कार्यालय, हुलाकलगायतको कार्यबोझ यकिन गर्न कठिन छ । ओएन्डएमको प्रक्रिया आरम्भ भए पनि यसैले बढी समय लिएको मन्त्रालय बताउँछ । मन्त्रालयहरूमा सहसचिवहरूको सरुवाले पनि ओएन्डएमको कार्यमा अवरोध पुऱ्याएको छ । ओएन्डएम समितिको संयोजक सहसचिव रहने व्यवस्था छ ।

संविधानको अधिकारसूची, कार्य विस्तृतीकरण प्रतिवेदन र नेपाल सरकारको कार्यविभाजन नियमावलीका आधारमा संघीय मन्त्रालय र निकायहरूको कार्यक्षेत्रको किटान र कार्यप्रकृतिको विश्लेषणका लागि पनि उत्तिकै समय लागेको मन्त्रालयको भनाइ छ । 'संघीयता कार्यान्वयनपछि पहिलोपटक यसरी दरबन्दी निर्धारण गर्ने नीति सरकारले लिएकाले त्यसका लागि समय लागेको हो,' उपसचिव खतिवडाले भने । मन्त्रालयका अनुसार हालसम्म सम्पन्न भएका र हुने क्रममा रहेका निकायमा दरबन्दीको आधार घट्ने देखिन्छ ।

### यस्तो छ मन्त्रालय र निकायहरूको ओएन्डएमको स्थिति

■ **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले प्रतिवेदन तयार गरी कार्यालयमा पेस गरेको ।

■ **अर्थ मन्त्रालय**
- अर्थ मन्त्रालयमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भई कार्य आरम्भ भएको ।
- अर्थ मन्त्रालयअन्तर्गत रहेका सबै विभागस्तरीय निकायमा उपसमिति गठन भई समितिमा प्रतिवेदन पेस भएको ।

■ **सञ्चार, सूचना तथा प्रविधि मन्त्रालय**
- राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई सूचना प्रविधि विभागमा गाभ्ने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मन्त्रालयमा बुझाइएको ।
- हुलाक सेवा विभाग र मुद्रण विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई प्रतिवेदनको कार्य अन्तिम चरणमा रहेको ।
- नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० मा नयाँ पद, नाम थप गर्ने कार्यका लागि सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयबाट पत्र प्राप्त भई प्रक्रिया अगाडि बढेको ।

■ **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २१ मंसिरमा स्वीकृत भएको ।

■ **उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य अन्तिम चरणमा रहेको रहेको ।
- अन्य विभागको हकमा प्रारम्भिक छलफल भएको ।

■ **गृह मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको ।

■ **परराष्ट्र मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रारम्भिक छलफल सुरु भएको ।

■ **वन तथा वातावरण मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **कृषि तथा पशु विकास मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **खानेपानी मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **युवा तथा खेलकुद मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको ।

■ **ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको ।

■ **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यका लागि प्रारम्भिक छलफल भएको ।

■ **रक्षा मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **जल तथा ऊर्जा आयोगको सचिवालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यका लागि प्रारम्भिक छलफल भएको ।

■ **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भई प्रारम्भिक छलफलका आधारमा प्रतिवेदन लेखनको कार्य अगाडि बढेको ।

■ **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भई कार्यबोझ विश्लेषणका आधारमा लागि विभागस्तरमा कार्य भइरहेको ।

■ **सार्वजनिक खरिद अनुगमन कार्यालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको ।

■ **संघीय संसद् सचिवालय**
- संगठन तथा व्यवस्थापन समितिको बैठक बसी निरन्तर आफ्नो कार्य भइरहेको, प्रारम्भिक प्रतिवेदन तयार भई सुझाव र पृष्ठपोषण दिइएको ।

■ **राष्ट्रिय योजना आयोगको सचिवालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

■ **निर्वाचन आयोग**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रारम्भिक छलफल सुरु भएको ।

■ **राष्ट्रिय समावेशी आयोग**
- संगठन तथा व्यवस्थापन समितिको बैठक बसी कार्य आरम्भ भएको ।

■ **अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
- संगठन तथा व्यवस्थापन समितिको बैठक बसी प्रारम्भिक छलफल भएको ।

■ **राष्ट्रपतिको कार्यालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अन्तिम चरणमा पुगेको ।

■ **राष्ट्रिय तथ्यांक कार्यालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भई कार्यालयमा प्रतिवेदन पेस भएको ।

■ **महालेखानियन्त्रकको कार्यालय**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भई कोष तथा लेखानियन्त्रक कार्यालयहरूको कार्यबोझ विश्लेषणका आधारमा उपसमिति गठन भई क्रियाशील रहेको ।

■ **राष्ट्रिय अनुसन्धान विभाग**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भई उपसमितिद्वारा कार्य भइरहेको ।

■ **राष्ट्रिय दलित आयोग**
- संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रतिनिधि तोकी पठाइएको, प्रारम्भिक छलफल भएको ।

# उच्च र सर्वोच्चको क्षेत्राधिकारबारे संसदीय समितिमा प्रश्नोत्तर

## मुद्दाको चाप घटाउन संविधान र कानुनी रूपमै परिवर्तन आवश्यक रहेको प्रस्तावित न्यायाधीशद्वय पौडेल र ढुंगानाको धारणा

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतमा मुद्दाको भार बढ्दै गएको सन्दर्भमा अधिकार क्षेत्रबारे बहस सुरु भएको छ । आइतबार संसदीय सुनुवाइ समितिमा उपस्थित दुवै न्यायाधीश र समिति सदस्यहरूबीच प्रश्नोत्तरको मुख्य विषय उच्च अदालत र सर्वोच्चको क्षेत्राधिकारको पुनरावलोकन पनि थियो ।

सर्वोच्चका लागि न्यायपरिषद्ले सिफारिस गरेका महेश शर्मा पौडेल र टेकप्रसाद ढुंगानाको सुनुवाइका क्रममा सांसदहरूले सर्वोच्चमा मुद्दाको चाप कसरी कम गर्ने विषयमा जिज्ञासा राखेका थिए । न्यायाधीशहरू पौडेल र ढुंगानाले कार्यपत्र प्रस्तुत गर्दा नै चाप घटाउने विषयमा आफ्नो धारणा तथा योजना राखे पनि सुनुवाइ समितिका सदस्यले यो विषय दुवै न्यायाधीशसामु राखेका थिए ।

न्यायाधीश पौडेलले आफ्नो कार्ययोजनामा भनेका छन्, 'उच्च अदालतलाई प्रदेश र स्थानीय कानुन संविधानसँग बाझिएमा बदर गर्ने क्षेत्राधिकार नरहेको जस्ता कारणले सर्वोच्च अदालतमा कार्यबोझ रहेको अवस्था छ ।' यही कुरा अर्का न्यायाधीश ढुंगानाले पनि समस्याका रूपमा औंल्याएका छन् । उनले अदालतको क्षेत्राधिकार पुनरावलोकनको छुट्टै बुँदा नै राखेका छन् । सुनुवाइका क्रममा उनीहरू दुवैले सर्वोच्चमा मुद्दाको चाप घटाउन क्षेत्राधिकार पुनरावलोकन गरिनुपर्ने बताए ।

जिल्ला र उच्च अदालतमा मुद्दा फर्स्योट दर सन्तोषजनक नै रहेको, तर सर्वोच्चमा मात्र मुद्दा थुप्रिनुका पछाडि धेरै कारण रहेको न्यायाधीश पौडेलको भनाइ थियो । 'जिल्ला र उच्चमा मुद्दा फर्स्योट स्पिडी नै छ, तर सर्वोच्चमा धेरै छ । त्यहाँ स-साना मुद्दा पनि पुग्नुपर्ने हो त ?' सुनुवाइ समितिसामु उनले भने, 'क्षेत्राधिकारको रिभ्यु हुनुपर्छ । अहिले तीन तहका विधायिका छन् । यी तीनबीचको विवाद पनि सर्वोच्च पुग्छ । यसको ज्युरिस्डिक्सन हाई कोर्टलाई दिनुपर्छ । संविधान परिमार्जन हुनुपर्छ ।' उनले दोहोऱ्याइपाऊँ भनी सर्वोच्च आउने केही निवेदनलाई उच्चमै तीन सदस्यीय पूर्ण इजलास गठन गरी टुंग्याउन सकिने विकल्प पेस गरे । यद्यपि, मुद्दाको चाप घटाउन संविधान र कानुनी रूपमै परिवर्तन आवश्यक रहेको उनको भनाइ थियो । सबै विषय रिटका माध्यमबाट सर्वोच्च पुग्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने धारणा उनले राखे ।

प्रस्तावित न्यायाधीश पौडेलले म्याद तामेलीको कार्यविधिलाई छोट्याउनुपर्ने धारणा राखे । उनले यो विषय कार्ययोजनामा पनि समावेश गरेका थिए । न्यायमा विलम्बलाई न्यून गर्न 'म्याद तामेली प्रणालीको वर्तमान पद्धतिमा सुधार गरी वैकल्पिक पद्धतिको सम्भाव्यता अध्ययन गरी लागू गर्ने' उनको भनाइ थियो । कार्ययोजनामा उनले संविधान परिमार्जन हुनुपर्ने भन्दै कारण दिएका छन्, 'सबै किसिमका मुद्दा सर्वोच्च अदालतमा पुग्ने कुरा उपयुक्त पनि हुँदैन । प्रदेश र स्थानीय कानुन संविधानसँग बाझिएको हदमा बदर गर्न उच्च अदालतलाई क्षेत्राधिकार दिने, दोहोऱ्याई पाउन दिने निवेदनहरू हेर्न सम्बन्धित उच्च अदालतमा नै पूर्ण इजलासको व्यवस्था गर्ने र सबै मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार क्षेत्र जिल्ला अदालतलाई प्रदान गर्ने गरी सर्वोच्च अदालतमा कार्यबोझ न्यूनीकरण गर्न सकिन्छ ।'

पौडेलको कार्ययोजनाको सबै सदस्यले प्रशंसा गरेका थिए । यद्यपि, कार्यान्वयन हुनुपर्ने र व्यवहारमा उतार्नु चुनौतीपूर्ण रहेको उनीहरूको भनाइ थियो । समिति सदस्य डोलप्रसाद अर्यालले भने, 'आफूले आफ्नो कार्ययोजना अडिट गर्ने प्रयास गर्नुहोला । आफ्नो मूल्यांकन गर्नुहोला ।'

राजस्व न्यायाधिकरणका अध्यक्षसमेत रहेका टेकप्रसाद ढुंगानाका विषयमा भने तीनवटा उजुरी परेका थिए । ती कानुनी विषय रहेको भन्दै सम्बद्ध ऐनको दफामै टेकेर उनले जवाफ दिए । सहकर्मीबाटै उजुरी आएको विषयमा उनले थपे, 'उहाँ लेखाको कर्मचारी हो । इजलासको (राजस्व न्यायाधिकरण) विज्ञ सदस्य भनेर राखिएको हो । मैले न्यायपूर्ण काम गरौं भनेकै हो, न्यायिक मूल्य-मान्यतामा एजुकेट गरेको हो ।'

समिति सदस्य ईश्वरी घर्तीले संविधानसभामा संसद् सचिवालयको कानुनी सल्लाहकार रहँदा किन संविधान निर्माणकै बखत क्षेत्राधिकार बढाउने सल्लाह नदिएको भनी प्रश्न गरेकी थिइन् । जवाफमा ढुंगानाले यस विषयमा छलफल भएको र प्रारम्भिक मस्यौदामा स्थानीय र प्रदेशबीचको अधिकार क्षेत्रको विवाद उच्चले समाधान गर्ने व्यवस्था रहेको बताए ।



● महेश शर्मा पौडेल, सर्वोच्चमा प्रस्तावित न्यायाधीश

जिल्ला र उच्चमा मुद्दा फर्स्योट स्पिडी नै छ, तर सर्वोच्चमा धेरै छ । त्यहाँ स-साना मुद्दा पनि पुग्नुपर्ने हो त ? क्षेत्राधिकारको रिभ्यु हुनुपर्छ । अहिले तीन तहका विधायिका छन् । यी तीनबीचको विवाद पनि सर्वोच्च पुग्छ । यसको ज्युरिस्डिक्सन हाई कोर्टलाई दिनुपर्छ । संविधान परिमार्जन हुनुपर्छ ।

**पूर्णपाठमा ढिलाइबारे सांसदको चासो**

समिति सदस्यहरू महेश बर्तौला, दीपक अधिकारी, डोलप्रसाद अर्याल, ईश्वरी घर्तीलगायतले सर्वोच्चबाट न्याय पाउन हुने ढिलाइका विषयमा प्रस्तावित न्यायाधीशसँग प्रश्न गरेका थिए । सांसद प्रकाश अधिकारीले पौडेललाई सोधे, 'मान्छेहरू मुद्दा लड्दा-लड्दा थकित भइसकेका हुन्छन् । पूर्णपाठ पर्खिन महिनौं लाग्छ, ६ महिना एक वर्ष पर्खिनुपर्छ । अपिल गर्न कति समयसम्म पर्खिने ? यो प्रक्रिया चाँडो होस् ।'

प्रस्तावित न्यायाधीश पौडेलले फैसला लेखनको ढाँचामा परिमार्जनको आवश्यकता औंल्याए । 'न्यायाधीश संख्या बढाउनुपर्ने जस्तो लाग्दैन, तर न्याय सेवामा जनशक्ति बढाउनुपर्नेछ,' उनले भने ।

# ट्र्याक्टर दुर्घटनामा चारको मृत्यु

**बाजुरा**/ मार्तडी-घटमुना सडकखण्डअन्तर्गत पर्ने बडीमालिका नगरपालिका- २ खडीगाडमा सवारी दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ । सुदूरपश्चिम प्रदेश सरकारको गौरव सडकका रूपमा रहेको मार्तडी-घटमुनामा आइतबार ट्र्याक्टर दुर्घटना हुँदा बडीमालिका नगरपालिका- २ बस्ने ३८ वर्षका देवराज जोशी, ३३ वर्षीया करिश्मा रोकाया, ३५ वर्षीय चन्द्र दानी र गौमुल गाउँपालिका- ६ बस्ने ३० वर्षीय ट्र्याक्टरचालक हिक्मत रोकायाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी नायब उपरीक्षक कवीन्द्रसिंह बोहराले बताए ।

मार्तडीबाट गौमुल गाउँपालिकाको घटमुना जाँदै गरेको लु.४त ७३०५ नम्बरको ट्र्याक्टर र सुपप्र ०१००२ त ४१०५ नम्बरको ट्र्याक्टरचालकबीच अगाडि जाने प्रतिस्पर्धामा दुर्घटना भएको प्रहरीले जनाएको छ । लु.४त ७३०५ नम्बरको ट्र्याक्टर सडकको माथिपट्टि दुर्घटना भएको र सुपप्र ०१००२ त ४१०५ खडीगाड खोलामा खसेको प्रहरी नायब उपरीक्षक बोहराले बताए । लु.४त ७३०५ नम्बरको ट्र्याक्टर दुर्घटना भए पनि कुनै मानवीय क्षति नभएको र सुपप्र ०१००२ त ४१०५ नम्बरको ट्र्याक्टरचालकसहित चारजनाको मृत्यु भएको उनको भनाइ छ । लु.४त ७३०५ नम्बरको ट्र्याक्टरचालक फरार रहेको प्रहरीले जनाएको छ ।

## टिपरको ठक्करबाट मृतकका परिवारलाई ६-६ लाख दिने सहमति

**दाङ**/ टिपरले मोटरसाइकललाई ठक्कर दिँदा मृत्यु भएका प्युठानका दुई किशोरका परिवारलाई जनही ६ लाख दिने सहमति भएको छ । आइतबार जिल्ला प्रशासन कार्यालय दाङमा पीडित पक्ष र ट्रक समितिबीच भएको छलफलमा क्षतिपूर्ति रकम दिने सहमति भएपछि पीडितले गरेको आन्दोलनसमेत फिर्ता भएको छ ।

तुलसीपुरबाट घोराही जाँदै गरेको रा.१क १३०७ नम्बरको टिपरले रा.२प ५५८९ नम्बरको मोटरसाइकललाई घोराही उपमहानगरपालिका-१० भ्रारबैरा चोकमा शुक्रबार राति १०:२० बजे ठक्कर दिँदा झिमरुक गाउँपालिका- ४ बाँगेका १७ वर्षीय विशाल जिसी र नौबहिनी गाउँपालिका- ६ लुडका १८ वर्षीय सागर केसीको उपचारका क्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा मृत्यु भएको थियो ।

दुवै पक्षबीच पीडितलाई क्षतिपूर्ति दिने, नयाँ मोटरसाइकल उपलब्ध गराउने र शवलाई प्युठानस्थित घरसम्म पुऱ्याईदिने सहमति भएको झिमरुक गाउँपालिकाका उपाध्यक्ष प्रमोद पोखरेलले बताए । पीडितले आइतबार दाङमा प्रहरी प्रशासन र ट्रकधनीले छलफलको समेत बेवास्ता गरेपछि बिहानैदेखि सडक बन्द गरेका थिए । उनीहरूले एक घन्टा घोराहीमा सडक चक्काजाम गरेका थिए । सोही क्रममा प्रहरीले झिमरुक गाउँपालिकाका उपाध्यक्ष पोखरेलसहितलाई केही समय नियन्त्रणमा लिएर छलफल गराएको थियो ।

## मलेसियामा सहकर्मीको हत्या, काठमाडौंमा पक्राउ

**काठमाडौं**/ मलेसियामा सहकर्मी नेपालीको हत्या गरेर भागेका एक युवक काठमाडौंमा पक्राउ परेका छन् । महोत्तरी गौशालाका अनिलकुमार साहलाई प्रहरीले शनिबार पक्राउ गरेको हो । उनले गत २५ मंसिरमा सहकर्मी झापा शिवसताक्षीका धनबहादुर प्रधानको हत्या गरेका थिए । आफूलाई गाली गरेको रिसमा धारिलो हतियार प्रयोग गरी उनले हत्या गरेका थिए । हत्यापछि नेपाल आउँदै गर्दा उनलाई विमानस्थलबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ । हुलिया बदलेर उनी नेपाल आएका थिए । मलेसियास्थित नेपाली दूतावास तथा इन्टरपोलसँगको सहकार्यमा उनलाई पक्राउ गरिएको काठमाडौं परिसरका एसपी कुमोध ढुंगेलले बताए ।

मुलुकी अपराध संहितामा रहेको बहिरक्षेत्रीय अधिकारसम्बन्धी प्रावधानअनुसार उनीविरुद्ध नेपालमै कर्तव्य ज्यान मुद्दामा अनुसन्धान र अभियोजन हुने काठमाडौं प्रहरीले जनाएको छ । निश्चित मुद्दामा अपराध विदेशमा भए पनि स्वदेशमा अनुसन्धान र अभियोजन गर्न सकिने प्रावधान छ । मृतककी श्रीमतीले साहविरुद्ध काठमाडौं प्रहरीमा जाहेरी दिएकी छिन् । मलेसियन प्रहरी र मलेसियास्थित नेपाली दूतावाससँग सहकार्य गरी प्रहरीले सो घटनाको अनुसन्धान गर्न लागेको हो ।

# महोत्सवमा दर्शक आकर्षित गर्दै थारू गाउँ

धनगढीमा तेजराज भट्ट

खरको छानो, माटोले लिपपोत गरेर चिटिक्क पारिएको सानो घर । घरभित्र आदिवासी थारू समुदायको संस्कृति, रहनसहन झल्काउने वस्तुहरू । धनगढीमा जारी सुदूरपश्चिम महोत्सवस्थलभित्र प्रदर्शनीमा राखिएका थारू समुदायको मौलिक पहिचान झल्काउने संस्कृति दर्शक आकर्षित गर्ने प्रमुख माध्यम बनेको छ ।

थारू समुदायको खानपान, सहनसहन, संस्कृतिबारे जानकारी दिन महोत्सवमा थारू गाउँ संग्रहालय प्रदर्शनीमा राखिएको छ । नमुनाका रूपमा बनाइएको थारू संग्रहालयमा थारू जातिको पहिरन, विवाहमा बेहुला बोक्ने चन्डोला, बेहुली बोक्ने डोली, गोरुगाढा, माछा मार्ने हेल्का, जाल, जाँड राख्ने टुमरा, महिलाले लगाउने परम्परागत पोसाक लेहेंगा, चोलिया, पुरुषले लगाउने धोती, पगरी, अन्नबालीको रेखदेख गर्ने अटुवालगायत सामग्री राखिएका छन् ।

महोत्सवस्थलभित्र छुट्टै बनाइएको थारू गाउँमा थारू समुदायका परम्परागत खानाका परिकार पनि राखिएका छन् । थारू जातिको पहिचान झल्कने मौलिक संस्कृतिको अवलोकनसँगै परम्परागत परिकारको स्वाद लिन सकिने व्यवस्था गरिएको छ । दैनिक दुई हजारसम्म अवलोकनकर्ता संग्रहालयमा थारूको मौलिक संस्कृति अवलोकनका लागि आउने गरेका थारू गाउँ प्रदर्शनीका संयोजक हेमन्त चौधरीले बताए । यो प्रदर्शनीले थारू जातिको कला, संस्कृतिको संरक्षण र संवर्द्धनमा टेवा पुगेको उनको भनाइ छ । 'हाम्रो समुदायका कतिपय संस्कार संस्कृति लोप हुँदै गएका छन् । त्यस्ता चिजबारे नयाँ पुस्तालाई जानकारी दिन खोजिएको हो,' उनले भने,




'अन्य समुदायका व्यक्तिले पनि थारू समुदायको कला, संस्कृति बुझ्न पाएका छन् । यसले हाम्रो संस्कृतिको जगेर्नामा टेवा पुग्छ ।'

अवलोकनकर्ताले लेहेंगा, चोलिया, धोतीलगायत परम्परागत थारू पहिरन लगाएर फोटो खिच्ने व्यवस्थासमेत गरिएको छ । त्यस्तै, मञ्चमा थारू गीत, नृत्य आदि सांस्कृतिक तथा मनोरञ्जनात्मक प्रस्तुति पनि हुने गरेका छन् । दर्शकले प्रदर्शनीस्थलको थारू गाउँमा ढिक्रीलगायत परम्परागत खानाका परिकारको स्वाद लिन सक्छन् । घोंगी, ढिक्री, सिद्रा माछा, बंगुरको मासुलगायत परिकारका व्यावसायिक स्टल राखिएका छन् । थारू समुदायका खानाका परिकारको राम्रो कारोबार भइरहेको महोत्सवको थारू प्रदर्शनी गाउँमा होटेलको स्टल सञ्चालन गरिरहेका धनीराम चौधरीले बताए । दैनिक २० देखि २५ हजार रुपैयाँसम्मको कारोबार भइरहेको उनको भनाइ छ । थारू संस्कृति प्रदर्शन भइरहेको थारू गाउँ महोत्सवको आकर्षणको केन्द्र बनेको महोत्सव आयोजक कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरले बताए । थारू संस्कृतिको जगेर्नासँगै दर्शक आकर्षित गर्न महोत्सवमा थारू गाउँ राखिएको उनले बताए ।

### ■ सुदूरपश्चिमका मुद्दा उठाउने माध्यम बन्यो महोत्सव

१७ वर्षदेखि धनगढीमा हुँदै आएको सुदूरपश्चिम महोत्सव व्यवसायी कारोबार गर्ने तथा सुदूरपश्चिमको कला, संस्कृति प्रदर्शन गर्ने थलो मात्र नभई यहाँको विकासका मुद्दा उठाउने माध्यम पनि बनेको छ । यसपालि महोत्सव उद्घाटनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बोलाएर आयोजकले सुदूरपश्चिमको विकाससँग सम्बन्धित १० बुँदे मागपत्र बुझाएको थियो ।

पहिलो महोत्सवमा २१ किलोको मालासहित २१ बुँदे माग राखेर राज्यको ध्यानाकर्षण गराएकोमा हालसम्म ११ वटा माग पूरा भएका संघका अध्यक्ष कुँवरले बताए । 'महोत्सवको उद्घाटनमा सरकार प्रमुख र विशिष्ट व्यक्तिलाई बोलाएर सुदूरपश्चिमको विकासमा ध्यानाकर्षण गराउँदै आएका छौं,' उनले भने, 'यहाँको कला, संस्कृतिको संवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण र पर्यटनलगायत सम्भावनाको उजागर गर्न महोत्सवले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।' महोत्सव सुदूरपश्चिमका सम्भावनाको उजागरसँगै यहाँको विकासका लागि राज्यलाई दबाब दिने माध्यम बनेको प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री प्रकाश देउवाले बताए । 'कृषि, उद्योग, पर्यटनमा अथाह सम्भावना बोकेको प्रदेश हो,' महोत्सव उद्घाटनमा उनले भने, 'अब यी सम्भावना साकार पार्नुपर्छ ।'

# राम-सीताको विवाह सम्पन्न

जनकपुरधाममा **हृदिश खुद्दार**

विवाहपञ्चमीअन्तर्गत आइतबार मध्यरात जानकी मन्दिरमा धुमधामसँग राम र सीताको विवाह समारोह सम्पन्न भएको छ। प्राचीन मिथिलाको राजधानी जनकपुरधामस्थित जानकी मन्दिर प्रांगणमा मध्यरात मिथिलाको रीतिरिवाजअनुसार भगवान् राम र सीताबीच वैवाहिक कार्यक्रम सम्पन्न भएको जानकी मन्दिरका छोटा महन्थ रोशन दासले जानकारी दिए।

त्यसअघि आइतबार दिउँसो धुमधामसँग स्वयंवर सम्पन्न भएको थियो। स्थानीय रंगभूमि मैदान वारह बिगाहमा स्वयंवर सम्पन्न भएको हो। स्थानीय राम मन्दिरबाट भागवान् रामको डोला बाजागाजासहित वारह बिगाह पुगेको थियो। उक्त डोलाको नेतृत्वका राम मन्दिरमा महन्थ राम गिरीले गरेका थिए। त्यसपछि जानकी मन्दिरका छोटा महन्थ रोशन दास सीताजीको डोलासहित वारह बिगाह पुगेका थिए। त्यहाँ दुवै डोला एकअर्काबीच मिलान र माला साटासाट गरी स्वयंवर गरिएको थियो।

स्वयंवरपश्चात् जनकपुरधाममा शोभायात्रा निकालिएको छ। शोभायात्रामा विवाह पञ्चमीमा सहभागी भएका नेपाल र भारतका हजारौं श्रद्धालु भक्तजन सहभागी थिए। शनिबार मटकोर कार्यक्रम सम्पन्न भएको थियो। मिथिलाको वैवाहिक परम्परालाई जीवित राख्दै प्रत्येक वर्ष मंसिर शुक्ल पञ्चमीका दिन यो विवाह महोत्सव मनाउने गरिएको छ। विवाह पञ्चमीलाई नेपाल-भारतबीचको आदिकालीन सांस्कृतिक सम्बन्धका रूपमा पनि लिइनछ। त्रेतायुगमै भारत अयोध्याका दशरथका छोरा पुरुषोत्तम राम र राजा जनककी छोरी सीताबीच वैवाहिक सम्बन्ध कायम भएको थियो। राजर्षि जनक, जानकी, यज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनि मार्ग पञ्चमी तिथिमा रामजानकी विवाह पञ्चमी महोत्सवको आयोजना हुने गरेको छ।



जनकपुरधाममा आइतबार भएको राम-सीता विवाहअन्तर्गतको स्वयंवर समारोह। तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

■ सिम्रौनगढ घटना प्रकरण

## सहमतिपछि मृतकको अन्त्येष्टि

वीरगन्जमा **तिवारी यादव**

सिम्रौनगढ नगरपालिकामा शिक्षक र कर्मचारीको आन्दोलनमा भएको झडपमा प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका युवकको चार दिनपछि अन्त्येष्टि गरिएको छ। शनिबार राति जिल्ला प्रशासन कार्यालय बारामा मृतकका परिवारजन र प्रशासनबीच सहमति भएपछि आइतबार अन्त्येष्टि गरिएको हो।

गत बुधबार प्रहरीको गोली लागेर सिम्रौनगढ- १ ननसगराढाट गाउँका २५ वर्षीय लक्ष्मी मुखिया बिनको ज्यान गएको थियो। त्यसयता मृतकका परिवारजन र स्थानीयले दोषीलाई कारबाही, मृतकको परिवारलाई क्षतिपूर्तिलगायत माग राखी प्रदर्शन गर्दै आएका थिए।

शनिबार बेलुकी प्रमुख जिल्ला अधिकारी अधिकारी नवराज सापकोटाको अध्यक्षता र प्रतिनिधिसभा सदस्य अच्युतप्रसाद मैनालीको उपस्थितिमा स्थानीय नगरवासी, मृतकका आफन्त, पूर्वजनप्रतिनिधिसहितको बैठकले सहमति जुटाएको हो। बैठकमा मृतकको परिवारलाई नियामनुसार राहत तथा क्षतिपूर्ति प्रदान गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने, मृतकका परिवारलाई राहत तथा रोजगारीको व्यवस्था गर्न सिम्रौनगढ नगरपालिकालाई अनुरोध गर्ने निर्णय भएको छ।

यस्तै, घटनामा संलग्न घाइतेको तत्काल उपचारमा लागेको खर्च एवं पछि शारीरिक अवस्था हेरी क्षतिपूर्ति दिनुपर्ने अवस्था रहेमा उचित क्षतिपूर्तिका लागि सिम्रौनगढ नगरपालिकालाई सिफारिस गर्ने निर्णय भएको छ। यस्तै, सिम्रौनगढ नगरपालिकाअन्तर्गत वडा नम्बर ८ मा कार्यरत प्राबि शिक्षक नरेन्द्र पराजुलीलाई उचित क्षतिपूर्ति दिन सिम्रौनगढ नगरपालिकालाई अनुरोध गर्ने सहमति भएको छ।

यसैगरी, सिम्रौनगढ नगरपालिकाभित्र गत २७ मंसिरमा भएको घटनाको सम्बन्धमा प्राप्त भएको हुन आएको ज्ञापनपत्रको बुँदा नम्बर २, ४ र ५ को सम्बन्धमा विस्तृत रूपमा अनुसन्धान गरी दोषीउपर कारबाहीका लागि सिफारिस गर्न तीन सदस्यीय छानबिन समिति गठन गरिएको छ।

## किराँतीसहित पाँच धरौटीमा रिहा

**खोटाङ**/ एमालेको समृद्धि अभियान चलिरहेका वेला मध्यपहाडी लोकमार्गअन्तर्गतका सडक अवरुद्ध गर्ने क्रममा पक्राउ परेका पूर्वमन्त्री गोपाल किराँतीसहित पाँच पहिचावादी युवा धरौटीमा रिहा भएका छन्। पूर्वपर्यटनमन्त्री किराँती, जसपा खोटाङका सचिवालय सदस्य राजेश राई, गन्धमान राई, आदिवासी जनजाति महासंघ खोटाङका सचिव उदिम चाम्लिङ, वाइसिएलका हलेसी तुवाचुङ नगर समिति इन्चार्ज विजय राई रिहा भएका हुन्।

एमालेको 'झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा'लाई लक्षित गर्दै मध्यपहाडी सडक अवरुद्ध गराउने क्रममा गत २६ मंसिरमा उनीहरू पक्राउ परेका थिए। जनही एक-एक हजार रुपैयाँ धरौटी बुझाएर उनीहरू रिहा भएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख डिएसपी पुरुषोत्तम खड्काले जानकारी दिए। प्रहरीले पाँचजनाविरुद्ध २७ मंसिरमा अभद्र व्यवहारसम्बन्धी मुद्दामा पाँच दिन म्याद थप गरेर हिरासतमा राखेको थियो।


**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)


NIC ASIA
एन आई सी एशिया बैंक लि.

## गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पत्तिको विवरण |
|---|---|
| १. | यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तीसोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमशः०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा । |
| २. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा । |
| ३. | यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेका मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. २ (हाल हेटौडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४७७१ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा । |
| ४. | यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. २ ख (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४६१५ को क्षेत्रफल ०-०-४-० (विगाह) को घरजग्गा । |
| ५. | यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६५ को क्षेत्रफल ०-०-१६-० (विगाह) को जग्गा । |
| ६. | यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, भलुही भर्वलिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ९५६ र ९६० को क्षेत्रफल क्रमशः ०-०-१८-१२ र ०-१-१७-८ (विगाह) को जग्गा । |
| ७. | यस बैंकको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ६क स्थित कित्ता नं. ५११ को क्षेत्रफल ०-६-९-० (विगाह) को घर/जग्गा । |
| ८. | यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा । |
| ९. | यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ (हाल हेटौडा उ.म.न.पा वडा नं. १४) स्थित कित्ता नं. ४२१८, ४२१६ र ४२१४ को क्षेत्रफल क्रमशः ०-०-१०.२५-०, ०-०-१०.७५-० र ०-०-११-० (विगाह) को जग्गा । |
| १०. | यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा । |
| ११. | यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ११ स्थित कित्ता नं. ९७९५ को क्षेत्रफल ०-०-८.२५-० (विगाह) को जग्गा । |
| १२. | यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा । |
| १३. | यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ११ स्थित कित्ता नं. १३१३९ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा । |
| १४. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५/ग (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा र लक्ष्मीनिया गा.वि.स. वडा नं. २/क (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ८४२ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा । |
| १५. | यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १७ (हाल नेपालगंज उ.म.न.पा वडा नं. १३) स्थित कित्ता नं. १९० र २८३ को क्षेत्रफल ६९४ र ३१५ (व.मि) को घर/जग्गा । |
| १६. | यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ५ ङ ( हाल तार्केश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२० को क्षेत्रफल २६२.२७ (व.मि) को घरजग्गा । |
| १७. | यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा । |
| १८. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा कपिलवस्तुको लगातमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. ९ क (हाल शुद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २८, ५३७, ७३६ र ७४३ को क्षेत्रफल क्रमशः ०-२-१९-०, ०-४-५-२, ०-१-०-० र ०-१-३-२ (विगाह) को जग्गा । |
| १९. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९ ( हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा । |
| २०. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लागातमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. १/क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा । |
| २१. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख ( हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा । |
| २२. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा । |
| २३. | यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स वडा नं. ८क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १९०६, १९९२, ११४७ र ११४८ को क्षेत्रफल क्रमशः ०-०-६.५-०, ०-०-६.५-०, ०-०-१०-० र ०-०-१०-० (विगाह) को घरजग्गा । |
| २४. | यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स वडा नं. ९ग (हाल तिलोत्तमा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७०६ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा । |
| २५. | यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, दिदिहिरीया गा.वि.स वडा नं. २ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. २९८ को क्षेत्रफल ९०२८.४८ (व.मी) को जग्गा । |
| २६. | यस बैंकको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.९९ (व.मी) को घरजग्गा । |
| २७. | यस बैंकको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीको लगातमा दर्ता कायम रहेको सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ११ को क्षेत्रफल ४३४.४० (व.मी) को घर/जग्गा । |
| २८. | यस बैंकको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सितापाइला गा.वि.स वडा नं. १ (हाल नागार्जुन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४१० र ४१२ को क्षेत्रफल क्रमशः १३.०४ र १३०.६८ (व.मी) को घरजग्गा । |
| २९. | यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, विसुनपुरा गा.वि.स. वडा नं. ४ ख (हाल गौडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ११५ को क्षेत्रफल ०-४-९-० (विगाह) को जग्गा । |
| ३०. | यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, विसुनपुरा गा.वि.स. वडा नं. ४ ख (हाल गौडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४२२ को क्षेत्रफल ०-११-१२-० (विगाह) को जग्गा । |
| ३१. | यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. २ (हाल पचतौरा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा । |
| ३२. | यस बैंकको नाममा मालपोत कार्यालय सिम्रौनगढ, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, कचोर्बा गा.वि.स. वडा नं. ३ (हाल सिम्रौनगढ न.पा. वडा नं. ८) स्थित कित्ता नं. १८३७ को क्षेत्रफल ०-८-० (विगाह) को जग्गा । |
| ३३. | यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, तेलकुंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह) को जग्गा । |
| ३४. | यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा । |
| ३५. | यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. १ (हाल विर्तामोड न.पा वडा नं. १) स्थित कित्ता नं. २४९१ र २४९२ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (विगाह) को घरजग्गा । |
| ३६. | यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, मूगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ६५८, ६५९ र ५०५७ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-२-०-० र ०-१-३-३ (विगाह) को घरजग्गा । |
| ३७. | यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, मूगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ९५१ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा । |
| ३८. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाह) को जग्गा । |
| ३९. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाह) को जग्गा । |




तपसिल नं. १ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ४ मा उल्लेखित सम्पत्ति




तपसिल नं. १७ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १८ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १९ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २० मा उल्लेखित सम्पत्ति

तपसिल नं. २१ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २२ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २३ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २४ मा उल्लेखित सम्पत्ति

तपसिल नं. २५ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २६ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २७ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २८ मा उल्लेखित सम्पत्ति




तपसिल नं. २९ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३० मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३१ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३२ मा उल्लेखित सम्पत्ति

तपसिल नं. ३३ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३४ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३५ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३६ मा उल्लेखित सम्पत्ति

तपसिल नं. ३७ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३८ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३९ मा उल्लेखित सम्पत्ति

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पत्तिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

### हरर फिल्ममा काजोल

अभिनेत्री काजोल हरर फिल्ममा देखिने भएकी छिन् । 'माँ' नामक यस फिल्मलाई विशाल फुरियाले निर्देशन गर्ने भारतीय सञ्चारमाध्यमले जनाएका छन् । फिल्म काजोलका श्रीमान् अजय देवगनले निर्माण गर्नेछन् । यो फिल्मको सुटिङ जनवरीमा सुरु हुनेछ ।





### विश्वभर एनिमलको सानदार व्यापार

रणवीर कपुर स्टारर फिल्म एनिमलले विश्वभरबाट आठ सय करोडभन्दा धेरैको व्यापार गरेको छ । यस फिल्मले भारतमा चार सय ९८ करोडको व्यापार गरिसकेको छ । सन्दीप रेड्डीले निर्देशन गरेको फिल्ममा बबी देओल, अनिल कपुर, रश्मिका बन्दनालगायत कलाकार पनि छन् ।

# कसरी गर्ने एन्जाइटीको उपचार ?

एन्जाइटी वा चिन्ता एक जटिल र गम्भीरखाले मानसिक स्वास्थ्य अवस्था हो जसले विश्वव्यापी रूपमै लाखौँ व्यक्तिलाई असर गरिरहेको छ । यो तनाव र मनोवैज्ञानिक अवस्थाको प्राकृतिक प्रतिक्रिया हो, तर अत्यधिक वा गढेको चिन्ताले व्यक्तिको जीवनको गुणस्तरलाई नै ठूलो असर गर्न सक्छ ।



डाक्टरको सल्लाह

डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलेस्टिक युनिभर्सल हस्पिटल

एन्जाइटी एक सामान्य मानविय भावना हो जसलाई असहजता, चिन्ता वा डरको भावनाले समेत चित्रण गरिन्छ । यसले हामीमा उत्पन्न हुने तनावको प्राकृतिक प्रतिक्रियाको रूपमा कार्य गर्छ र यस्ता चुनौतीसँग लड्न उत्प्रेरक कारक बन्न सक्छ । यद्यपि, जब चिन्ता परिस्थितिसँग प्रतिकूल हुन्छ वा समयको साथसाथै बढ्दै जान्छ, यो एक विकराल अवस्थामा परिणत हुन सक्छ ।



### एन्जाइटीका प्रकार

अहिले धेरै प्रकारका मानसिक चिन्ता मानिसमा रहेका छन्, प्रत्येकको आफ्नैखाले लक्षण र ट्रिगरहरू हुन्छन् । सामान्यखाले एन्जाइटीमा जेनरलाइज्ड एन्जाइटी डिसअर्डर, सोसल एन्जाइटी डिसअर्डर, पेनिक डिसअर्डर र विशिष्टखाले फोबियाहरू समावेश हुन्छन् । प्रभावकारी निदान र उपचारका लागि यिनीहरूको भिन्नता बुझ्न जरुरी हुन्छ ।

### एन्जाइटीका कारण

- आणुवांशिक अवस्था, मस्तिष्क रसायन र न्युरोट्रांसमिटरहरूमा असन्तुलनले एन्जाइटीको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ । अझै, एन्जाइटीको पारिवारिक इतिहास भएका व्यक्तिहरू यो अवस्थाका लागि बढी संवेदनशील हुन सक्छन् ।
- जीवनका तिता अनुभवहरू, आघात र तनावपूर्ण परिस्थितिहरूमा लामो समयसम्म एक्सपोजरले एन्जाइटीको विकासमा योगदान दिन सक्छ । दुर्व्यवहार वा बेवास्ताजस्ता बाल्यकालको प्रतिकूलताले पनि मानसिक स्वास्थ्यमा दिगो प्रभाव पार्छ ।
- केही शारीरिक अवस्थाहरू जस्तै थाइरोइडिज्म र हार्मोनल असन्तुलनले पनि एन्जाइटीका लक्षणमा योगदान दिने गरेको पाइन्छ । एन्जाइटीलाई होलिस्टिक रूपमा सम्बोधन गर्न शारीरिक स्वास्थ्य र मानसिक वेलनेसबीचको अन्तर्क्रिया बुझ्न महत्त्वपूर्ण हुन्छ ।

### एन्जाइटीका लक्षण

- अत्यधिक चिन्ता
- चिडचिडापन
- निद्रामा गडबडी
- मांसपेशीमा तनाव महसुस हुनु
- थकान
- अस्थिर विचारहरूको प्रवाह
- ध्यान केन्द्रित गर्न कठिनाइ हुनु

### सामना गर्ने रणनीति र उपचार

- संज्ञानात्मक-व्यवहार थेरापी र एक्सपोजर थेरापी चिन्ता व्यवस्थापनका लागि मनोचिकित्साको प्रभावकारी तरिका हुन् ।
- यी थेरापीले व्यक्तिलाई नकारात्मक सोचका ढाँचा पहिचान गरी तिनलाई सामना गर्न र बिस्तारै डरको प्रभाव कम गर्न मद्दत गर्दछ । केही अवस्थामा एन्जाइटीका लक्षणहरू कम गर्न औषधिसमेत सेवन गर्न सकिन्छ । एन्टिडिप्रेसेन्टहरू, बेन्जोडाइजेपाइनहरू र बिटा-ब्लकर सामान्यतया प्रयोग हुने एन्टिएन्जाइटी औषधि हुन् । तर, तिनीहरूको प्रयोग चिकित्सकको निगरानीमा नै गर्नुपर्छ ।
- व्यायाम, ध्यान र उचित निद्रा, स्वच्छ आचरणजस्ता तनाव कम गर्ने प्राकृतिक विधिको माध्यमबाट पनि एन्जाइटीको असरलाई कम गर्न सकिन्छ । सन्तुलित आहार, क्याफिन र अल्कोहलको सीमित सेवन गर्नु पनि एन्जाइटी नियन्त्रण गर्ने जीवनशैली परिमार्जनका तरिका हुन् ।
- तनाव व्यवस्थापन गर्ने, व्यक्तिका लागि बलियोखाले समर्थन प्रणालीको निर्माण गर्नु आवश्यक हुन्छ । यसमा साथीभाइ, परिवार वा यस्तैखालको समूहसँग सरोकारका विषय बाँड्नाले आत्मबल, सान्त्वना र उपयुक्त दिशानिर्देश प्रदान गर्न सक्छ ।
- एन्जाइटी एक जटिल र डरलाग्दो मानसिक स्वास्थ्य अवस्था हो जसको प्रभावकारी व्यवस्थापन अत्यन्तै जरुरी हुन्छ । विभिन्न कारण, लक्षण र व्यवस्थापनका तरिका पहिचान गरेर हामीले आफ्नो मानसिक स्वास्थ्य सुधार गर्न सक्रिय कदम चाल्न सक्छौं । व्यवस्थापनका तरिका छनोट गर्दा भने प्राकृतिक तरिकाको अवलम्बन गर्नाले दीर्घकालीन रूपमै यसका असरहरू हटाउन मद्दत गर्छ ।

# महिलाको रोजाइमा उलन कुर्ती सेट

जाडो महिनामा महिलाको रोजाइमा उलन टप सेट तथा उलन कुर्था पर्ने गर्छ । स्टाइलिस देखाउनुका साथै न्यानो महसुस पनि गराउने भएकाले उपभोक्ताले यसमा आफूलाई कम्फर्टेबल फिल गर्ने गरेका छन् । महिलाले कुर्थी सेटसँगै लङ कोट तथा स्वीटर पनि लगाउने गरेका छन् ।

**लङ स्ट्रेट उलन कुर्थी** : यसलाई प्लाजो, लेगिन्स वा जिन्ससँग लगाउन सकिन्छ । दुवै साइडमा खल्तीसमेत हुने भएकाले कार्यालयमा काम गर्न जाने महिला यसलाई लगाउन मन गर्छन् बजारमा विभिन्न मूल्यमा यस्ता रेडिमेड कुर्ताहरू पाइन्छन् ।

**क्याजुअल उलन कुर्ता** : अधिकांश कुर्ताको डिजाइन क्याजुअल नै हुन्छन् । क्याजुअल कुर्ता उलनका कपडाबाट तयार गरिन्छ । विशेषगरी, युवापुस्ताको रोजाइमा यो कुर्ता पर्ने गरेको छ । यो हल्का र न्यानो हुन्छ र स्टाइलिस लुक्समा उपलब्ध हुन्छ । यसलाई जिन्स वा लेगिन्ससँग लगाउन सकिन्छ ।

**ट्रेडिसनल कुर्ता** : बजारमा परम्परागत लुक्स दिने कुर्थाहरू पनि उपलब्ध छन् । प्रायः ४० कटेका महिलाको रोजाइमा पर्ने गरेको छ । तर, यो कुर्ता युवतीको रोजाइमा पनि छ । किनभने, यसलाई स्टाइलिस लुक्स दिन पनि मिल्छ । पराम्परागत लुक्समा बाउलामा बुट्टा भरेर नयाँ लुक्स दिने गरिन्छ ।



# यसरी छानौं वालपेपर

आजभोलि मानिस आफ्ना घरका भित्तालाई वालपेपरले सजाउने गर्छन् । तर, घरको लोकेसन र लाइटअनुसार 'वालपेपर'को छनोट गर्नुपर्छ ।

भित्तामा पुटिन लगाएको भए वालपेपर टाँस्दा अझ राम्रो देखिन्छ । प्लास्टर गरिएको भित्तामा पनि टाँस्न मिल्छ । तर, पुटिनमा जस्तो राम्रो देखिँदैन ।

काठले पार्टेसन गरेको भित्तामा पनि 'वालपेपर' टाँस्न सकिन्छ । 'वालपेपर' टाँस्ने ठाउँ सुक्खा, धुलो नभएको, सफा हुनुपर्छ ।

बजारमा थरीथरीका रंग र बुट्टाका वालपेपर पाइन्छन् । आफ्नो इच्छाअनुसार पनि 'वालपेपर'मा बुट्टा भर्न सकिन्छ । अहिलो फोटो प्रिन्ट गरेर राख्ने चलन पनि बढेको छ ।



# जाडोमा इन्डोर प्लान्ट्स जोगाउन...



इन्डोर प्लान्ट्सले कोठालाई सुन्दर देखाउनुका साथै हावा स्वच्छ बनाउने काम पनि गर्छ । त्यहीकारण मानिस इन्डोर प्लान्टस्तर्फ आकर्षित छन् । तर, यसलाई हुर्काउन र स्याहार गर्न पनि उत्तिकै छ । विशेषगरी, जाडोमा बिरुवालाई अझै विशेष स्याहार आवश्यक पर्छ ।

पातमा धुलो जम्दा त्यसका छिद्रहरू बन्द भएर बिरुवामा कीटाणु आउन सक्छ । त्यहीकारण, जाडोमा बिरुवालाई नियमित रूपमा सफा गर्नुपर्छ । त्यस्तै, सुकेका पात हटाउनुपर्छ ।

जाडोमा दिन निकै छोटो हुन्छ । त्यसैले तपाईंले घरका इन्डोर प्लान्ट्सलाई प्रकाश प्राप्त हुने ठाउँमा राख्नुपर्छ । तर, कुन बिरुवालाई कति प्रकाश आवश्यक पर्छ भन्ने जानकारी तपाईंसँग हुनुपर्छ । किनकि, कतिपय बिरुवालाई अधिक समय सीधा प्रकाशमा राख्दा नोक्सानी पनि पुग्छ ।

अधिकांश इन्डोर प्लान्ट्सले तापमानमा हुने उतारचढाव सहन सक्दैनन् । जाडोमा एकातर्फ हिटरले कोठा तताइरहेको हुन्छ, अर्कोतर्फ झ्यालबाट आउने हावाले चिसो बनाइरहेको हुन्छ । यस्तो अस्थिर तापक्रमले बिरुवालाई हानि गर्न सक्छ । त्यही कारण चिसोमा बिरुवालाई स्थिर तापक्रम हुने कोठामा लगेर राख्नुपर्छ ।

# घरमै पाउरोटी बनाउने उपाय



**आवश्यक सामान** : मैदा एक केजी, चिनी ५० ग्राम, इस्ट २० ग्राम, नुन १० ग्राम, ब्रेड इम्प्रुभर १० ग्राम, बटर १०० ग्राम, अन्डा तीनवटा, पानी ६ सय मिलि लिटर, ओभन

**पकाउने विधि** : एउटा सफा भाँडामा मैदा, चिनी, इस्ट, बटर, नुन, अन्डा र ब्रेड इम्प्रुभर मिक्स गर्नुस् । यसमा पानी हालेर राम्रोसँग नरम हुने गरी १० मिनेटसम्म मुछ्नुस् । त्यसलाई सानो-सानो रोल बनाउनुस् । यसलाई डोभ बनाएर फुलाउनुस् । र, १८० डिग्रीमा ओभनमा १० मिनेटसम्म पकाउनुस् । आधा घन्टा चिसो बनाउने र पाकिसकेपछि यसलाई सानो बर्गरजस्तो बनाएर खान पनि मिल्छ । चिया, कफीसँग खान पनि मिल्छ ।

मैदा मात्र नभएर कोदो, फापरको पिठोबाट पनि ब्रेड बनाउन सकिन्छ । यो ३० मिनेटमा तयार गर्न सकिन्छ ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८०/०९/०२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : सुन्धारा, काठमाण्डौ**

**ऋणीको विवरण**

बाल कृष्ण श्रेष्ठको बुहारी, सुरज कृष्ण श्रेष्ठको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३४ स्थित स्थायी ठेगाना भएको **रमि बैद्य (ना.प्र.प.नं. १३०५३, काठमाण्डौ)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

हिरा मान श्रेष्ठको नाति, बाल कृष्ण श्रेष्ठको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **सुरज कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. ४५२६४, स्याङ्जा)**

**शाखा कार्यालय : विर्तामोड, झापा**

**ऋणीको विवरण**

मान विर विश्वकर्माको नाति, चन्द्र बहादुर विश्वकर्माको छोरा, धनकुटा जिल्ला, तम्ङखुवा गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **हरि कुमार दियाली (ना.प्र.प.नं. ४०२२/२७४/८९८, धनकुटा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. तुलसी राम विश्वकर्माको नाति, गणेश बहादुर विश्वकर्माको छोरा, झापा जिल्ला, शान्तिनगर गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **कुल बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ८५०११७१०, झापा)**

२. चन्द्र बहादुर विश्वकर्माको बुहारी, हरि कुमार दियालीको पत्नी, भोजपुर जिल्ला, श्यामसिला गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **मन मायाँ विश्वकर्मा (ना.प्र.प.नं. २११३३, भोजपुर)**

**शाखा कार्यालय : मंगलबारे, मोरङ**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगर, मोरङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति : २०७३/१०/०२ मा प्रा.फ.र.नं. २९०७९/०७३/७४ कायम भई दर्ता भएको मोरङ जिल्ला, टाँडी गा.वि.स/न.पा. वडा नं. ८, स्थित **न्यू मनकामना ज्वेलर्स**
**प्रोप्राइटर : देवेन्द्र विश्वकर्मा**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धन बहादुर विश्वकर्माको नाति, तुलसी बहादुर विश्वकर्माको छोरा, मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको **देवेन्द्र विश्वकर्मा (ना.प्र.प.नं. ०५१०१०/७२०, मोरङ)**

२. तुलसी बहादुर विश्वकर्माको बुहारी, देवेन्द्र विश्वकर्माको पत्नी, मोरङ जिल्ला, टाँडी गा.वि.स./न.पा वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मुना सिन्चौरी (ना.प्र.प.नं. ०५२०१७/१३३६९, मोरङ)**

३. भक्त बहादुर विश्वकर्माको नाति, धन बहादुर विश्वकर्माको छोरा, मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको **तुलसी बहादुर विश्वकर्मा (ना.प्र.प.नं. २६७/४३, मोरङ)**

४. धन बहादुर विश्वकर्माको बुहारी, तुलसी बहादुर विश्वकर्माको पत्नी, मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको **आशामाया विश्वकर्मा (ना.प्र.प.नं. ४/५४७७, मोरङ)**

५. अभिलाल विश्वकर्माको नाति, भक्त बहादुर विश्वकर्माको छोरा, मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको **धन बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ५८३/४९, मोरङ)**

६. भक्त बहादुर विश्वकर्माको बुहारी, धन बहादुर विश्वकर्माको पत्नी, मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको **दुर्गा माया विश्वकर्मा (ना.प्र.प.नं. १३०/१०६३, मोरङ )**

७. भक्त बहादुर विश्वकर्माको नाति , धन बहादुर विश्वकर्माको छोरा, मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको **होम बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ५७२११, मोरङ)**

८. धन बहादुर विश्वकर्माको बुहारी, होम बहादुर विश्वकर्माको पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **बिष्णु कुमारी विश्वकर्मा (ना.प्र.प.नं. १८४९७/०५८/५२, सुनसरी )**

९. धन बहादुर विश्वकर्माको नाति, तुलसी बहादुर विश्वकर्माको छोरा, मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सम्शेर कुमार विश्वकर्मा (ना.प्र.प.नं. ०५१०१०/७२१, मोरङ)**

गायन टिप्स

# युवा गायकलाई अर्जुन पोखरेलका सुझाव



राम्रो गायक बन्नका लागि दुई कुरा महत्त्वपूर्ण छन्- नेचुरल ट्यालेन्ट र आफ्नो प्रतिभालाई व्यावसायिक रूपमा रूपान्तरण गर्न आवश्यक कडा मिहिनेत गर्ने गहिरो इच्छाशक्ति ।



**अर्जुन पोखरेल**
गायक तथा संगीतकार

**शिक्षा** : पछिल्लो समय गीत-संगीतमा आउने केही मान्छे भाइरल भइरहेका छन् । भाइरल भएपछि बजारमा माग बढ्न थाल्छ । संगीतकारहरूले बोलाउन थाल्छन् । बजारमा चले पनि गीत-संगीतको ज्ञानचाहिँ अभाव हुन्छ । संगीत संस्कार पनि हो । तसर्थ, संगीतको औपचारिक शिक्षा लिएर आउँदा अझै राम्रो हुन्छ । कतिपयलाई बजारमा चलेपछि संगीत सिक्न जान लाज लागिरहेको देखिन्छ । त्यस्तो लाज हटाएर संगीतको शिक्षा लिनु राम्रो हुन्छ । जुनसुकै उमेरमा पनि संगीत सिक्न सकिन्छ ।

**अभ्यास र प्रतिबद्धता** : भोकल स्किल्समा सुधार ल्याउन निरन्तरको अभ्यास र प्रतिबद्धता जरुरी छ । त्यहीकारण आफ्नो स्वर बनाउन निरन्तर रियाज गर्नुपर्छ । संगीतमा लाग्न समर्पण चाहिन्छ ।

**भावनात्मक सम्बन्ध** : गीतको शब्द र संगीतसँग गायकको भावनात्मक सम्बन्ध हुनैपर्छ । गीत-संगीतमा लाग्ने व्यक्ति साहित्यमा नजिक हुनुपर्छ । संगीतकार गीतको मर्ममा डुब्न सक्नुपर्छ । हिजोआज गीत-संगीतमा आएका कतिपयले नेपाली शब्द नै राम्ररी उच्चरण गरेको देखिँदैन । नेपाली उच्चारण पनि अंग्रेजी शैलीको हुन्छ । उनीहरूलाई नेपाली गीत गाउन मन छ, तर शुद्ध उच्चारणमा समस्या छ । भारतमा गायक-गायिकाको शुद्ध हिन्दी भाषा सुनिन्छ । नयाँ पुस्ताले भाषा र संस्कृतिलाई धान्नुपर्ने हुन्छ । त्यसैले, गीत-संगीतमा आउन चाहनेले भाषाको शुद्धता ख्याल गर्नुपर्छ । संगीतको स्केल, रिदम र मेलोडी बुझ्न जरुरी छ । गीतका शब्दमा डुब्न सके मात्रै प्रस्तुति राम्रो हुन्छ ।

**विविधता** : गायनमा विविधता ल्याउने प्रयास गर्नुपर्छ । त्यसका लागि धेरैभन्दा धेरै विधाका गीत-संगीत सुन्नु राम्रो हुन्छ । धेरै कलाकारको स्वर सुनेपछि आफ्नै स्टाइल बनाउन पनि सहज हुन्छ ।

**जीवनशैली** : आफ्नो आवाजलाई चुस्त बनाउन स्वस्थ जीवनशैली अवलम्बन गर्नुपर्छ । स्वरको साधना नियमित गर्नुपर्छ, पानी प्रशस्तै पिउनुपर्छ, धेरै चिल्लो-पिरो खान हुँदैन । भोकल कर्डलाई क्षति पुऱ्याउने खालका कुनै पनि खानेकुरा सेवन गर्नुहुँदैन ।

**धैर्यता** : गीत-संगीतमा लाग्ने व्यक्तिमा धैर्यता आवश्यक छ । धैर्यता थिएन भने म आफैँ विदेश पलायन भइसकेको हुन्थेँ । तर, पहिले आफ्नो क्षमता कुन स्तरको छ भन्ने पहिचान गर्न सक्नुपर्छ । संगीतका गुरुले पनि समयमै सल्लाह दिनुपर्छ । गायक वा गायिका बन्न भोकल ट्युन गडगिफ्टेड हो । सिकेर मात्रै पनि हुँदैन । आफूमा एभरेज प्रतिभा छ भने धेरै नचल्न पनि सक्छ । यो कुराको पहिचान गुरुहरूले गरिदिनुपर्छ र समयमै सुझाव दिनुपर्छ । यही क्षेत्रमा राम्रो गर्न सकिन्छ भन्ने दृढ आत्मविश्वास छ भने मात्रै करियर अगाडि बढाउनुपर्छ । आत्मविश्वास भएकाहरूले कुनै गीत असफल हुँदैमा आत्तिनुपर्दैन । निरन्तरताले नै सफलताको चित्र कोर्छ ।

# एउटा अँध्यारो अध्यायको स्मरण

## पञ्चायती शासन घोषणामा राणा शासनसँगको सत्तासंघर्षमा गुमेको पुर्‍याैंली शासनको पुनर्प्राप्ति र शाहवंशीय अहंकार मुख्य कारण थियो



● रोशन जनकपुरी

अग्रलेख

४६ साल पहिले १ पुसमा देशमा दुईवटा जुलुस हुने गर्थे- एउटा तत्कालीन सरकारी उर्दीमा आयोजित तामझामसहितको महेन्द्रजयन्ती र पञ्चायती दिवस तथा र अर्को पञ्चायती व्यवस्थाविरोधी काग्रेस र कम्युनिस्ट पार्टीहरूले छापामार शैलीमा मनाउने कालो दिवस। तत्कालीन राजा महेन्द्रले १ पुस, ०१७ मा जननिर्वाचित संसद् खारेज गरेर सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर राजनीतिक दलमाथि प्रतिबन्ध लगाएका थिए। यसको दुई वर्षपछि १ पुस, ०१९ मा उनले औपचारिक रूपमा पञ्चायती प्रजातन्त्र नामक निरंकुश राजतन्त्रात्मक अधिनायकवादी संविधान जारी गरेका थिए।

राजतन्त्रात्मक सामन्ती अधिनायकत्वमा आधारित पञ्चायती व्यवस्था र १ पुस नेपाली इतिहासको यस्तो नकारात्मक पाठ हो, जसले जनवादी र अग्रगामीशक्तिहरू सत्तामोहमा परेर जनहितको विचारबाट विचलित, स्खलित र विभाजित भएपछि फासीवादी अधिनायकत्वले अग्रगामी रूपान्तरणको दिशालाई सजिलै पश्चगामितामा मोड्न सक्छ भन्ने शिक्षा दिन्छ। सशस्त्र क्रान्तिको बलमा निरंकुश राणातन्त्रलाई पराजित गरेर ००७ सालमा प्रजातन्त्र ल्याउन सफल राजनीतिक शक्तिहरूको वैचारिकता र राजनीतिक सचेतता सही दिशामा भएको भए, त्यतिबेलाको 'प्रजातान्त्रिक व्यवस्था' अग्रगामी चरित्रको हुने थियो, र वर्तमानको गणतन्त्र ल्याउन सम्भवतः थप ७० वर्ष कुर्नुपर्ने थिएन। यो निरंकुश पञ्चायती व्यवस्था फाल्न ३० वर्ष संघर्ष गर्नुपऱ्यो, र ०४६ सालको देशव्यापी जनआन्दोलनका बलमा बहुदलीय व्यवस्थासामु घुँडा टेक्न राजतन्त्र बाध्य भयो। यद्यपि, नेपाली जनताको यो उन्मुक्ति पनि आंशिक थियो। राजतन्त्रको सबै रूपबाट पूर्ण मुक्तिको जनइच्छाविपरीत काग्रेस र एमालेसहितका संशोधनवादी कम्युनिस्टहरूको संयुक्त मोर्चाले तत्कालीन राजा वीरेन्द्रसँग राजासहितको संवैधानिक बहुदलीय राजतन्त्रमा सम्झौता गऱ्यो। संवैधानिक नै भए पनि राजतन्त्रले जेनतेन आफ्नो अस्तित्व जोगाउन सफल भयो। यो, ०४६-४७ सालमा जनआन्दोलनको नेतृत्व गर्ने राजनेताहरूको सम्झौतापरस्तताको परिणाम नै थियो कि, नेपाली जनताले दशवर्षे जनयुद्ध र जनआन्दोलनमा सहभागी भएर हजारौंको सहादत दिनुपऱ्यो र मात्रै वर्तमानमा गणतन्त्रको उपभोग गर्न पाइएको छ। यद्यपि, वर्तमान संघीय गणतन्त्र जनताको स्वामित्व भएका गणतन्त्र अर्थात् जनतन्त्रको अर्थमा अझै अपूरो देखिन्छ। वर्तमानमा सत्तावृत्तमा, के सरकार र के प्रतिपक्ष ? सबैतिर सत्तालोलुपता र राजनीतिक अवसरवादिता चरम छ, र यसले अग्रगामी परिवर्तनको माग गरिरहेको छ।

पञ्चायती प्रजातन्त्र नामक निरंकुश अधिनायकतन्त्रका प्रवर्तक राजा महेन्द्र आन्तरिक र बाह्य राजनीति बुझेका एकजना चलाख राजनीतिज्ञ थिए। उनले देशभित्रका राजनीतिक दलहरूको अनुभवहीनता तथा अवसरवादितालाई गहिरो रूपमा बुझेका थिए। ००७ सालमा राणाशाहीबाट मुक्त भएपछि राजा त्रिभुवनले आफ्नो पहिलो घोषणामा देशमा अब उपरान्त विधान सभा (संविधानसभा)मार्फत गणतन्त्रात्मक प्रणाली हुने घोषणा गरेका थिए। तर, उनको मृत्युपछि राजा भएका महेन्द्रले ०१५ सालमा संविधानसभाको साटो संसद्को निर्वाचन गराउने घोषणा गरे। यो धोका थियो, तर निर्वाचनमा आफ्नो बहुमत आउने प्रबल सम्भावना देखेर काग्रेस मौन रह्यो। अन्य साना राजनीतिक दलहरूको विरोध प्रभावशाली थिएन। अर्कातर्फ, राणाशाहीको पतन र जनसंघर्षको बलमा नयाँ राजनीतिक दलहरूको उदयपछि अर्थ-राजनीतिक र सामाजिक रूपमा वर्चस्व गुमाउन पुगेको पहाड र तराई मधेशका जमिन्दार र राजतन्त्रका भारदारहरूको एउटा हिस्सा थियो, जस्मा कुन्ठा र नयाँ परिवर्तनप्रति आक्रोश हुनु स्वाभाविक थियो। यी पुरातन तत्त्व समुदाय, कर्मचारीतन्त्र र सुरक्षातन्त्रभित्र पनि विद्यमान थियो, जसले विवशतापूर्वक तत्कालीन परिवर्तनलाई स्विकारेको थियो। राजा महेन्द्रका निम्ति यी सबै क्षुब्ध तत्त्वअनुकूल पक्ष थिए। उनले यी परिवर्तनविरोधी तत्त्वलाई आधार बनाए र दैवीय राजा, गोर्खाली लडाकुपन तथा हिन्दू खस-आर्य श्रेष्ठतामा आधारित सांस्कृतिक अवधारणा र सांस्कृतिक प्रतीकलाई पञ्चायती व्यवस्थाको राष्ट्रवादी आधारका रूपमा प्रस्तुत गरे। पञ्चायती प्रजातन्त्रका नाममा राजशाही टिकाउन संयोजन गरिएको गोर्खाली शाहवंशीय पहाडिया हिन्दू खस-आर्य श्रेष्ठतामा आधारित संकीर्ण राष्ट्रवादी चेतना, गणतन्त्र स्थापनाको १६ वर्षपछि पनि न्यूनाधिक नेपाली राजनीतिमा विद्यमान नै देखिन्छ। नयाँ राजनीतिक वातावरणमा यो कम हुँदै गइरहेको छ। तैपनि यस संकीर्ण चेतनाबाट छिटो तार्किक र व्यावहारिक रूपमा छुटकारा पाउनु नै कल्याणकारी हुनेछ।

राजा महेन्द्रले पहाड, हिमाल र तराई मधेशका जमिन्दार, अभिजात्य र धनीवर्ग, शाहवंशीय राजतन्त्रको अर्थ-राजनीतिक तथा सांस्कृतिक राष्ट्रवादी चेतनामा विकसित पारम्परिक र आधुनिक राजनीतिज्ञ, साहित्यकार-कलाकार आदि बौद्धिक वर्ग, सन्त-महन्त, साहुमहाजन तथा काग्रेस र कम्युनिस्ट पार्टीका अवसरवादी तत्त्वलाई हातमा लिए। संसद् विघटन तथा राजनीतिक



दलहरूमाथि प्रतिबन्ध लगाएर सम्पूर्ण राजकीय शक्ति आफूले लिएको घोषणा गरिएको राजा महेन्द्रको पहिलो वक्तव्यमा काग्रेसभित्र मच्चिएको आन्तरिक किचलो, पदलोलुपता र देशहितलाई आधार बनाइएको थियो। निश्चय नै पञ्चायत व्यवस्थाको घोषणामा भनिएझैं नेपाली राजनीतिमा खुला रूपमा भारतीय सत्ताधारीको हस्तक्षेपकारी भूमिका, काग्रेसको भारतपरस्तता, निरीह मौनता र पार्टीभित्रको आन्तरिक किचलो तत्कालीन राजनीतिका यथार्थ थिए। तर, निर्वाचित संसद्को खारेजी र पञ्चायती शासन घोषणाको मुख्य कारण उनले भनेजस्तो देशभक्ति र स्वाभिमान आदि थिएन। यसको कारण धेरै इतिहासकारले भनेजस्तै बिपी कोइरालासँगको व्यक्तित्वको टकराव पनि थिएन।

> कुनै वेला पञ्चायती निरंकुश तानाशाही लादिएको दिनलाई कालो दिवसको रूपमा लुकेर मनाउनुपर्थ्यो। अहिले हामी खुलेर भन्न सक्छौं, १ पुस कालो दिन नै थियो, जसले नेपाली जनतालाई राजाको रैती अर्थात् दासमा परिणत गरिदिएको थियो।

यसको मुख्य कारण राणा शासनसँगको सत्तासंघर्षमा गुमेको पुर्‍याैंली शासनको पुनर्प्राप्ति र शाहवंशीय अहंकार थियो। तत्कालीन ऐतिहासिक तथ्यलाई क्रमबद्ध अध्ययन गर्ने हो भने राजा त्रिभुवनको पालादेखि नै योजनाबद्ध रूपमा यसको भूमिका बन्दै गएको देखिन्छ। अब उपरान्त जनइच्छाबमोजिम विधान सभाबाट निर्मित गणतन्त्रात्मक संविधान तथा राजशक्ति जनतामा सुम्पेको ००७ सालमा त्रिभुवनको घोषणा, ०१० सालमा जनतामा सुम्पेको राजशक्ति आफूले फेरि ग्रहण गरेको घोषणा र ०१५ सालमा विधान सभा निर्वाचन भन्दाभन्दै संसदीय निर्वाचनको घोषणा आदि तत्कालीन राजनीतिक घटनाक्रमलाई एउटा क्रमबद्धतामा हेर्ने हो भने ०१७ सालमा पञ्चायती व्यवस्था नामक शाही घोषणा योजनाबद्ध र चरणबद्ध थियो भन्ने अनुमान स्वाभाविक लाग्न थाल्छ।

पक्षधर त हुने नै भए, केही आलोचक इतिहासकार र राजनीतिशास्त्रीसमेतको एउटा हिस्सा उनलाई देशभक्त र राष्ट्रवादीको रूपमा व्याख्या गर्दा रमाउँछ। तर, तथ्यले यस्तो दाबीको खण्डन गर्छन्। तत्कालीन समयमा छिमेकी भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको वैचारिक लेखको संग्रह 'सेलेक्टेड वर्क्स अफ जवाहरलाल नेहरू'को ६५औं खण्डमा राजा महेन्द्रले आफ्नो सत्ताकब्जाको औचित्य पुष्टि गर्दै लेखेको पत्र संग्रहित छ। १६ डिसेम्बर १९६० मा नेहरूको नाममा लेखिएको त्यस पत्रको अनुवाद यस्तो छ :

**"मेरा प्रिय मित्र,**

हामीबीच हाम्रो देशको अवस्थाका बारेमा विभिन्न अवसरमा भएका छलफल सम्झिँदा मलाई आनन्द महसुस हुन्छ। मैले यो अवसर तपाईंलाइ यो सूचित गर्नका लागि उपयोग गर्दछु कि मैले हालैको कदम चाल्नुपर्नाका कारण देशलाई अराजकता र उत्पातबाट बचाउनका लागि हो। वर्तमान कदम सम्पूर्ण प्रयास असफल भएपछि अवलम्बन गरिएको हो। शाही घोषणाको प्रतिलिपि (तपाईंलाई अध्ययन गर्न भनेर) यसै पत्रमा समाविष्ट गरेको छु। साथै, महामहिम राष्ट्रपति डा. प्रसाद (राजेन्द्र प्रसाद)लाई सोहीअनुसार जानकारी गराउन सादर आग्रह गर्दछु।

मेरो विचारमा सदैव नेपाललाई हुने कुनै पनि क्षति भारतको हितमा हुनेछैन। मैले गम्भीरतापूर्वक चालेको कदमको सच्चाइबारे सायद समयले मात्र बताउनेछ। मलाई विश्वास छ, दुई देशबीचको मित्रता दिनप्रतिदिन बढ्नेछ र हाम्रो आपसी समझदारी एक-अर्कालाई सहयोग हुने नै छ। तपाईंलाई नेपालको अवस्था सामान्य रहेको थाहा पाउँदा प्रसन्नता मिल्नेछ।

योभन्दा बेसी मेरो विचारमा तपाईंको राजदूतबाटै जानकारी पाउनुहुने नै छ।

शुभेच्छा र सम्मानसहित

तपाईंको (अति) भवदीय

महेन्द्र

(स्रोत : हिमाल खबर, २०७३ असोज ४)

तत्कालीन समयमा विश्व राजनीतिमा जसरी कम्युनिस्टहरू व्यापक रूपमा उदाइरहेका थिए, सम्भवतः यसै सम्भावनाबाट जोगाउन नेहरू नेपालमा राजसंस्था र नेपाली काग्रेस दुई प्रमुख शक्ति भएको र यिनिहरूले आपसी समझदारीमा सत्ता सञ्चालन गर्नुपर्ने धारणा राख्थे। यसैकारण, महेन्द्रको कदमबाट उनी असन्तुष्ट थिए। एक महिनापछि २३ जनवरी १९६१ मा आफ्नो पाँच पृष्ठ लामो उत्तरपत्रमा नेहरूले राजा महेन्द्रको कदमलाई विश्व जनमतले नस्विकार्ने गैरलोकतान्त्रिक भन्दै संसद् पुनर्गठन गरेर नयाँ निर्वाचन गराउन सुझाव दिएका थिए।

यद्यपि, चीनसँग युद्धको वेलादेखि नेपाली भूमि कालापानीमा भारतीय सेनाको स्थायी उपस्थितिप्रति राजा महेन्द्रको निरीहता र मौन सहमतिले उनको देशभक्ति र राष्ट्रिय स्वाभिमानको पक्षलाई नंग्याउँछ। अझ भारतले कब्जा गरिबसेको भूमि कटाएर नेपालको नक्सा बनाउनुले, उनले भारतीय शासक वर्गलाई चिढ्याउन नचाहेको तथा अनुग्रह प्राप्त गरेर आफ्नो तानाशाही शासन दीर्घजीवी बनाउन चाहेको देखिन्छ।

कुनै वेला पञ्चायती निरंकुश तानाशाही लादिएको दिनलाई कालो दिवसको रूपमा लुकेर मनाउनुपर्थ्यो। अहिले हामी खुलेर भन्न सक्छौं, १ पुस कालो दिन नै थियो, जसले नेपाली जनतालाई राजाको रैती अर्थात् दासमा परिणत गरिदिएको थियो। यस्तो दास, जसका राजनीतिक, आर्थिक, नागरिक र सांस्कृतिक इच्छा र पहिचान राजा र उनका भारदारको कृपामा आश्रित थियो। ००७ सालपछि नेपालको राजनीतिमा सत्तालोलुपता, राजनीतिक अवसरवादिता, वैदेशिक हस्तक्षेप, देशको आन्तरिक मामिलामा छिमेकीको अनपेक्षित र अनिच्छित हस्तक्षेपकारी भूमिका, राजनीतिक दलहरूको मौनता तथा बाह्य शक्तिप्रतिको अनैतिक निकटता र राजनीतिक, आर्थिक, सुरक्षा तथा कर्मचारीतन्त्रमा संरचनागतस्तरमा अस्थिरता, तुलना गर्ने हो भने विगतको भन्दा झन् जटिल हुँदै गइरहेको छ। वर्तमानमा देखिएका यी विकृति, अस्थिरता र स्खलनविरुद्ध थप संघर्षको आवश्यकता छ। तैपनि विगत ७० वर्षमा भएका राजनीतिक परिवर्तनले नेपाली जनतालाई गणतन्त्रमा सार्वभौम नागरिकको हैसियतमा पुऱ्याएको छ, यसमा दुईमत हुन सक्दैन।

---

३ प्रश्न

पूर्वडिआइजी
**हेमन्त मल्ल ठकुरी**लाई



**विमानस्थलबाट कहिले सुन, कहिले गाँजा या अन्य प्रतिबन्धित वस्तु आउनुलाई कसरी हेर्नुभएको छ ?**

हाम्रो अन्तर्राष्ट्रिय विमानस्थलबाट कहिले सुन त कहिले गाँजा ठूलो परिमाणमा आइरहेको देखिन्छ। यसले हाम्रो अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्थामाथि चुनौती थपिँदै गएको संकेत गरेको छ। बिस्तारै तस्करीको 'भोल्युम' बढ्दै गएको संकेत देखिनुले भविष्यमा यसको परिमाण झनै बढ्ने अनुमान गर्न सकिन्छ। यसमा हाम्रो राजनीतिक नेतृत्व र त्यहाँ कार्यरत कर्मचारीको कमजोरी देखिएको छ। अहिले त सुन, लागु पदार्थजस्ता वस्तु आइरहेका छन्। कुनै दिन सुरक्षा चुनौती खडा गर्ने हतियार या विस्फोटक पनि नआउला भन्न सकिन्न। यसबाट विमानस्थलबाट अन्य अपराध पनि बढ्न सक्ने संकेत गरेको छ।

**हाम्रो विमानस्थलको सुरक्षा व्यवस्था कमजोर भएकाले यस्तो भएको त होइन ?**

यसमा सुरक्षा व्यवस्थाको खासै ठूलो भूमिका हुँदैन। सबैजसो प्रतिबन्धित वस्तु भन्सार एरियाबाट आइरहेका छन्। 'डिपार्चर एरिया'मा हाम्रो सुरक्षा संयन्त्रको पहुँच भए पनि 'अराइभल एरिया'मा सुरक्षा संयन्त्रको भूमिका हुँदैन, किनकि उनीहरूको त्यहाँ पहुँच नै हुँदैन। यसमा त्यहाँ कार्यरत एजेन्सीहरूबीचको अविश्वास जिम्मेवार छ। अहिले आइरहेको सुन र गाँजालगायत वस्तुको परिमाणले भविष्यमा सुरक्षासम्बद्ध वस्तुसमेत आउन सक्ने चिन्ता बढाएको छ। यसतर्फ समयमै सचेत हुनुपर्छ।

**विमानस्थलको सुरक्षा व्यवस्था बलियो बनाउने र तस्करी न्यूनीकरण गर्ने उपाय के होला त ?**


यसका लागि सही मान्छेलाई सही स्थानमा पठाउन सक्नुपर्छ। कार्यरत कर्मचारी र सुरक्षा निकायलाई सुविधासम्पन्न र अत्याधुनिक प्रविधि उपलब्ध गराउनुपर्छ। यस्तो संवेदनशील स्थानमा मान्छे पठाउने वेलामा राजनीति हाबी हुनु हुँदैन।

---

प्रेरक प्रसंग

## सुकरातको सुन्दरता

महान् दार्शनिक सुकरातको अनुहार कुरूप थियो। एक दिन उनी कोठामा बसेर एउटा गहिरो भाँडामा राखेको पानीमा आफ्नो अनुहार हेरिरहेका थिए। एक शिष्य उनको कोठामा प्रवेश गरे। सुकरातले पानीमा अनुहार हेरिरहेको देख्दा उनलाई हाँसो उठ्यो। उनी मन्द मुस्कुराए। यो देख्दा सुकरातले उनको हाँसोको कारण बुझे। उनले शिष्यलाई भने- तिमी किन मुस्कुराइरहेका छौ, मैले त्यसको कारण बुझ्नैं। तिमी पक्कै पनि मजस्तो कुरूप व्यक्तिले किन पानीमा अनुहार हेरिरहेको होला भनेर मुस्कुराएका हौ, होइन त ?



सुकरातको प्रश्नले शिष्य लज्जित भए। उनले यस प्रश्नको कुनै उत्तर दिन सकेनन्। तर, सुकरातले फेरि अगाडि भने- म हरेक दिन यसै गरी पानीमा आफ्नो कुरूपताको दर्शन गर्छु। यसबाट मलाई जहिल्यै जीवनमा सत्कर्मद्वारा आफ्नो कुरूपता ढाक्ने प्रेरणा प्राप्त हुन्छ। अनि, जहिल्यै सत्कर्मबाट आफ्नो कुरूपता ढाक्ने प्रयास गर्छु। सुकरातको विचारबाट शिष्य निकै प्रभावित भए। तर, उनको मनमा अझै एउटा शंका उब्जियो। त्यसको समाधानका लागि उनले सुकरातसित सोधे- गुरुदेव, त्यसोभए सुन्दर मानिसचाहिँ पानीमा आफ्नो अनुहार किन हेर्छन् त ? उनीहरूलाई त यसको आवश्यकता नहुनुपर्ने हो नि ?

सुकरातले जवाफ दिए- यस्तो होइन, सुन्दर मानिसले पनि पानीमा आफ्नो अनुहार हेर्ने गर्नुपर्छ। र, उनीहरूले जति सुन्दर आफ्नो अनुहार छ, त्यति नै सुन्दर कर्म गर्नुपर्छ भन्ने सोच्न सक्नुपर्छ। जसले गर्दा कुनै खराब कर्मले उनीहरूको सुन्दरतालाई ढाक्न नपाओस् र कर्मका कारण उनीहरूले कहिल्यै कुरूप कहलिन नपरोस्।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## विमानस्थलमा तस्करको राज !

देशकै प्रमुख अन्तर्राष्ट्रिय विमानस्थलबाट क्विन्टलका क्विन्टल सुन तस्करी भइरहेको समाचार पटक-पटक आइरहेको छ। यसपटक तस्करी हुँदै गरेको ५५ केजी अमेरिकी गाँजा बरामद भएको छ। यसले विमानस्थलको सुरक्षा व्यवस्था कमजोर हुँदै गएको र त्यहाँ तस्करहरूको राज चलिरहेको अनुमान गर्न सकिन्छ। नत्र त रिस्क हुँदाहुँदै यति ठूलो परिमाणमा सुन, लागुऔषध आदि ल्याउने कोसिस गरिँदो हो र ? कहिलेकाहीँ यसरी बरामद हुने र कहिलेकाहीँचाहिँ सजिलै 'पास' हुने गरेको देखिनुले पनि यहाँ हाम्रा सुरक्षा निकाय, भन्सार विभाग तथा राजस्व अनुसन्धानका कर्मचारी आदिभन्दा तस्करहरूको शक्ति बढी भएको अनुमान गर्न सकिन्छ। के विमानस्थलमा तस्करहरूको राज चलिनैरहने हो त ?

● **कृपा पुन**, सातदोबाटो, ललितपुर

## स्वीकृति किन नदिएको ?

फास्ट ट्र्याक निर्माण क्षेत्रमा पर्ने वनबाट रूख कटानीका लागि वनले अनुमति नदिँदा फास्ट ट्र्याक निर्माण नै प्रभावित भएको समाचार पढियो। देशको भौतिक विकासका लागि सडक बन्नु अति जरुरी छ। सडक निर्माणका क्रममा बाटामा भेटिने रूख कटानी गर्नु सामान्य हो। यसलाई पनि यो वा त्यो बहाना निकालेर रोक्नु भनेको विकास निर्माण हुन नदिनु हो। जब सरकारले फास्ट ट्र्याक निर्माण गर्ने भनेर निर्णय नै गरिसकेपछि यसरी रूख कटानीको स्वीकृति किन नदिइएको हो ?

● **पूर्णमान लिम्बू**
पुतलीसडक, काठमाडौं

## उखुको अनुदान कहिले आउँछ ?

अघिल्लो वर्ष किसानले उखु बिक्री गरेबापत सरकारले दिनुपर्ने झन्डै ५३ करोड अनुदान अझै नदिएको समाचार पढ्दा दुःख लाग्यो। कृषिप्रधान देश नेपालको सरकारले कृषिक्षेत्रलाई प्राथमिकता दिएर आन्तरिक रोजगारी बढाई नेपाली युवालाई यहीं रोक्ने गफ दिँदै आएको भए पनि स्वदेशको माग धान्ने गरी उखुखेती गरी देशका चिनी उद्योग सञ्चालनमा महत्त्वपूर्ण योगदान दिँदै आएका उखु किसानलाई यसरी किन बेवास्ता गरिँदै छ ? साथै, सरकारले उखुको समर्थन मूल्य बढाउन पनि किन आनाकानी गर्दै छ ? जवाफ चाहियो।

● **गौरव पाखिन**
सर्लाही

## स्कुले झोलाको तौल घटाऔं

स्कुलले किताबको भारीले थचक्क भुइँमा बस्नुपर्दा र त्यसपछि त्यही किताबको भारी बोक्न नसक्दाको बालबालिकाको पीडा शब्दमा वर्णन गर्न सकिँदैन। यही शब्दमा वर्णन गर्न नसकेको पीडालाइ खिचेर दृश्यमा देखाइएको एउटा भिडियो धेरै अघिदेखि सामाजिक सञ्जालमा भाइरल हुन पुगेको छ। उक्त कारुणिक दृश्य हेर्दा कुनचाहिँ अभिभावकको मन नरोला ? त्यो भिडियो कुनै काल्पनिक कहानी होइन, हाम्रै समाजमा दिनहुँ देखिरहेका या भोगिरहेका दृश्य हुन्। आफूभन्दा ठूला किताबको भारी बोकेर हिँडिरहेका हजारौँ बालबालिका हामी प्रत्येक दिन देखिरहन्छौं, तथापि उनीहरूका लागि हामीले केही गर्न सकिरहेका छैनौं। कुनै आवाज उठाउन सकिरहेका छैनौं। कुनै न्याय माग गरिरहेका छैनौं। बालबालिका आफैंले आवाज उठाउन सक्दैनन्। उनीहरूको दिमागले त्यो सोच्न पनि सक्दैन। स्कुलको डरले उनीहरू लुरुलुरु शरीरले थाम्न सक्नेभन्दा बढी भार बोकिरहेका हुन्छन्।

केहीअघि काठमाडौं महानगरका मेयर बालेन साहले शुक्रबारलाई बुक फ्री डे बनाएर बालबालिकालाई एक दिन भए पनि राहत दिने प्रयास गरे। तर, केवल एक दिनले मात्र हुँदैन। अन्य दिनलाई पनि बालबालिकामैत्री दिन बनाउन सक्नुपर्छ। यसर्थ, बालेनलगायत सबै स्थानीय सरकारले शिक्षाविद्हरूसँग परामर्श गरी झोलाको भार तोकी बढी भार बोकाउने स्कुललाई दण्डको व्यवस्था गर्नु जरुरी छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर- ८, काठमाडौं
gopaldevkota@gmail.com

---

# चिनियाँ लसुन अमेरिकी राष्ट्रिय सुरक्षामा चुनौती !

## अमेरिकामा चीनसम्बद्ध विषयलाई व्यापक ढंगले सुरक्षा चुनौती बनाउने प्रवृत्तिले सानातिना चासोलाई पनि विनाप्रमाण राष्ट्रिय सुरक्षासँग जोड्ने गरिन्छ

देश/विदेश

लसुनका पोटी चीनबाट महासागर पार गरेर आमअमेरिकीको टेबुलको खानामा प्रवेश गरेसँगै लसुन पनि अमेरिकी नेताको 'चिनियाँ खतरा'को भाष्यमा फस्नेछ भन्ने कसले अनुमान गरेको थियो होला र ? हालै रिपब्लिकन सिनेटर रिक स्कटले अमेरिकी वाणिज्यसचिवलाई पत्र लेखी 'कम्युनिस्ट चिनियाँ लसुन' अमेरिकी राष्ट्रिय सुरक्षाका लागि खतरा भएको दाबी गर्दै अनुसन्धानका लागि आह्वान गरेका थिए। मूर्खतापूर्ण पत्र मिडियामा खुलासा हुँदा 'अमेरिकी सिनेटर'को व्यावसायिक नैतिकतामाथिको सार्वजनिक धारणा खस्किएको छ, अर्थात् रिक स्कट र पत्र अन्तर्राष्ट्रियस्तरमा हाँसोको विषय बनेका छन्।

स्कटको माग स्पष्ट रूपमा बेतुके छ। भ्याम्पायर (रक्तपिपासु प्रेत)लाई लिएर बनेका केही पश्चिमा किंवदन्तीबाहेक लसुनलाई लिएर निराधार भय बोक्ने मानिस बिरलै हुन्छन्। अनलाइन भिडियो र पकवान ब्लगलाई पत्याउँदै स्कटले चिनियाँ लसुन मानव दिसा-पिसाब र ढललाई मलका रूपमा प्रयोग गरी खेती गरिन्छ भन्दै लसुनको सुरक्षा र स्वच्छताबारे चिन्ता व्यक्त गरेका थिए। उनका अनुसार यदि खाद्य पदार्थ असुरक्षित छ भने यसले अमेरिकी 'राष्ट्रिय सुरक्षा, जनस्वास्थ्य र आर्थिक समृद्धि'माथि गम्भीर खतरा निम्त्याउँछ। स्कटलाई इन्टरनेटमा विशेष रुचि भए पनि उनी पढ्ने-लेख्ने मान्छे रहेनछन्। सन् १९११ को सुरुवातमा अमेरिकी कृषि वैज्ञानिक फ्र्यांकलिन हिराम किङले आफ्नो पुस्तक 'फार्मर्स अफ फोर्टी सेन्चुरिज : ओर्ग्यानिक फार्मिङ इन चाइना, कोरिया एन्ड जापान'मा प्रांगारिक मल (जनावर चौपायाको मलमूत्रबाट बन्ने मल) पूर्वी-एसियाली कृषिको दिगोपनको अभिन्न अंग थियो भनेर लेखेका थिए। किङको यो बुझाइले वर्तमान वैज्ञानिक ज्ञानलाई मात्र प्रतिबिम्बित गर्दैन, यसले अमेरिकी कृषिका लागि प्रेरणाका रूपमा पनि काम गरेको थियो। बिबिसीसमेतले स्कटको चिनियाँ लसुनप्रतिको भयलाई अनदेखा गर्न सकेन र स्कटको भय निराधार हो भनेर पुष्टि गर्न एक क्यानेडेली संस्थाको उद्धरणसमेत लियो।

वास्तवमा भन्ने हो भने, अमेरिकी विधायकको तल्लोस्तरको आरोप सुन्ने जोकोही पनि खित्का छाडेर हाँस्नेछ। तर, यस्ता आरोप दोहोरिइरहन्छन् भने यसले स्पष्टतः शत्रुता झल्काउँछ। हुवावे, जेडटी, सिन्जियाङ कपास, समुद्री खाद्य पदार्थ र लसुनसम्मका बेतुके टिप्पणी अमेरिकामा सुन्न सकिन्छ। यी बेतुके टिप्पणी अमेरिकी कंग्रेस सदस्यका 'मानसिक समस्या'को उपज मात्रै नभई यस्ता टिप्पणीलाई प्रोत्साहन गर्ने राजनीतिक वातावरणको उपज पनि हो। अमेरिकामा चीनसम्बद्ध विषयलाई व्यापक ढंगले सुरक्षा चुनौती बनाउने प्रवृत्तिले सानातिना चासोलाई पनि विनाप्रमाण राष्ट्रिय सुरक्षासँग जोड्ने गरिन्छ। यसले केही चीनविरोधी नेतालाई दुनो सोझ्याउने अवसर दिन्छ।

स्कटले निकालेको लसुन मामिला नै लिऊँ। सन् २०२० मा जब महामारी फैलियो तब यातायात खर्च र अन्य कारणले अमेरिकामा चिनियाँ लसुन निर्यात हुन सकेन र अमेरिकामा लसुनको भाउ अकासिएको थियो। अहिले दुई वर्षयताको तीव्र मुद्रास्फीतिका समयमा चिनियाँ लसुन निर्यातका कारण आमअमेरिकीले सस्तोमा लसुन खरिद गर्न पाएका छन्। यसबाट को खुसी नहोला ? तर, सिनेटर स्कटजस्ता मान्छे दुःखी भएका छन्, जो कृषिमा धनी राज्य फ्लोरिडाबाट प्रतिनिधित्व गर्छन् र सतहमा बेतुके कुरा गर्दै रणनीति बनाइरहेका हुन्छन्। उल्लेखनीय के छ भने, अमेरिकी मूलधारका मिडिया प्रायः 'चिनियाँ खतरा'का भाष्यप्रति संवेदनशील हुने गर्छन्। तथापि, यसपटक अमेरिकी मिडियामा मौनता देख्न सकिन्छ, अर्थात् स्कटको पत्रलाई खासै ग्राह्यता दिएको देखिएन। महत्त्वपूर्ण विषय के हो भने अमेरिकी सांसदको चरम चीनविरोधी विचारका मामिलामा अमेरिकी जनमतले 'मौन रहने' र यस्ता विचारको पर्दाफास नगर्ने छनोट गरेको देखिन्छ। यो




कार्टुन : लिउ रुई/ग्लोबल टाइम्स

मौनताले 'सुरक्षा खतरा'को मुकुन्डो लगाएर अनुचित प्रतिस्पर्धाको खतरनाक स्वीकृति र चरम स्वार्थको सामूहिक 'मौन अनुमोदन'को संकेत दिन्छ। तसर्थ, स्कटको पत्रलाई 'ठट्टा'मा मात्रै सीमित गर्न सकिँदैन। वास्तवमा यो भद्दा मजाक मात्रै होइन, यो चीन-अमेरिकी सम्बन्धको कठोर यथार्थ हो। सांसदका झुटले क्षति पुऱ्याउँछ भन्ने व्यापक चेतनाका बाबजुद यी गलत धारणाको निरन्तरता र वृद्धि डढेलोझैं सल्किरहेको छ। प्रश्न उठ्छ, यसको विनाशकारी प्रभावबारे सामूहिक मान्यता मौजुद हुँदाहुँदै पनि गलत सूचनाको चक्र किन टिकिरहन्छ ? केहीले अझै पनि अमेरिकी क्यापिटोल हिल (संसद् भवन)ले अमेरिकाको 'विविधतापूर्ण संस्कृति' झल्काउँछ भन्छन्। तर, वास्तवमा अमेरिकी संसद् 'षड्यन्त्रको सिद्धान्त' उब्जाउ हुने मलिलो प्रजननस्थल हो जसले 'अमेरिकी संस्कृतिको' उत्थानमा रोक लगाउँछ। अर्को भाषामा भन्ने हो भने यी षड्यन्त्रका सिद्धान्तले विश्वजगत्मा अमेरिकी राष्ट्रको छविलाई दिनानुदिन धूमिल बनाउँदै गइरहेको छ।

चिनियाँ लसुनलाई मानव दिसा-पिसाबबाट निषेचित गरी ढलमा उब्जाइएको थियो भन्ने भनाइ पत्रमा उल्लेख गरेर स्कट र अन्यले चीनप्रति पुरानो एवं गलत धारणा राख्छन् भन्ने स्पष्ट पारेका छन्। यी दाबीकर्ताले चीनको कृषि अभ्यासबारे थप सूचित भई आफ्नो विवेकको दायरा बढाउन आवश्यक छ। चीनले निर्यात गर्ने लसुनका लागि सुरक्षा प्राविधिक रोपण मापदण्डको कडाइसाथ पालना गर्छ जसले मल र सिँचाइको पानी मात्र नभई हावाको गुणस्तरलाई पनि समेट्छ। यदि खाद्य सुरक्षाका वैध सरोकार छन् भने तिनलाई सामान्य र पारदर्शी माध्यममार्फत दुवै पक्षद्वारा प्रभावकारी रूपमा सम्बोधन गर्न सकिन्छ। लसुनलाई वैचारिक रुढीबद्धताको चस्माबाट एक किसिमको संज्ञा दिनु वा 'आक्रमण' गर्नु आवश्यक छैन। जति बलपूर्वक अमेरिकाले प्रहार गर्छ त्यति नै अमेरिकाले आफ्नो अज्ञानता प्रकट गर्छ। यसले अमेरिकामा रहेको बौद्धिकताविरोधी प्रवृत्तिलाई लिएर विश्वव्यापी चिन्ता पनि बढाउँछ।

*(११ डिसेम्बरको ग्लोबल टाइम्सको सम्पादकीय)*

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# जनताका सुझावलाई लिपिबद्ध गरेर भविष्यको कार्ययोजना बनाउँछौं

एमालेले १४ मंसिरमा बैतडीको झुलाघाटबाट सुरु गरेको १९ दिने मध्यपहाडी संकल्प यात्रा १ पुसमा पाँचथरको चिवाभन्ज्याङमा पुगेर समापन भएको छ। यात्राको क्रममा अध्यक्ष केपी ओलीमाथि आक्रमण प्रयाससमेत भयो। यसै पृष्ठभूमिमा एमालेको 'संकल्प यात्रा', राष्ट्रिय राजनीति, सरकार, दलहरूले चलाइरहेको 'मिसन ८४'लगायतका विषयमा महासचिव शंकर पोखरेलसँग **शुरोजंग पाण्डे**ले गरेको कुराकानी :

● भोलिका दिनमा लोकतन्त्रलाई कसरी प्रभावकारी बनाउने, समृद्ध नेपाल सुखी नेपालीको आकांक्षालाई कसरी प्रभावकारी ढंगले पूरा गर्ने भन्ने सन्दर्भमा जनताका बीचबाट आएका सुझाव र मागपत्रले महत्त्वपूर्ण आधारका रूपमा काम गर्छन्। त्यसलाई हामीले मार्गदर्शनका रूपमा प्रयोग गर्ने सोच बनाएका छौं।



■ शंकर पोखरेल, महासचिव, नेकपा एमाले

● मध्यावधि त नेकपा एमालेको भूमिकामा भर पर्ने कुरा होइन। त्यो त गठबन्धनको असफलताबाट निसृत हुने विषय हो। त्यसैले अहिले हामीले बीचैमा मध्यावधि चुनावको विषयभन्दा पनि गठबन्धन असफल छ, कम्तीमा मुलुकलाई सही बाटो देखाउने हो भने मिसन ८४ मा अहिलेजस्तो कमजोर संसद् हुनुहुँदैन भन्ने प्रस्ट सन्देश दिइरहेका छौं।

**सुदूरपश्चिम बैतडीको झुलाघाटदेखि पूर्वको पाँचथरको चिवाभन्ज्याङसम्मको १९ दिने मध्यपहाडी संकल्प यात्रामा एमालेले जनताका प्रमुख सरोकार र समस्याहरूलाई मूलभूत रूपमा कसरी अनुभूत गरेको छ ?**

पहिलो, अभियानको विशेषताबारे प्रकाश पारेपछि तपाईंले खोजेको प्रश्नको जवाफमा प्रवेश गर्छु। हामीले मंसिर १४ देखि बैतडीको झुलाघाटबाट राष्ट्रिय झन्डा फहराएर अभियानको शुभारम्भ गर्‍यौं। विभिन्न ठाउँमा सभा आयोजना गर्ने, धेरै ठाउँमा जनतासँग प्रत्यक्ष संवाद गर्ने र स्थानीय विशेषतालाई धेरैभन्दा धेरै उजागर गर्ने सोचका साथ अभियान आरम्भ गरेका थियौं। अभियानका क्रममा थुप्रै विशेषता प्रकट भएका छन्। पहिलो, नेपालको राजनीतिमा पछिल्लो समयमा खासगरी परिवर्तनप्रति नै जुन प्रकारको वितृष्णा पैदा गर्ने, अस्थिरता पैदा गर्ने र समाजलाई द्वन्द्वतिर लैजाने प्रवृत्ति अगाडि बढेका थिए। मान्छेहरूमा एकप्रकारले व्यवस्था र राजनीतिक दलहरूप्रति नै कतै अनास्था र अविश्वास बढेको हो कि भन्ने जुन मान्यता विकास हुन खोजेजस्तो देखिन्थ्यो, त्यसलाई हाम्रो यात्राले गलत साबित गरिदिएको छ। खासगरी जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा, मूलधारको राजनीतिको पक्षमा छन् र राज्यसत्तामा कमजोरी रहँदारहँदै पनि राजनीतिक दलहरूले नै सुधार गर्न सक्छन् भन्ने सन्देशलाई सहज ढंगले आत्मसात् गर्दारहेछन् भन्ने देखाएको छ।

अर्को, यो यात्रामा आमजनताको सहभागिता अभूतपूर्व रह्यो। एउटा महत्त्वपूर्ण पक्ष के रह्यो भने आयोजक नेकपा एमाले रहँदारहँदै पनि समग्रतामा राष्ट्रिय अभियान र यात्राका रूपमा यसलाई जनताले लिएको पाइयो। विभिन्न स्थानमा सर्वदलीय र सर्वपक्षीय बैठक आयोजना हुने, छलफल गरेर सामूहिक माग पूर्वप्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीसमक्ष प्रस्तुत गर्ने काम भएको छ। यस सिलसिलामा धेरै जिल्लामा सर्वदलीय, सर्वपक्षीय बैठक आयोजना भएका छन्। अभियानका क्रममा हामीले राजनीतिक रूपले विकासका मुद्दामा सहकार्य गरेर साझा दृष्टिकोण तय गर्नुपर्छ भन्ने मान्यता स्थानीय तहदेखि नै उजागर भएको पायौं। अर्को विशेषता, चाहे वृद्धवृद्धा हुन् या बालबालिका। नवयुवायुवती हुन् या समाजका लब्धप्रतिष्ठित व्यक्तिहरू। विभिन्न वर्ग र तहका मान्छेहरूमा अध्यक्ष केपी शर्मा ओलीप्रति अभूतपूर्व आकर्षण देखियो। वास्तवमा केपी ओली आमजनताका बीचमा अत्यन्त लोकप्रिय नेताका रूपमा स्थापित हुनुभएको छ भन्ने कुरा यो यात्राले पुनर्पुष्टि गरेको ठान्छु म। यात्राका क्रममा हामीले नेपालको समग्र विविधता र त्यसभित्रको एकतालाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने मौका प्राप्त गर्‍यौं।

अर्को पक्ष, मध्यपहाडको विकासका सम्भावनाबारे हामीले छलफल चलाउन खोजेका थियौं। विभिन्न ठाउँमा खेतीपाती गरिरहेका र उद्यमशीलतामा अगाडि बढिरहेका व्यक्तिलाई सम्मान गर्ने र उहाँहरू स्वयंले आफैंले आफ्ना उत्पादन उपहारका रूपमा काम भएको छ।

हामीले मध्यपहाडी लोकमार्गको अवस्थाका बारेमा प्रत्यक्ष रूपमा बुझ्न, त्यहाँका जनताहरूको मूल्यांकन गर्ने प्रत्यक्ष अवसर प्राप्त गर्‍यौं र धेरै ठाउँमा लोकमार्ग निर्माणका क्रममा अवरोध सिर्जना भएको पनि हामीले महसुस गर्‍यौं। कतिपय ठाउँमा एकप्रकारले मुआब्जा र क्षतिपूर्तिका विषयमा विवादले गर्दा काम अगाडि बढ्न नसकेको पनि पायौं। हाम्रो एउटा मुख्य उद्देश्य मध्यपहाडी लोकमार्ग सडकको अडिट गर्ने पनि थियो। त्यसको सम्भावनाबारे पनि अध्ययन गरेका छौं।

सबभन्दा महत्त्वपूर्ण पक्ष, जनताको सहयोगमा जनताको बीचमा भन्ने मान्यतालाई हामीले यात्राका क्रममा अत्यन्त सफलतापूर्वक लैजान सक्यौं। कतिपयलाई लाग्न सक्छ- यत्रो अभियानको खर्च एमालेले कसरी व्यवस्थापन गर्‍यो होला ?। हामीले आमकार्यकर्ताका बीचबाट, समर्थक-शुभेच्छुकको बीचबाट स्वतस्फूर्त रूपमा सहयोग प्राप्त गर्‍यौं र पार्टीले कुनै ठूलो लगानी गर्नुपरेन।

**तपाईंले अभियानको सफलताबारे विस्तृतमै बताउनुभयो। अभियानमा जनताले देखाएको उत्साह, गुनासा, समस्या र अपेक्षा प्रशस्तै आएको कुरा पनि गर्नुभयो। अब ती कुरालाई एमालेले कसरी सम्बोधन गर्ला भन्ने आमप्रश्न वा जिज्ञासा छ।**

हामीले खासगरी प्रत्येक जिल्लामा सर्वदलीय, सर्वपक्षीय छलफलबाट पनि थुप्रै महत्त्वपूर्ण सुझाव, माग, ज्ञापनपत्र प्राप्त गरेका छौं। त्यति मात्र होइन, आफ्नो समुदायगत हिसाबले पनि विभिन्न समूदायबाट सुझाव आएका छन्। ती सबै मागलाई काठमाडौं पुगिसकेपछि लिपिबद्ध गर्छौं र त्यसका आधारमा पार्टीका तर्फबाट भविष्यको कार्ययोजनाका रूपमा पार्टीले अवलम्बन गर्ने नीति, योजनाका रूपमा सामेल गर्न छलफल गर्छौं। वास्तवमा भोलिका दिनमा लोकतन्त्रलाई कसरी प्रभावकारी बनाउने, समृद्ध नेपाल सुखी नेपालीको आकांक्षालाई कसरी प्रभावकारी ढंगले पूरा गर्ने भन्ने सन्दर्भमा जनताका बीचबाट आएका सुझाव र मागपत्रले महत्त्वपूर्ण आधारका रूपमा काम गर्छन्। त्यसलाई हामीले मार्गदर्शनका रूपमा प्रयोग गर्ने सोच बनाएका छौं।

**संसद्मा रास्वपा, जनमतसहितका दलको नयाँ शक्तिका रूपमा उपस्थिति छ। एमाले र कांग्रेसजस्ता पार्टीले मुलुकलाई ठीक ढंगले नेतृत्व गर्न सकेनन् भन्ने जनअसन्तुष्टिको जगमा यि शक्ति उदाएको विश्लेषण गरिन्छ। तपाईंहरूको अभियानले जनतामा केही नयाँ उत्साह थप्यो त ?**

अहिले हाम्रो अभियानको मूल नारा नै अब धेरै राजनीतिक दल होइन, बलिया राजनीतिक दल र राष्ट्रिय शक्तिको निर्माण विकास र समृद्धिका लागि अपरिहार्य छ भन्ने हो। अब गठबन्धन होइन, एकल बहुमतको सरकार आवश्यक छ र त्यो नेकपा एमालेको नेतृत्वमा भयो भने मात्र मुलुकले सही बाटो लिन सक्छ भन्ने मान्यतामा छौं। गठबन्धन भत्काएर बनाउने सरकारबाट समस्या समाधान भइहाल्छ भन्नेमा त्यति विश्वस्त छैनौं। त्यसैले हाम्रा लागि मिसन ८४ नै मुख्य विषय हो। त्यसका लागि बलियो राष्ट्रिय शक्तिका रूपमा देशलाई सुदृढ गर्न जरुरी छ। किनकि, अहिले पनि एमाले लोकप्रिय पार्टी त हुँदै हो। तर, त्यो पर्याप्त छैन। त्यसलाई अझ सबल, सुदृढ बनाउनुपर्छ भन्ने दृष्टिकोणलाई अगाडि बढाएका छौं। त्यसमा जनताको राम्रो साथ र समर्थन रहेको हामीले पाएका छौं।

जनमतसहितको संसद् आवश्कता छ भन्ने मान्यतालाई नै हामीले जनताको बीचमा लिएर गएका छौं। त्यो नै अभियानको महत्त्वपूर्ण पक्ष हो भन्ने ठान्छु।

**एमालेको अभियान कोशी प्रदेश प्रवेश गरेपछि पहिचानवादीहरूले छिटफुट अवरोध गर्ने कोसिस गरेको देखियो। खासगरी धनकुटाको लेगुवामा स्थानीय महेश राईले अध्यक्ष ओलीमाथि हातपातको प्रयास गरेको भिडियो पनि सामाजिक सञ्जालबाट बाहिरिएको थियो। त्यो घटनालाईचाहिँ एमालेले कसरी लिएको छ ?**

सामान्यतया, त्यसलाई हामीले एउटा मदिरा सेवन गरेको व्यक्तिलाई लाइनबाट हटाउन खोज्दा विवादका रूपमा प्रकट भएको घटनाका रूपमा लिएका छौं। यद्यपि, आमसञ्चार माध्यमहरूले त्यसलाई अध्यक्षमाथिकै आक्रमणका रूपमा पनि चर्चा गर्ने काम गरे। आक्रमणको प्रयास गरेको भनेको भए त्यो बेग्लै विषय हुन्थ्यो होला।

**देखियो नि ?**

अभियानको व्यवस्थापनका हिसाबले पनि त्यही जरुरी थियो। किनकि हामी समयको अत्यन्त दबाबमा थियौं। एकैदिन धेरै कार्यक्रमहरूलाई सम्बोधन गरेर हिँड्नुपर्ने, सहभागी हुनेका चाहना पनि अध्यक्षको सम्बोधन सुन्न पाए हुन्थ्यो भन्ने नै हामीले पायौं। यसर्थ, यात्राको नेतृत्व अध्यक्षले गरिरहँदा लामो समय अध्यक्षलाई प्रतीक्षा गरिरहेका मान्छेहरूलाई अध्यक्षकै तर्फबाट केही कुरा सम्बोधन गर्न लगाउने नै उचित हुन्थ्यो। हामीले त्यही गरेका हौं। यद्यपि, हाम्रो उद्देश्यचाहिँ सभा समारोह होइन, यात्रा थियो। यात्राका क्रममा हामीले स्वागत गर्ने, आफ्ना गुनासा प्रस्तुत गर्नेहरूलाई पार्टी प्रमुखका तर्फबाट धन्यवाद दिने र सम्बोधन गर्ने सामान्य प्रक्रिया पूरा गरेका थियौं। कहीं पनि हाम्रो सम्बोधन १५-२० मिनेटभन्दा लामो रहेन। त्यस अर्थमा हामीले यसलाई अधिपछिको जस्तो समारोहका रूपमा लिनुहुँदैन।



समृद्धिका लागि संकल्प यात्रा २०८० को क्रममा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पाँचथरको फिदिममा शनिबार आयोजित आमसभालाई सम्बोधन गर्दै

**तपाईंहरूले बारम्बार देश मध्यावधिमा जान सक्छ भन्ने संकेत गर्दै आउनुभएको छ। यो अभियान त्यतैतिर लक्षित छ कि, मिसन ८४ कै लागि हो भन्ने त त्यति प्रस्ट देखिएन नि ?**

हामीले गठबन्धन सरकारका कारण मुलुक संकटमा जाँदै छ भन्ने संकेत गर्दै आएका छौं। गठबन्धन कायम रहुन्जेलसम्म वा एकप्रकारले भन्ने हो भने अहिलेको हङ पार्लियामेन्टमा एमाले नेतृत्वमा आउँदा पनि धेरै सम्झौता गर्नुपर्ने हुन्छ र त्यसले विकास र समृद्धिको योगदान गर्न सक्दैन। त्यसका लागि बलियो राष्ट्रिय शक्ति अपरिहार्य छ भन्ने नै हो। मध्यावधि त नेकपा एमालेको भूमिकामा भर पर्ने कुरा होइन। त्यो त गठबन्धनको असफलताबाट निशृत हुने विषय हो। त्यसैले अहिले हामीले बीचैमा मध्यावधि चुनावको विषयभन्दा पनि गठबन्धन असफल छ, कम्तीमा मुलुकलाई सही बाटो देखाउने हो भने मिसन ८४ मा अहिलेजस्तो कमजोर संसद् हुनुहुँदैन भन्ने प्रस्ट सन्देश दिइरहेका छौं। अहिलेजस्तो कमजोर राज्य र सरकार हुनु हुँदैन बलियो राज्य, बलियो सरकार र पर्याप्त आक्रमणै भएको भन्ने विषयका रूपामा जे प्रचार गरियो, त्यो गलत प्रचार थियो। वास्तवमा नशामा रहेका व्यक्तिले अवाञ्छित गतिविधि गरेको मात्रै हो। हामीले त्यही रूपमा लिएका छौं। जहाँ हामी गयौं, त्यहाँ जनताको अभूतपूर्व समर्थन, सहयोग रह्यो। यतिसम्म कि, तपाईंले चर्चा गरेकै ठाउँमा पनि हजारौंको संख्यामा जनता सहभागी भएर स्वागत गरिरहेका थिए। त्यो घटनाले स्वागत प्रक्रियामा कुनै असर पारेन। हामीले खासगरी धनकुटाको पाख्रीबासमा वैज्ञानिक र विद्यार्थीसँग गरेको अन्तर्क्रियामा त्यसले कुनै नकारात्मक असर पारेन। जति असर पऱ्यो, त्यो काठमाडौंमा गरिएका चर्चाले मात्रै के-के न भयो भनेजस्तो भयो। यात्रामा हिँडेकाहरू कसैले त्यसबारे कुनै अनुभूति नै गरेनन्।

**अभियानमा अध्यक्षसहित पदाधिकारी, स्थायी समितिका नेताहरू पनि देखिनुहुन्थ्यो। तर, सबै कार्यक्रममा अध्यक्षको मात्र सम्बोधन देख्दा अभियानलाई नै अध्यक्ष केन्द्रित गरेको हो कि, अध्यक्षलाई ब्रान्डिङ गरेको हो कि जस्तो पनि अध्यक्षले अभियानमा पर्याप्त मात्रामा सरकारको असफलता, राजतन्त्रको चलखेलबारे चेतावनीयुक्त सम्बोधन गरेको देखियो। के अब एमाले यो अभियानपछि सरकारको विकल्प खोज्न नयाँ समीकरण बनाउने काममा अग्रसर हुन्छ ?**

अभियान त हामीले मूलतः समृद्धिमै केन्द्रित गरेका हौं। जनताका गुनासा सुन्ने र जनतामा निराशा चिर्ने प्रयत्नकै रूपमा हामीले अगाडि बढाउन चाहेका थियौं। त्यसमा हामी पूर्ण रूपमा सफल रह्यौं भन्ने लागेको छ। जहाँसम्म अध्यक्षले समसामायिक राजनीतिका विषयमा बोल्ने कुरा स्वाभाविक रूपमै आवश्यक हुन्थ्यो। कतिपय विषयमा नबोल्दा किन बोलेन भन्ने हुँदा बोल्नैपर्ने परिस्थिति पनि सिर्जना हुन्थ्यो। त्यस हिसाबले पनि यात्राका क्रममा कतिपय राष्ट्रिय राजनीतिका विषय प्रस्तुत भएका छन्। तर, हाम्रो मूल उद्देश्य जनतासँग संवाद गर्ने, जनताको कुरा सुन्ने र जनतामा एकप्रकारले आशा जागृत गर्ने र जनतासँग पार्टीको सम्बन्ध जीवन्त बनाउने नै यो यात्राको उद्देश्य थियो।

**राष्ट्रिय सभाको चुनाव आउँदै छ। अहिलेको गठबन्धनले निरन्तरता पाउँदा एमालेले थप क्षति व्यहोर्नुपर्ने परिप्रेक्ष्यमा तपाईंहरू नयाँ गठबन्धन वा समीकरण बनाउनेतिर लाग्ने हो कि भन्ने चर्चा छ नि ?**

त्यसमा त हामी स्पष्ट नै छौं। अहिलेको गठबन्धन रहेसम्म मुलुक बर्बाद हुन्छ। हामीले परिणाम के आउँछ भन्नेमा त्यति चिन्ता गरेका छैनौं। त्यही अर्थमा हाम्रो विषय भविष्यतर्फ केन्द्रित छ। गठबन्धन आफैं टुट्दा सकारात्मक पक्षलाई साथमा लिन कोसिस गर्ने एउटा कुरा हो, तर अहिलेको राष्ट्रिय राजनीतिको समस्याको समाधान गठबन्धन तोड्ने हो भन्ने हाम्रो बुझाइ होइन। राष्ट्रिय राजनीतिको समस्याको समाधान बलियो राष्ट्रिय शक्तिका रूपमा एमालेलाई स्थापित गर्ने कुरा नै हो भन्ने हाम्रो बुझाइ हो।

**काठमाडौंसहितका सहरमा पछिल्लो चुनावमा एमालेको स्पेस खुम्चिएको देखिएको थियो। त्यसैले मध्यपहाड, जहाँ जनाधार बलियो छ, एमालेले त्यहीं अभियानकेन्द्रित गरेको जस्तो देखियो। के यस्तै अभियान अन्य क्षेत्रमा पनि चलाउनुहुन्छ ?**

त्यस्तो होइन। तपाईंले जुन हिसाबले चर्चा गर्नुभयो, त्यस हिसाबले मध्यपहाडी क्षेत्र एमालेको जनाधार बलियो भएको भन्ने अवस्था होइन। गत चुनावलाई आधार मानेर विश्लेषण गर्दा हामी त्यो पाउँदैनौं। किनकि, हामीले ३० जिल्लामा कार्यक्रम गरेका छौं। ती सबै जिल्लाको अवस्था फरक-फरक देखिन्छ। त्यसअर्थमा मुख्य जनाधार भएको क्षेत्र भन्ने अवस्था होइन।

**कोशी प्रदेशमा पहिचानवादीहरू अन्य पार्टीसँग भन्दा एमालेप्रति नै बढी आक्रामकजस्तो देखिन्छन्। प्रदेशको नामांकन परिवर्तन गर्ने उनीहरूको मुद्दालाई एमालेले कसरी बुझेको छ ?**

कोशी प्रदेशमा जुन हिसाबले हाम्रो अभियानलाई अवरोध सिर्जना गर्ने कोसिस गरियो, त्यसलाई जनताले नै अवज्ञा गरे भन्ने म ठान्छु। हामीले यात्राका क्रममा एउटा सन्देश दिने प्रयास गरेका छौं- कुनै पनि मागहरूको सम्बोधन संवादको माध्यमबाट शान्तिपूर्ण तरिका, संवैधानिक प्रक्रियाबाट मात्र हुन सक्छ। अन्य कुराबाट सम्भव छैन। यो कुरालाई आन्दोलनकारी पक्षले बुझ्न जरुरी छ। विगतमा नेकपा एमालेले नै संविधानभन्दा बाहिर गएका शक्तिहरू सिके राउत समूह, विप्लव समूहलगायतलाई पनि मूलधारमा ल्याउने कामको नेतृत्व गरेको हो। आज कोशी प्रदेश नामांकनको विषयमा जुन प्रकारको विवाद छ, नेकपा एमाले त सदैव आफ्नो मान्यतामा स्पष्ट नै छ। सधैं साझा पहिचानको पैरवी गरेको छ। उनीहरू नै धेरै अवसरवादी देखिए, जसले चुनावका वेलामा एकल जातीय पहिचानको कुरा गरे, तर संसद्भित्र साझा पहिचानका पक्षमा मतदान गरे। एकप्रकारले भन्ने हो भने पहिचानवादीहरू असन्तुष्ट हुनुपर्ने जसले धोका दियो, उनीहरूप्रति हो। नेकपा एमाले त सधैं आफ्ना मान्यतामा दृढ छ। स्थिति यो हुँदाहुदै प्रहारको निशाना सोझ्याउने कुरा उहाँहरूको गलत बुझाइको परिणाम हो। लोकतन्त्रमा आफ्ना मान्यताका पक्षमा जनतालाई परिचालन गर्ने अधिकार सबैलाई छ। नेकपा एमालेले साझा पहिचानका पक्षमा जनतालाई परिचालन गरेर प्राप्त गरेको जनादेशलाई साझा पहिचानकै पक्षमा प्रयोग गर्ने कुरा उसको कर्तव्य थियो भन्ने कुरा पहिचानवादी भन्ने शक्तिहरूले बुझ्नुपर्छ। जसले पहिचानको नारा अगाडि बढाएर साझा पहिचानको पक्षमा मतदान गरे उनीहरूले गद्दारी गरेका हुन् भनेर बुझ् दाचाहिँ उचित हुन्छ। यद्यपि, उनीहरूले गल्ती महसुस गरेका हुन् कि भन्ने बुझाइमा हामी थियौं तर पछि पुरानै बाटोमा फर्किदाँ चाँही उनीहरूको अवसरवाद, अस्थिरता झल्किको। जसले आज कोशी प्रदेशका जनतालाई उत्तेजित गरेको छ, चिन्तित बनाएको छ। त्यो कुरा अवसरवादका कारण उत्पन्न परिस्थिति हो भन्नेसबैले बुझ्न जरुरी छ।

● यात्राका क्रममा हामीले नेपालको समग्र विविधता र त्यसभित्रको एकतालाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने मौका प्राप्त गर्‍यौं। स्थानीय संस्कृतिहरू राष्ट्रियकरण हुने आधार यो यात्राले प्रदान गरेको छ भन्ने लाग्छ।

**काठमाडौं फर्किएपछि अभियानको समीक्षा कसरी गर्नुहुन्छ ?**

पाँचथरको अन्तिम सभा अभूतपूर्व रूपमा सफल भइसकेपछि जनपरिचालनका दृष्टिले अभियान सकिएको छ। चिवाभन्ज्याङमा अध्यक्षले औपचारिक रूपमा अभियान सम्पन्न भएको राष्ट्रिय झन्डोत्तोलन गरी घोषणा गर्नुभएको छ। ५ पुसमा काठमाडौंमा आएर विशेष कार्यक्रम गर्छौं। त्यो एक प्रकारले छलफल कार्यक्रम हुनेछ, कुनै सभासमारोहका रूपमा होइन। हामी यात्राका निष्कर्षलाई आफ्नो तरिकाबाट प्रस्तुत गर्ने काम गर्नेछौं।

■ नेपालगन्ज र कोहलपुरमा बन्ने आकासे पुल अनिश्चित

# १५ महिनामा सक्ने सम्झौता तर १३ महिना बित्दासमेत अन्योल

**विश्वराज पछ्लडङ्गया**/नयाँ पत्रिका

नेपालगन्ज र कोहलपुरमा निर्माण गर्ने भनिएका आकासे पुलको अवस्था अनिश्चित बनेको छ। सम्झौता भएको १३ महिना बिते पनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले डिजाइन रिभ्यु स्वीकृत नगर्दा आकासे पुल निर्माण अनिश्चित बनेको हो। ती पुलको पूर्वमन्त्री मोहम्मद इस्तियाक राईले गत मंसिरमा शिलान्यास गरेका थिए।

डिजाइन रिभ्युका लागि पुल महाशाखामा पठाएको लामो समय भए पनि अहिलेसम्म स्वीकृत नभएको सडक डिभिजन कार्यालय नेपालगन्जका डिभिजन प्रमुख इन्जिनियर नीरज शाक्यले बताए। 'डिजाइन रिभ्युका लागि पठाएको फाइल लामो समयदेखि पुल महाशाखामा थन्किएको छ। कहिले स्वीकृत हुन्छ यकिन छैन,' उनले भने, 'आकासे पुल निर्माणका लागि २८ कात्तिक, ०७९ मा चितवनको भरतपुरस्थित डायनामिक कन्स्ट्रक्सन प्रालिसँग सम्झौता भएको थियो। सम्झौता भएको १५ महिनामा काम सक्ने सहमति भएको छ, तर १३ महिना बितिसक्यो, अहिलेसम्म काम अगाडि बढेको छैन।'

सम्झौताअनुसार नेपालगन्जको गणेशमान चोक, बिपी चोक, धम्बोझी चोक, पुष्पलाल चोक र राँझा चोक तथा कोहलपुरको एक ठाउँमा आकासे पुल निर्माण गर्ने भनिएको छ। तर, निर्माणको काम अगाडि नबढ्दै विवाद सिर्जना भएको छ। कोहलपुरमा निर्माण गर्ने भनिएका ठाउँका घरधनीले पहिले नै निवेदन दिइसकेको शाक्यको भनाइ छ। 'राँझा चोकमा निर्माणको काम अगाडि बढाएका थियौं। जग खन्ने वेला विद्युत् प्राधिकरणले जमिनमुनि बिछ्याएको तार भेटियो। एक्साभेटरचालकलाई झन्डैले करेन्ट लागेन। त्यसपछि निर्माणको काम रोक्यौं,' उनले भने, 'सडक विभागको क्षेत्रभित्र पर्ने जमिनमा विद्युत् प्राधिकरणले सूचना नदिएर कसरी विद्युत् को तार अन्डरग्राउन्ड गऱ्यो ? कसले दिएको हो उसलाई अधिकार ?'

पुल निर्माणका लागि डायनामिक कन्स्ट्रक्सनसँग आठ करोड ३३ लाख रुपैयाँमा सम्झौता भएको डिभिजन प्रमुख शाक्यले बताए। उनले निर्माण कम्पनीसँग सम्झौता भए पनि अहिले बजेट नभएको बताए। 'एक त डिजाइन रिभ्यु भएको छैन। अर्कोतर्फ निर्माण गर्ने भनिएको आकासे पुल निर्माण शीर्षकमा बजेट नै छैन,' उनले भने, 'डिजाइन रिभ्यु स्वीकृत नहुँदै पुल बन्छ भन्न सकिने अवस्था छैन।' पूर्वभौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री मोहम्मद इस्तियाक राईको जोडबलमा नेपालगन्जमा चार र कोहलपुरमा एक गरी पाँचवटा आकासे पुल निर्माण गर्ने योजना परेको थियो। तर, राई मन्त्रीबाट बाहिएलगत्तै यो योजना अनिश्चित भएको छ। 'इस्तियाक राईज्यू मन्त्री भएका वेला सम्झौता गर्नेहरू अहिले कार्यान्वयन गर्न नसक्ने भन्दै पन्छिँदै छन्। सम्झौता कार्यान्वयन नहुँदा म समस्यामा परेको छु,' डिभिजन प्रमुख शाक्यले भने।

बाँकेबाट विजयी सांसदले चासो नदिँदा आकासे पुल निर्माणले गति लिन नसकेको पूर्वमन्त्री राईले बताए। उनले यस विषयमा आफूले विभागीय मन्त्री, मन्त्रालयका उच्च पदाधिकारी र पुल महाशाखाका कर्मचारीलाई ताकेता गरिरहेको बताए। 'सम्झौताअनुसारको काम छिटो अगाडि बढाउन बारम्बार ताकेता र दबाब दिइरहेको छु। डिजाइन रिभ्यु छिट्टै स्वीकृत गरेर काम अगाडि बढाउने आश्वासन पाएको छु,' उनले भने।

तर, डायनामिक कन्स्ट्रक्सन प्रालिका प्रमुख युवराज क्षेत्रीले डिजाइन रिभ्युका कारण नभई सडक डिभिजन कार्यालय नेपालगन्ज र सडक विभागको लापरबाहीले आकासे पुल निर्माण अगाडि बढ्न नसकेको बताए।

---

**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**

## Integrated Energy and Irrigation Special Program

**Pulchowk, Lalitpur**

## Invitation for Bids

**First Date of Publication: 2080/09/02**

Integrated Energy and Irrigation Special Program(IEISP) invites electronic bids fromNepalese eligible bidders having drilling license for the construction of investigation tube wells under National Competitive Bidding procedures.

| S. N. | Contract No. | Description and Location of Work | Estimated Amount (Including VAT and P.S. item) NRs. | Bid Security Amount (NRs) | Bid Document Fee NRs (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1 | ITW-080/81-01 | Construction of 200 mm (8") dia. Investigation Tubewell along the Sunkoshi River Corridor. | 99,60,253.28 | 2,50,000 | 3000 |
| 2 | ITW-080/81-02 | Construction of 200 mm (8") dia. Investigation Tubewell along the Lower Trishuli River Corridor. | 1,84,20,702.91 | 4,60,000 | 3000 |
| 3 | ITW-080/81-03 | Construction of 200 mm (8") dia. Investigation Tubewell along the Upper Trishuli River Corridor. | 1,60,05,557.68 | 4,00,000 | 3000 |
| 4 | ITW-080/81-04 | Construction of 200 mm (8") dia. Investigation Tubewell along the Trishuli River Corridor by Rotary/Percussion Method. | 41,76, 716.60 | 1,05,000 | 3000 |

Only electronics bidding through **www.bolpatra.gov.np./egp** is permitted and bid shall be submitted on or before 2080/10/03, 12:00 noon. Eligible bidders may obtain further information from Integrated Energy and Irrigation Special Program, Pulchowk, Lalitpur or may visit PPMO website **www.bolpatra.gov.np./egp**.

**Program Co-ordinator**

---

## NEPAL RED CROSS SOCIETY

## TENDER NOTICE

First Publication Date: 14 December 2023

Sealed tenders are hereby invited from registered firms/manufactures/authorized agent or distributor for the supply and delivery of Blood Bag, Rapid Test, CLIA Test, Antisera and Other Materials for NRCS, Blood Transfusion Service.

1. Tender document containing request for quotation, instruction to bidders, detailed specifications of each items and the terms & conditions etc. can be purchased from Nepal Red Cross Society, National NHQS, Red Cross Marga, Kalimati, Kathmandu during office hours from 14 December, 2023 to 14 January, 2024 on written request with relevant documents and against payment of non – refundable tender fee of Rs. 3,000/-.
2. Tenders in sealed cover with samples of required materials and the bank deposit voucher/bank guarantee of earnest money will be received at the above address during working days between 10.00 hrs. to 14.00 up to 16 January, 2024 at NRCS, Procurement Management Division. Bidders are responsible to maintain cold chain of testing kits. The tender received will be opened at 15:00 P.M. on 16 January, 2024 at NRCS, NHQS, Kalimati, Kahmandu. The bidders must meet all the requirements as specified in the tender documents and therefore advised to go through the tender documents carefully before submission and assure him/her for the compliance of the specified terms & conditions.
3. The bidder(s) must deposit 2.5 % including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17 0002089 33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd. Kathmandu or Bank Demand Draft payable in favor of the said account at the submission of bids or Bank guarantee issued by A class bank with validity of 3 months (90) days. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the agreement.
4. Any offer, discount, increase or decrease in price after opening the sealed tender will not be accepted.
5. The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and also to accept or reject part or whole tender or any or all the tenders without assigning any reason whatsoever and not bound to accept the lowest bid.
6. Important: All bidders are requested to submit the technical and the financial proposal in the separate envelope and must clearly mention the name of the proposal in front of the envelope. Only technically qualified firms will be selected for final selection process. See The full Detail in First publish Notice.

**NEPAL RED CROSS SOCIETY**
**National Head Quarters**
**Red Cross Marga, Kalimati,**
**Kathmandu, Nepal**
**Phone: 4270167 / 5370650**

---

## राजर्षि जनक विश्वविद्यालय
### रजिष्ट्रारको कार्यालय
जनकपुरधाम, धनुषा (नेपाल)

### शिक्षक तथा कर्मचारी करारमा नियुक्ति सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०९/०२**

यस विश्वविद्यालयमा देहाय बमोजिमका शिक्षक तथा कर्मचारीहरुलाई करारमा नियुक्ति गर्न आवश्यक भएको हुँदा न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवेदन दस्तुर बुझाएको प्रमाण, वायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता तथा अनुभवको प्रमाण पत्रहरुको प्रतिलिपि र २ प्रति फोटो संलग्न गरी रितपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | सहायक प्राध्यापक/ कर्मचारी | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | Mathematics | २ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| २ | English | १ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ३ | Statistics | १ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ४ | Anthropology | १ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ५ | Computer Application | १ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ६ | Computer Information Technology | २ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ७ | Electronic Engineering | १ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ८ | Public Health | २ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ९ | Law | २ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| १० | Management | ४ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| ११ | Civil Engineering | १ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| १२ | Chemistry | १ | सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण। |
| १३ | मुख्य कार्यालय सहायक (पाँचौ) | २ | प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिनाको कम्प्युटर कोर्ष गरेको। |
| १४ | मुख्य लेखा सहायक (पाँचौ) | २ | व्यवस्थापन विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिनाको कम्प्युटर कोर्ष गरेको। |
| १५ | इलेक्ट्रीसियन (पाँचौ) | १ | इलेक्ट्रीकल विषयमा ३ वर्षे डिप्लोमा उत्तीर्ण। |
| १६ | मुख्य प्राविधिक सहायक, कम्प्युटर (पाँचौ) | १ | कम्प्युटर विषयमा ३ वर्षे डिप्लोमा उत्तीर्ण। (BE in Computer भएकालाई ग्राह्ता दिइनेछ)। |
| १७ | मुख्य प्राविधिक सहायक, सिभिल (पाँचौ) | १ | सिभिल विषयमा ३ वर्षे डिप्लोमा उत्तीर्ण। (BE in Civil भएकालाई ग्राह्ता दिइनेछ)। |
| १८ | कार्यालय सहायक (चौथो) | १ | प्रवेशिका वा सो सरह परीक्षा उत्तीर्ण गरी कम्तिमा ३ महिनाको कम्प्युटर कोर्ष गरेको। |
| १९ | लेखा सहायक (चौथो) | १ | प्रवेशिका वा सो सरह परीक्षा उत्तीर्ण गरी कम्तिमा ३ महिनाको कम्प्युटर कोर्ष गरेको। |
| १९ | ल्याव ब्वाई (चौथो ) | ३ | प्रवेशिका वा सो सरह परीक्षा उत्तीर्ण। |
| २० | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ | साधारण लेखपढ गर्न सक्ने भएको। |
| २१ | स्वीपर (श्रेणी विहिन) | १ | साधारण लेखपढ गर्न सक्ने भएको। |

**पदपूर्ति सम्बन्धि अन्य शर्तहरू** :

१. **दरखास्त दिने अवधि :** २०८०/०९/०२ देखि २०८०/०९/१६ बेलुका ४ बजे सम्म।
२. **उमेरको हद :** क्र.सं. १ देखि १२ सम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र क्र. सं.१३ देखि १९ सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
३. रा.ज.वि.मा Paper Course करार/आंशिक/मासिक ज्यालादारीमा कार्यरत शिक्षक/कर्मचारीलाई उमेरको हद लाग्ने छैन।
४. आवेदन दस्तुर क्र.सं. १ देखि १२ सम्म रु.२०००/-, क्र.सं. १३ देखि १९ सम्म रु. १०००/- र क्र.सं. २० देखि २१ सम्म रु. ५००/- मात्रको राजर्षिजनक विश्वविद्यालय जनकपुरधामको राष्ट्रिय वाणिज्य बैंक पिडारी शाखाको च. खाता नं. १५२०१०००२२८१००१ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न गर्नु पर्नेछ।
५. **परीक्षाको किसिम/मिति/समय :** लिखित, प्रस्तुतिकारण/प्रयोगात्मक र अन्तर्वार्ता र परीक्षाको मिति र समय पछी तोकिनेछ।
६. **विस्तृत जानकारी विश्वविद्यालयको website :** www.rju.edu.np र सूचना पाटिमा हेर्न सकिनेछ।

**सम्पर्क : info@rju.edu.np 041-590936, 9810163116**

**रजिष्ट्रार**

---

## NIC ASIA
एन आई सी एशिया बैंक लि.


**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ ख (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०८९ र २८७ को क्षेत्रफल क्रमश:०-२-१५-२ र ०-६-१०-० (विगाह) को घरजग्गा । |
| २. | यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ ख (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४४७ को क्षेत्रफल ०-०-३-२ (विगाह) को जग्गा । |
| ३. | यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मी) को घरजग्गा । |
| ४. | यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६८६ र २३८ को क्षेत्रफल क्रमश: ०-१२-१२-० र ०-३-३-० (विगाह) को जग्गा । |
| ५. | यस बैंकको नाममा मालपोत कार्यालय राजापुर, बर्दियाको लगतमा दर्ता कायम रहेका बर्दिया जिल्ला, नयाँगाउँ गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ५५ र ५६ को क्षेत्रफल क्रमश: १-१२-०-० र ४-३-१०-० (विगाह) को जग्गा । |
| ६. | यस बैंकको नाममा मालपोत कार्यालय गुल्मीको लगतमा दर्ता कायम रहेको गुल्मी जिल्ला, तमघास गा.वि.स. वडा नं. ५ (हाल रेसुङ्गा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ५४१ र १३९ को क्षेत्रफल क्रमश: १५५.०१ र ८०८.८२ (व.मी) को जग्गा । |
| ७. | यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ६ ङ ( हाल धनगढीमाई न.पा. वडा नं. ८ ) स्थित कित्ता नं. १०६८, ८३८, १०६९, १०७०, ८३९, १०६५, १०६४ र १०६३ को क्षेत्रफल क्रमश: ०-५-१५.५-०, ०-३-०-०, ०-५-१५.५-०, ०-०-१६-०, ०-१०-१२-०, ०-४-१५.७५-०, ०-५-०-० र ०-५-०-० (विगाह) को जग्गा । |
| ८. | यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, अर्घौ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा । |
| ९. | यस बैंकको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमश: ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा। |
| १०. | यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५, ६ र ७ को क्षेत्रफल क्रमश: ०-३-१२, ०-३-५ र ०-५-१० (विगाह) को जग्गा। |
| ११. | यस बैंकको नाममा मालपोत कार्यलय बुटवल, रुपन्देहीको लागतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा । |
| १२. | यस बैंकको नाममा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. ९) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा । |
| १३. | यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा। |
| १४. | यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बग्ही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमश: ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा । |
| १५. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सोनापुर गा.वि.स. वडा नं. ४ ख (हाल दुहवी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-५-०-० (विघा) को जग्गा । |




तपसिल नं. १ मा उल्लेखित सम्पति | तपसिल नं. २ मा उल्लेखित सम्पति | तपसिल नं. ३ मा उल्लेखित सम्पति | तपसिल नं. ४ मा उल्लेखित सम्पति

तपसिल नं. ५ मा उल्लेखित सम्पति | तपसिल नं. ६ मा उल्लेखित सम्पति | तपसिल नं. ७ मा उल्लेखित सम्पति | तपसिल नं. ८ मा उल्लेखित सम्पति

तपसिल नं. ९ मा उल्लेखित सम्पति | तपसिल नं. १० मा उल्लेखित सम्पति | तपसिल नं. ११ मा उल्लेखित सम्पति | तपसिल नं. १२ मा उल्लेखित सम्पति

तपसिल नं. १३ मा उल्लेखित सम्पति | तपसिल नं. १४ मा उल्लेखित सम्पति | तपसिल नं. १५ मा उल्लेखित सम्पति | तपसिल नं. १६ मा उल्लेखित सम्पति




तपसिल नं. १७ मा उल्लेखित सम्पति

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईनेछ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २ पुस ०८०

# विदेश जाने श्रमिक ३६२ प्रतिशतले बढे, रेमिट्यान्स २७ प्रतिशत मात्रै वृद्धि

## ०७७/७८ मा एक लाख ६६ हजार र ०७९/८० मा सात लाख ७१ हजार नेपाली गए वैदेशिक रोजगारीमा

**मुना कुँवर**/नयाँ पत्रिका

कोभिडपछि वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक जाने नेपाली कामदारको संख्या निकै बढेको छ। तर, रेमिट्यान्स आप्रवाहको दर भने न्यून छ। अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवस २०८० को पूर्वसन्ध्यामा नेपाल ट्रेड युनियन महासंघले एक प्रतिवेदन प्रकाशित गर्दै यस्तो तथ्यांक सार्वजनिक गरेको हो। प्रतिवेदनअनुसार वैदेशिक रोजगारीमा जाने कामदारको अनुपातमा रेमिट्यान्स अप्रवाहको दर निकै कम वृद्धि छ। आर्थिक वर्ष ०७७/७८ मा एक लाख ६६ हजार ६ सय ९८ नेपाली वैदेशिक रोजगारीमा गएका थिए। आव ०७९/८० मा भने सात लाख ७१ हजार तीन सय २७ नेपाली बिदेसिएका छन् । यो संख्या दुई आर्थिक वर्षको तुलनामा ३६२ प्रतिशतले बढी हो। आव ०७८/७९मा ६ लाख ३७ हजार विदेशिएका थिए। तर, रेमिट्यान्स आप्रवाह भने समीक्षा अवधिमा २७ प्रतिशत मात्रै बढेको तथ्यांक छ। आव ०७९/८० मा १२ खर्ब २० अर्ब रेमिट्यान्स आप्रवाह भएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ। अघिल्लो आव ०७७/७८ मा भने नौ खर्ब ६१ अर्ब, ०७८/७९ मा १० खर्ब ७ अर्ब रुपैयाँ रेमिट्यान्स आएको थियो।

बिदेसिने कामदारको संख्या मात्रै होइन, दक्ष कामदारको संख्या पनि वृद्धि भएको छ। विभागको तथ्यांकअनुसार आव ०७७/७८ मा वैदेशिक रोजगारीमा जाने कामदारमध्ये ४२.२४ प्रतिशत दक्ष जनशक्ति थिए। आव ०७८/७९ मा ४६.३२ प्रतिशत गए भने आव ०७९/८० मा ६५.६९ प्रतिशत दक्ष कामदार रोजगारीमा गएका छन्। दक्ष कामदार रोजगारीमा जाँदा मुलुक भित्रिने रेमिट्यान्स वृद्धि हुनुपर्ने हो। तर, यसले पनि रेमिट्यान्स आप्रवाहमा सकारात्मक प्रभाव नदेखिएको महासंघले जनाएको छ।

बिदेसिने कामदार बढे पनि रेमिट्यान्स नबढ्नुले त्यस्तो रकम गैरकानुनी प्रयोग भएको हुन सक्ने जिफन्टले जनाएको छ। दक्ष जनशक्ति पलायन हुँदा विदेशमा नै परिवार लैजाने र उतै व्यवसाय गर्ने हुँदा पनि रेमिट्यान्सको अनुपात नबढेको जिफन्टको जिफन्टका उपाध्यक्ष जनक चौधरीले बताए।

### ■ युरोप आकर्षण बन्दै

वैदेशिक रोजगारीमा जाने नेपाली कामदारका लागि युरोप आकर्षक गन्तव्य बन्न थालेको छ। रोमानिया, क्रोएसिया, माल्टा, साइप्रस, पोल्यान्ड र बेलायततर्फ नेपाली कामदार मोडिन थालेको महासंघको प्रतिवेदनमा उल्लेख छ। विभागको तथ्यांकअनुसार गत आव ०७९/८० मा १४ हजार दुई सय २५ नेपाली कामदार रोमानिया गए। आव ०७८/७९ मा सात हजार चार सय ७४ र आव ०७७/७८ मा दुई हजार ९९ जना रोमानिया पुगेको तथ्यांक छ।

त्यस्तै, युरोपियन मुलुकमध्ये नेपाली कामदारको रोजाइमा दोस्रो परेको मुलुक क्रोएसिया हो। आव ०७९/८० मा सात हजार चार सय ४१ जना नेपाली कामदार गएको तथ्यांक छ। आव ०७८/७९ मा पाँच हजार तीन सय ४४, आव ०७७/७८ मा भने एक हजार ९४ जना नेपाली कामदार गएको देखिन्छ। आव ०७९/८० माल्टा जानेको संख्या ६ हजार तीन सय तीन छ। आव ०७८/७९ मा एक हजार नौ सय १५, आव ०७७/७८ मा भने तीन सय १५ जना गएका थिए।

यसका साथै आव ०७९/८० मा पाँच हजार तीन सय १७ जना साइप्रस, पाँच हजार एक सय १२ जना पोल्यान्ड, दुई हजार दुई सय ६४ जना बेलायत गएको तथ्यांकले देखाउँछ। आव ०७८/७९ मा भने चार हजार एक सय ८१ जना साइप्रस, एक हजार आठ सय ५५ र दुई हजार आठ सय १४ जना बेलायत गए। आव ०७७/७८ मा भने एक हजार दुई सय ५५ जना साइप्रस, सात सय पाँचजना पोल्यान्ड र तीन सय १७ जना बेलायत पुगेका छन्।

वैदेशिक अध्ययनका लागि मात्रै चालू आवमा १० हजार दुई सय १७ जनाले नो अब्जेक्सन लेटर लिएका छन्। गत आवमा एक सय ११ वटा मुलुकका लागि एक लाख १० हजार दुई सय १७ जना विद्यार्थीले नो अब्जेक्सन लेटर लिएको तथ्यांक छ। वैदेशिक अध्ययनका लागि जानेमध्ये अस्ट्रेलिया जाने अधिक ३३ हजार नौ सय ९१ जना छन्। २१ हजार ६ सय ५८ जनाले क्यानडा, १० हजार पाँच सय २७ जनाले जापान जानका लागि नो अब्जेक्सन लेटर लिएका छन्। कोरिया अध्ययनका लागि तीन हजार ४६ जनाले लेटर लिए भने युएई अध्ययनका लागि ३८ हजार ६ सय ६ जनाले लेटर लिएको तथ्यांक छ।

### ■ आठ महिनामा दुई सय तीन पीडितको उजुरी

वैदेशिक रोजगारीमा जाने कामदारमध्ये पछिल्लो आठ महिनामा दुई सय तीनजना पीडितले जिफन्टमा उजुरी दिएका छन्। सो अवधिमा जिफन्टमा ७८ वटा उजुरी परेका छन्।

जिफन्टले नेपालबाहिरका कामदारलाई सहयोग गर्न गन्तव्य मुलुकको कानुन पालना हुने गरी जिफन्ट सहयोग समूह बनाई श्रमिकको समस्या समाधान गर्ने विधि अवलम्बन गरेको छ। अहिले दक्षिण कोरिया, मलेसिया, कतार, कुवेत, बहराइनमा जिफन्ट सहयोग समूह क्रियाशील छन्। जोर्डन, लेबनानमा स्थानीय युनियनसँग जोडेर नै काम गर्ने वातावरण बनाइएको छ। युएईमा भने हालै मात्रै समूह पुनः व्यवस्थापन गरिएको छ।

यसैक्रममा यो वर्षमा जिफन्टमा परेका उजुरीमध्ये मलेसियाबाट १३ उजुरी परेका छन्। जसमा पीडितको सख्या ६३ छ। युएईमा १३ जना पीडितले १२ वटा उजुरी दिएका छन्। साउदी अरेबियाबाट २१ जनाले दिएका १२ वटा उजुरी छन्। कुवेतबाट १८ जनाले १६ वटा उजुरी दिएका छन्। कतारमा भने १४ वटा उजुरी परेका छन्। पीडितको संख्या भने ५८ छ। त्यस्तै, पोर्चुलबाट एकजनाले एउटा उजुरी दिएका छन्। क्रोएसियाबाट तीनजनाले उजुरी दिएका छन्। तर, पीडित संख्या सात छन्। अमेरिकाबाट दुईजनाले एउटा उजुरी दिएका छन्। डेनमार्कबाट पाँचजनाले एउटै उजुरी दिएका छन्। नेपालबाट पाँचवटा उजुरी परेको छ। १५ जना पीडित छ।

जिफन्टमा परेको उजुरीमध्ये रोजगारीमा पठाइदिन्छु भनेर रकम ठगी गरेको बढी छन्। त्यस्तै, बिरामी भई काम गर्न नसक्दा कम्पनीले उपचार नगरेका कारण उपारकै लागि उद्धार गर्नुपरेको, सम्झौताअनुसार काम र तलब नपाएको, मृतकको शव नेपाल भिकाउन नसकेको, क्षतिपूर्ति नपाएको, जेलमा परेको श्रमिकाको उद्धार नभएको गुनासो आउने गरेको जिफन्टले जनाएको छ। साथै, परिवारसँग भेट्नइदिन र अलपत्र परेको श्रमिकको उद्धार गरिदिन भन्दै जिफन्टमा उजुरी पर्ने गरेको छ।



### १४ वर्षमा १२ हजार ३८ ले गुमाए ज्यान

१४ वर्षको अवधिमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारमध्ये १२ हजार ३८ जनाले ज्यान गुमाएका छन्। महासंघले सार्वजनिक गरेको प्रतिवेदनअनुसार तीन सय सातजना महिला र ११ हजार सात सय ३१ जना पुरुषले विदेशी भूमिमा ज्यान गुमाएका छन्। तथ्यांकअनुसार सन् २०२२/२३ मा मात्रै एक हजार दुई सय ७३ जनाले ज्यान गुमाएका छन्। सबैभन्दा बढी २०२१/२३ मा एक हजार चार सय ७९ जनाले विदेशी भूमिमा ज्यान गुमाए। प्रतिवेदनअनुसार नेपाली कामदार अझै सुरक्षित नभएको महासंघका उपाध्यक्ष जनक चौधरीले बताए। तर, यसमा विषयमा सरकार मौन रहेको स्पष्ट हुने महासंघका उपाध्यक्ष चौधरीको भनाइ छ।

# नेवानिको ग्राउन्ड ह्यान्डलिङ यथावत् रहन्छ : पर्यटन मन्त्रालय



**काठमाडौं**/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले नेपाल वायुसेवा निगम (नेवानि)को ग्राउन्ड ह्यान्डलिङ सेवा यथावत् रहने भन्दै आन्दोलनरत कर्मचारीलाई काममा फर्किन निर्देशन दिएका छन्। आइतबार पर्यटन मन्त्रालयले निगमका अन्दोलनरत क्रियाशील ट्रेड युनियनहरूलाई पत्राचार गरी आन्दोलनका सबै गतिविधि रोकेर काममा फर्किन निर्देशन दिएका हुन्।

मन्त्रालयका शाखा अधिकृत कृष्णप्रसाद भट्टराईद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ, 'निगमको ग्राउन्ड ह्यान्डलिङ सेवाका सम्बन्धमा मन्त्रालयमा कुनै छलफल तथा आधिकारिक निर्णय भएको छैन। यस विषयमा सरकारले निर्णय नगर्दासम्म निगमको सेवा यथावत् रहनेछ। निगमको समग्र सुधारमा केन्द्रित हुँदै उच्चतम प्रतिफल र नतिजालाई मुख्य आधार बनाई काम गर्न निगमसम्बद्ध सम्पूर्ण क्रियाशील ट्रेड युनियनहरूले आन्दोलनका सबै गतिविधि रोकी तत्कालै काममा फर्किन मन्त्रीज्यूको निर्देशानुसार अनुरोध छ।'

नियमनकारी निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले दुई साताअघि निगमबाट 'ग्राउन्ड ह्यान्डलिङ' सेवा खोसेर प्रतिस्पर्धाका माध्यमबाट छनोट भएको संस्थामार्फत गराउने निर्णय गरेको थियो। निगमले गुणस्तरीय सेवा दिन नसकेको र ग्राउन्ड ह्यान्डलिङ सेवा पनि महँगो भएको गुनासो आइरहेको भन्दै क्यानले प्रतिस्पर्धाबाट अन्तर्राष्ट्रिय अनुभवप्राप्त सक्षम कम्पनी छनोट गर्ने तयारी थालेको थियो। क्यानको यस्तो निर्णयपछि निगममसम्बद्ध ट्रेड युनियनहरूले दैनिक डेढ घण्टा काम छाडेर आन्दोलन गर्दै आएका थिए। उडान सेवामा अर्बौं घाटा व्यहोर्दै आइरहेको निगमको ग्राउन्ड ह्यान्डलिङ सेवा खोसिए कर्मचारीले तलब खाने अवस्थासमेत नरहने स्थिति छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

# पाँच महिनामा खर्चको ८०% राजस्व उठ्यो

## अर्थतन्त्रमा सुधार आउन मौद्रिक लचकतापछि सरकारी वित्तको भरोसा, पाँच महिनामा पुँजीगत खर्च ११.९४ प्रतिशत मात्रै

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

चालू आर्थिक वर्षको पाँच महिनामा सरकारी खर्चको ८०.२२ प्रतिशत राजस्व संकलन भएको छ। अर्थात्, सय रुपैयाँबराबर बजेट खर्च हुँदा ८० रुपैयाँको राजस्व उठेको हो।


महालेखा नियन्त्रकको कार्यालयअनुसार यस अवधिमा चार खर्ब ५२ अर्ब खर्च भएको छ भने तीन खर्ब ६३ अर्ब राजस्व संकलन भएको हो। सरकारले चालू आर्थिक वर्षमा कुल बजेटको ८१.२२ प्रतिशत राजस्वले धान्ने लक्ष्य राखेको छ। अर्थात्, कुल १७ खर्ब ५१ अर्बको बजेटमा १४ खर्ब २२ अर्बको स्रोत राजस्वले व्यहोर्ने सरकारी लक्ष्य छ।

वार्षिक लक्ष्यअनुसारकै अनुपातमा बजेटको स्रोत राजस्वले धान्ने तथ्यले देखिए पनि राजस्व मासिक लक्ष्यअनुसार भने उठ्न सकेको छैन। अर्थ मन्त्रालयले निर्धारण गरेको लक्ष्यअनुसार पाँच महिनामा चार खर्ब ८० अर्ब उठ्नुपर्ने हो। यो लक्ष्यभन्दा एक खर्ब १६ अर्ब कम हो। यसले सरकारी खर्च कमजोर भएकाले खर्चको अनुपातमा राजस्व बढी देखिएको स्पष्ट देखिएको छ।

### मौद्रिक लचकतापछि सरकारी वित्तको भरोसा

लामो समयदेखि अर्थतन्त्र सुधार नआउनुमा कसिलो मौद्रिक नीतिलाई बाधक मानिएको थियो। तर, अहिले मौद्रिक नीतिमा राष्ट्र बैंकले लचकता अपनाउँदै नीतिगत दरसँगै ब्याजदर करिडोरका सबै दर घटाइसकेको छ। खर्चको तुलनामा राजस्व संकलन सन्तोषजनक रहेको र सरकारले पुँजीगत खर्च बढाउनेतर्फ ध्यान दिनुपर्ने अर्थशास्त्री डा. पुष्कर बज्राचार्यको भनाइ छ।

पाँच महिनामा सरकारले ३६ अर्ब ६ करोड मात्रै पुँजीगत खर्च गरेको छ। यो कुल पुँजीगत बजेटको ११.९४ प्रतिशत हो। अर्थशास्त्री डा. बज्राचार्यले चालू आवको आधा वर्ष हुन एक महिना बाँकी रहँदा सरकारले तुरुन्त आयोजनाहरूको प्राथमिकीकरण गरेर पुँजीगत खर्च बढाउनुपर्ने बताए। उनले भने, 'अहिले राजस्व ठिकठिकै उठेको छ। समस्या खर्चमा छ। तर, सरकार पैसा छैन भनिरहेको छ। मेरो विचारमा अर्थतन्त्र व्यवस्थापन गर्न नसक्दा अहिलेको समस्या आएको हो। अर्थतन्त्र चलायमान नहुने कारण सरकारी निकाय नै हुन्। सुधारको रणनीति ल्याउनुपर्ने हो। खर्च गर्नुपर्ने अवस्था आइसक्नुपर्ने थियो।' केन्द्रीय बैंकका अनुसार कात्तिकमा मुद्रास्फीतिसमेत ५.३८ प्रतिशतमा झरेको छ। यो समय पुँजीगत खर्च बढाएर अर्थतन्त्रलाई लयमा ल्याउने उपयुक्त अवसर भएको अर्थशास्त्री डा. बज्राचार्यको विश्लेषण छ।




### ■ असोजमा खर्च बढी, मंसिरमा राजस्व बढी

पाँच महिनाको तथ्यांक हेर्दा सबैभन्दा बढी खर्च असोजमा भएको देखिएको छ। असोजमा एक खर्ब ४९ अर्ब ४३ करोड खर्च भएको देखिएको छ। असोजमा दसैं-तिहारकेन्द्रित पेस्की निकासा हुने भएकाले बढी खर्च देखिएको हो।

साउनमा ३५ अर्ब खर्च भएको थियो भने भदौमा ९६ अर्ब १० करोड सरकारी खर्च भएको तथ्यांकले देखाएको छ। त्यस्तै, कात्तिकमा ७५ अर्ब खर्च भएको थियो भने मंसिर महिनामा मात्रै ९७ अर्ब ३६ करोड खर्च भएको महालेखा नियन्त्रकको कार्यालयले देखाएको छ।

राजस्व संकलनमा मंसिर महिनामा सबैभन्दा बढी राजस्व उठेको छ। सर्वोच्च अदालतबाट मर्जर र एफपिओबापतको लाभमा कर नतिर्ने सम्बन्धमा बैंक तथा बिमा कम्पनीबाट दायर भएको रिट खारेज भएसँगै मंसिरको अन्तिम दुई दिनमा करिब १३ अर्ब राजस्व संकलन भएको थियो। जसकारण मंसिरमा अरू महिनाको तुलनामा बढी राजस्व उठेको देखिन्छ। साउनमा ७८ अर्ब ८७ करोड, भदौमा ६२ अर्ब २० करोड, असोजमा ७८ अर्ब र कात्तिकमा ५७ अर्ब ५२ करोड राजस्व संकलन भएको कार्यालयले जानकारी दिएको छ।

# सिमेन्ट उद्योगीले कार्टेलिङ गरेर मूल्य बढाए : महासंघ

**नयाँ पत्रिका**

नेपाल निर्माण व्यवसायी महासंघले सिमेन्ट उद्योगीले कार्टेलिङ गरेर मूल्य बढाएको आरोप लगाएको छ। महासंघले आइतबार विज्ञप्ति जारी गर्दै सिमेन्ट उद्योगीले कार्टेलिङ गरेको आरोप लगाएको हो।

महासंघका महासचिव रोशन दाहालले सार्वजनिक गरेको विज्ञप्तिमा सीमित उद्योगले कार्टेलिङ गरेर सिमेन्टको मूल्य बोरामै सय रुपैयाँभन्दा बढी बढाइएको उल्लेख छ। सिमेन्ट उत्पादनसँग जोडिएको इन्धनलगायत कच्चा पदार्थको मूल्य नबढेको तथा बजार मागसमेत न्यून भएको अवस्थामा सिमेन्टको भाउ बढाइँदा आमउपभोक्ताका साथै निर्माण क्षेत्र र सरकारलाई समेत बोझ थपिने महासंघको ठहर छ। 'निर्माण उद्योग नै अत्यन्त विषम अवस्थामा रहेको समयमा सिमेन्ट उत्पादनसँग सम्बन्धित इन्धनलगायतका कुनै पनि कच्चा पदार्थमा समेत मूल्यवृद्धि नहुँदा र सिमेन्टलगायत निर्माण सामग्रीको प्रयोग पनि अन्त्यन्त न्यून भएका बखत हठातमा सीमित सिमेन्ट उद्योगहरूले कार्टेलिङ गरी प्रतिबोरा एक सयभन्दा बढी मूल्यवृद्धि गरिएकोमा यस महासंघको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा उल्लेख छ, 'खुला अर्थतन्त्रको नीति ठीकविपरीत गरिएको यस किसिमको अव्यावहारिक एवं अवैज्ञानिक मूल्यवृद्धि दण्डनीय अपराध भएको महासंघको ठहर छ।'



विगतमा पनि कार्टेलिङ गरी पटक-पटक भएका यस किसिमका मूल्यवृद्धिका कारण अन्ततः पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिएको महासंघले उल्लेख गरेको छ। सिमेन्टमा भएको मूल्यवृद्धि अविलम्ब खारेज गरी आमउपभोक्तालाई राहत दिन महासंघले सरकार र सम्बन्धित निकायसँग माग गरेको छ।

**प्रभु बैंक लिमिटेडको शाखा कार्यालय, भक्तपुरका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतीस) दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनीक सूचना**

**(सूचना प्रकाशित मिति २०८०/०९/०२ गते सोमबारको नयाँ पत्रिका दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, भक्तपुर**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/१०/१५ गते सोमबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **शाखा कार्यालय, भक्तपुर**मा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी,इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्योहरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**क. ऋणी तथा जमानतकर्ताको विवरण :** **तपसिल**

**ऋणी :** नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भक्तपुरमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७२/०५/१६ मा प्रा.फ.नं.घ.सा.उ.का. ५९१४/०७२/०७३ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भक्तपुरबाट मिति २०७२/०५/१७ (मु.अ.कर दर्ता मिति २०७२/०५/१७) मा करदताको नाम **सकिल अख्तर कारोवारको नाम भक्तपुर काष्ठ तथा स:मिल** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०३४१४१९४ को प्रमाणपत्र प्राप्त श्री **भक्तपुर काष्ठ तथा स:मिल । रजिष्ट्रर्ड ठेगाना :** भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ९।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ता : सकिल अख्तर**<br>(ना.प्र.न. १६०३३८८३३ जारी मितीः २०६१/०८/२९ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला विरगंज उ.म.न.पा.वडा नं ०३<br>(हाल विरगंज म.न.पा. वडा नं. ३)।<br>बाबु : अब्दुल कलाम मिया। बाजे : भोला मिया ठकुराई। | **जमानतकर्ता : साजरा खातुन**<br>(ना.प्र.न. ३४-०१-७५-०२२३८, जारी मिति २०७५/०२/१७ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला विरगंज म.न.पा.वडा नं ०३।<br>बाबु : ठुलो सालीम ठकुराई।<br>पति/ससुरा : सकिल अख्तर/अब्दुल कलाम मिया। |
| **जमानतकर्ता : हालिमा खातुन**<br>(ना.प्र.न. ३४१६०३१८३२९, जारी मिति २०४४/०५/११ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला विरगंज उ.म.न.पा.वडा नं ०३<br>(हाल विरगंज म.न.पा. वडा नं. ३)।<br>बाबु : उसमान अलि ठकुराई।<br>पति/ससुरा : अब्दुल कलाम मिया/भोला मिया ठकुराई। | **जमानतकर्ता : अब्दुल कलाम मियाँ**<br>(ना.प्र.न. १६०३१६७९८ जारी मिति २०४१/०५/०७ प्रतिलिपी जारी मिति २०७०/०४/०३ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला विरगंज उ.म.न.पा.वडा नं.३<br>(हाल विरगंज म.न.पा.वडा नं.३)॥<br>बाबु : भोला मिया ठकुराई।<br>बाजे : गढार मिया। |
| **जमानतकर्ता : नसिम अख्तर**<br>(ना.प्र.न. ३४१०२२/१२४४८, जारी मिति २०६७/०८/१९ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला विरगंज उ.म.न.पा.वडा नं ०३<br>(हाल विरगंज म.न.पा. वडा नं. ३)।<br>बाबु : अब्दुल कलाम मियाँ। बाजे : भोला मिया ठकुराई। | **जमानतकर्ताः जमिल अख्तर**<br>(ना.प्र.न.३४१०२२/४०३४ जारी मितिः २०६५/०३/२२ जारी गर्ने कार्यालय जि.प्र.का.पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला विरगंज उ.म.न.पा.वडा नं ०३<br>(हाल विरगंज म.न.पा. वडा नं.३)।<br>बाबु : अब्दुल कलाम मिया । बाजे : भोला मिया ठकुराई। |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. हलिमा खातुनको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको साविक पर्सा जिल्ला बीरगंज उ.म.न.पा. वडा नं. २ नक्सा सिट नं. ११३०४३००७ स्थित कित्ता नं. ३५९ क्षेत्रफल २७०.८८ ब.मी. ऐ. ऐ. वडा नं. ३ नक्सा सिट नं. ११३०३९०१६ स्थित कि.नं. १६६ र २२६ को क्षेत्रफल क्रमशः १०६.६० ब.मी. र ५५.२० ब..मि. घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१

२. हलिमा खातुनको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको साविक मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ७, नक्सा सिट नं. १०८०५६४४ स्थित कित्ता नं. १४०६७ र १४०६९ को क्षेत्रफल क्रमशः १३५.४४ ब.मी. र ५४१.७९ ब.मि. घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१

३. नसिम अख्तरको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको साविक पर्सा जिल्ला लिपनीबिर्ता गा.वि.स. वडा नं.४ नक्सा सिट नं. ११३०१५३०२ स्थित कित्ता नं. १०२ र १०३ को क्षेत्रफल ६७.७२ ब.मी.र ६७.७२ ब.मि. को घरजग्गा, तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१

४. ऋणी **भक्तपुर काष्ठ तथा स:मिलको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय भक्तपुर**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल,काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय भक्तपुरमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय जितपुर, बाराको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जितपुर, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको ले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

**तपसिल**

**ऋणीहरुको विवरण:**

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय वीरगंजमा मिति २०६२/१२/१५ मा प्रा.फ.र.नं.२४७२८/०६२/६३ कायम भई दर्ता रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १४ स्थित रजिष्टर्ड कार्यालय रहेको **नागेन्द्र स्टोर** (प्रोप्राइटर हरि महत्तोको नाति, भीखारी महत्तो/पावर्ती देवीको छोरा, मधुरी देवीको पति, पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) बस्ने **नागेन्द्र प्रसाद महत्तो** (ना.प्र.नं. १६०३२४९५९, जारी मिति २०५५/०४/०६, जिल्ला प्रशासन कार्यालय पर्सा) ।
२. हरि महत्तोको नाति, भीखारी महत्तो/पावर्ती देवीको छोरा, मधुरी देवीको पति, पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) बस्ने **नागेन्द्र प्रसाद महत्तो** (ना.प्र.नं. १६०३२४९५९, जारी मिति २०५५/०४/०६, जिल्ला प्रशासन कार्यालय पर्सा) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. हरि महत्तोको नाति, भीखारी महत्तो/पावर्ती देवीको छोरा, मधुरी देवीको पति, पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) बस्ने **नागेन्द्र प्रसाद महत्तो** (ना.प्र.नं. १६०३२४९५९, जारी मिति २०५५/०४/०६, जिल्ला प्रशासन कार्यालय पर्सा) ।
२. गौरी शंकर महत्तोको नातिनी, शिव पुजन महत्तो/सुगन्द देवीको छोरी, भीखारी महत्तो/पावर्ती देवीको बुहारी, नागेन्द्र प्रसाद महत्तोको पत्नी, पर्सा जिल्ला, विरगंज म.न.पा., वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) बस्ने **माधुरी देवी** (ना.प्र.नं. ४२१२, जारी मिति २०६६/०७/१५, जिल्ला प्रशासन कार्यालय पर्सा) ।

**धितो सुरक्षणको विवरण :**

१. **नागेन्द्र प्रसाद महत्तो**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, विरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १६ स्थित कित्ता नं. ४२, १२४, २५७, २५९ र ६७० को क्षेत्रफल क्रमश: ०,०१३५, ०,००७८, ००१३८.००, ०००३३.०० र ००१९३.०० (व.मी.) को घर/जग्गा र ऐ.ऐ.वडा नं १४ स्थित कित्ता नं. ५३ को क्षेत्रफल ००२४५.८ (व.मी.) को जग्गा र घर जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय जितपुर, बारा फोन नं. ०५३-४१२२७५/७६

## सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८०/०९/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह्र बैंकिङ सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफुले के कति मूल्य तिरि लिने हो सोही मूल्य खोली यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शीलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिएको छ ।

**तपसिल**

**गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण**

१. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय भक्तपुरमा दर्ता भएको भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १७ घ स्थित कि.नं. ९०८ को क्षेत्रफल ०-३-०-३ (रोपनि) बमोजिमको घर/जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय भक्तपुरमा दर्ता भएको भक्तपुर जिल्ला, कटुन्जे वडा नं. ७ ख स्थित कि.नं. १९७२ को क्षेत्रफल ०-१०-१-३ (रोपनि) बमोजिमको घर/जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय भक्तपुरमा दर्ता भएको भक्तपुर जिल्ला, कटुन्जे वडा नं. ७ क स्थित कि.नं. ५९५, ६१३, र ६१५ को क्षेत्रफल क्रमश: ०-११-०-०, ०-६-०-१ र ०-४-३-३ (रोपनि) बमोजिमको घर/जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय भक्तपुरमा दर्ता भएको भक्तपुर जिल्ला, मध्यपुर ठिमी वडा नं. ५ स्थित कि.नं. २१४, ४३९, ४४१, ४४३ र ४४६ को क्षेत्रफल क्रमश: १३.३५, १०.५०, २७, ४०.६५ र ४.२० (व.मि.) बमोजिमको घर/जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
५. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय बर्दिया, गुलरियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, महमदपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ७८६ र ६५६ को क्षेत्रफल क्रमश: ११५४५.०० र ७३४५ (व.मी.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
६. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय बर्दिया, गुलरियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, महमदपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. २३ को क्षेत्रफल ११४४०.०० (व.मी.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
७. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय बर्दिया, गुलरियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. २७७३ को क्षेत्रफल १०१.५८ (व.मी.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
८. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय बर्दिया, गुलरियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. २१५६ को क्षेत्रफल १५२.३७ (व.मी.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
९. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय बर्दिया, गुलरियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, महमदपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ७०४, ७९७, ७९८ र १६२७ को क्षेत्रफल क्रमश: ४००५.००, ११५५.००, १००९०.०० र १४२५.०० (व.मी.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
१०. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय बर्दिया, गुलरियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, महमदपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १४७६ को क्षेत्रफल १२३७९.४० (व.मी.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८०/०९/१६ गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०९/१७ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९०००० मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौं
फोन नं. ०१-४४४२९१९/२१, ४४१५७६२
Website: www.siddharthabank.com

# नबिल स्टक डिलरको औपचारिक कारोबार सुरु

नयाँ पत्रिका

नबिल बैंकअन्तर्गतको स्टक डिलरले औपचारिक कारोबार सुरु गरेको छ । कम्पनीले भदौसम्म नबिल सेक्युरिटिजको ब्रोकरेज सेवा दिइरहेकोमा नाम परिवर्तन गरेर नबिल स्टक डिलरका रूपमा काम थालेको हो ।

स्टक डिलरको औपचारिक सुरुवात गर्दै डिलरका प्रमुख कार्यकारी अधिकृत सुरेश देवकोटाले चाँडै नै लगानीकर्तालाई मार्जिन लेन्डिङको सुविधा दिन लागेको बताए । उनले भने, 'केही प्राविधिक काम टुंगिएसँगै हामी लगानीकर्तालै मार्जिन लेन्डिङको सुविधामा दिने गरी तयारी थालेका छौं ।' स्टक डिलरमार्फत ब्रोकरेज सेवा, पोर्टफोलियो म्यानेजमेन्ट, अन्डरराइटिङलगायतका सेवा प्रदान गरिने उनको भनाइ थियो ।

डिलरले पुँजी बजारमा गुणस्तरीयका साथै




पारदर्शी रूपमा सेवा दिने स्टक डिलरका अध्यक्ष नीरज गिरीले बताए । उनले भने, 'हामी पुराना ग्राहक तान्नेभन्दा पनि नयाँ ग्राहकको खोजीमा लाग्नेछौं ।'

नबिल बैंकका अध्यक्ष उपेन्द्र पौडेलले डिलरले नाफा कमाउन मात्रै काम नगर्ने र सेवाको गुणस्तरमा ध्यान दिने बताए । नबिल स्टक डिलरले पुँजी बजारलाई व्यवस्थित र गुणस्तरीय बनाउने गरी काम गर्नेमा ढुक्क रहेको उनको भनाइ थियो ।

सिडिएससीका प्रमुख कार्यकारी अधिकृत पूर्णप्रसाद आचार्यले पछिल्लो समय लगानीकर्तामा बढ्दै गएको निराशालाई आशा बदल्नुपर्ने बताए । पहिले लगानीकर्तामा रहेको उत्साह पछिल्लो समय केही घट्दै गएको उनको भनाइ थियो । उनले भने, 'बजारमा आएको निराशाले पुँजी बजारमा भित्रिनेको संख्या केही घटेको छ, यसलाई फर्काउन स्टक डिलरहरूले भूमिका खेलेको खण्डमा मात्र सम्भव छ ।'

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले नबिल स्टक डिलरले लगानीकर्ताका लागि नयाँ आयाम थप्नेमा आशावादी रहेको बताए । उनले भने, 'ठूलो पहलमा नबिल स्टक डिलरजस्ता कम्पनीहरू आएका छन्, यसले बजारलाई सहज लगानीमैत्री बनाउन प्रेरणा दिन्छ ।'

नबिल स्टक डिलरले ७७ नम्बरबाट ब्रोकरेज सेवा दिन थालेको छ । नेपाल धितोपत्र बोर्डले नयाँ ब्रोकर कम्पनीलाई लाइसेन्स दिएसँगै नबिल बैंकले स्टक डिलरका रूपमा कारोबार गर्ने अवसर पाएको हो ।

# लिट्मस केबल्स किन्दा दुबई जाने मौका

**काठमाडौं**/ लिट्मस केबल्सले सात महिना लामो राष्ट्रव्यापी प्रवर्द्धन योजना ल्याएको छ । कम्पनीले इलेक्ट्रिसियनलाई लक्षित गरी 'लिट्मस केबल्सः इको वायरिङ स्मार्ट वाचदेखि दुबईसम्मको यात्रा' नामक योजना ल्याएको हो ।

योजनाको मुख्य उद्देश्य इलेक्ट्रिसियनको परिश्रम र समर्पणका लागि पुरस्कृत गर्नु रहेको कम्पनीले जनाएको छ । यसअन्तर्गत इलेक्ट्रिसियनले ५० कोइल्सको खरिदमा स्मार्ट वाच, एक सय कोइल्सको खरिदमा ड्रिल मेसिन, तीन सय कोइल्सको खरिदमा एयर कुलर, पाँच सय कोइल्सको खरिदमा मुक्तिनाथको यात्रा अथवा मोबाइल र एक हजार कोइल्सको खरिदमा टिभीजस्ता उपहारहरू जित्ने अवसर पाउने जनाइएको छ ।




साथै, एक हजार पाँच सय कोइल्सको खरिदमा वासिङ मेसिन र दुई हजार पाँच सय कोइल्सको खरिदमा दुबई यात्राको अवसर पाउने कम्पनीले जनाएको छ । योजनामा सहभागी हुनका लागि, इलेक्ट्रिसियनले इकोवायर-जेडएच खरिद गरी कुपनहरू नजिकैको लिट्मस केबल्सको डिलरमा आवश्यक विभिन्न जानकारी गराउनुपर्ने जनाइएको छ । योजनाअन्तर्गत जम्मा भएको कुपनका आधारमा उपहार प्रदान गरिने कम्पनीको भनाइ छ ।

इकोवायर-जेडएच नेपालकै पहिलो जेरो हेलोजेन तार रहेको र यो सुरक्षा सुधार गर्नका लागि विशेष रूपमा पिभिसी पोलिमरद्वारा बनाइएको तार रहेको कम्पनीको भनाइ छ । यसै कारणले आगलागीको समयमा, यसले हानिकारक धुवाँ र हेलोजन-मुक्त ग्यास मात्र फाल्ने हुनाले सुरक्षित र वातावरणमैत्री रहेको कम्पनीले जनाएको छ ।

## अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

UTKHPL

ज्ञानेश्वर, काठमाडौं

**नतिजा प्रकाशन सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०९/०२**

यस कम्पनीको रिक्त पदहरुमध्ये सहायक स्तरका पदहरुमा करार सेवामा नियुक्ति गर्न मिति २०८०/०३/२६ को कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार प्रारम्भिक छनोटमा परी लिइएको अन्तर्वार्ता परीक्षामा सम्मिलित भएका उम्मेदवारहरु मध्ये उपल्लो अंक प्राप्त गरी सफल भएका सुपरभाइजर इलेक्ट्रीकल, सुपरभाइजर मेकानिकल, सुपरभाइजर सिभिल, फोरमेन इलेक्ट्रिकल, फोरमेन मेकानिकल, इलेक्ट्रिसियन इलेक्ट्रिकल र जुनियर मिस्त्री मेकानिकल पदका उम्मेदवारहरुलाई ३० दिनभित्र यस कम्पनीको कार्यालय ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सफल भएका उम्मेदवारहरुको विवरण कम्पनीको वेबसाइट https://utkhpl.org.np मा प्रकाशित गरिएको छ ।

**सचिव**
**पदपूर्ति उपसमिति**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८०/०९/०२**

तपसिलमा उल्लेखित ऋणीहरुले साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि. मर्ज भई हाल कायम रहेको सिटिजन्स बैंक इन्टरनेसनल लि. को शाखा कार्यालय टाँडी, चितवनबाट विभिन्न शिर्षक अर्न्तगत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जाहरुको रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधाहरु बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधाहरु बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**१. कर्जा शिर्षक: सटिजन्स मोर्गेज लोन आवधिक कर्जा तथा सिटिजन्स फास्ट ट्रयाक कर्जा**

| ऋणीको नाम र ठेगाना | | जमानीकर्ताहरुको नाम र ठेगाना | |
|---|---|---|---|
| १. नाम | : आशा महतो | १. नाम | : आसाराम महतो |
| पति | : आसाराम महतो | बाबु | : बिसरा महतो |
| बाजे | : बिसरा महतो | बाजे | : सोमाल महतो |
| ठेगाना | : चैनपुर–०७, चितवन | स्थायी ठेगाना | : खैरहनी–०५, चितवन |
| हाल | : खैरहनी न.पा–०२, चितवन | हालको ठेगाना | : खैरहनी न.पा.–०२, चितवन |
| ना.प्र.नं. | : ३५१०१५।२८३ | ना.प्र.नं. | : ६७८२/०५६ |
| जारी मिति | : २०६७/०७/२८ | जारी मिति | : २०५६/०६/०२ |
| जि.प्र.का. | : चितवन | जि.प्र.का. | : चितवन |

| | | |
|---|---|---|
| २. नाम | : नन्दा परियार | **धितो राखिएको सम्पत्ती विवरण** |
| बाबु | : रत्न बहादुर बर्देवा | **धितो सुरक्षण धनीको नाम:- आशा महतो** |
| पति | : पुडके दमाई | |
| स्थायी ठेगाना | : विरेन्द्रनगर–०४, चितवन | |
| हालको ठेगाना | : खैरहनी न.पा–०२, चितवन | |
| ना.प्र.नं. | : ३८८३/०५८ | |
| जारी मिति | : २०५८/०८/०६ | |
| जि.प्र.का. | : चितवन | |

| | |
|---|---|
| जिल्ला | चितवन |
| गा.वि.स. | चैनपुर |
| वडा नं./नक्सा सिट नं. | ८/८ ग |
| कि.नं. | २४८ |
| क्षेत्रफल (वि.क.धु.) | ०–१–० |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

| | | | |
|---|---|---|---|
| **२. कर्जा शिर्षक** | **: सिटिजन्स आवधिक कर्जा** | | |
| **ऋणीको नाम** | **: लामा होटल** | **प्रोप्राईटरको नाम र ठेगाना** | |
| दर्ता नं. | : १०१/०७३/०७४ (घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवन) | नाम | : हरि बहादुर लामा |
| रजिष्टर्ड ठेगाना | : भरतपुर म. न. पा. १२, चितवन | बाबु | : कृष्ण बहादुर लामा |
| दर्ता मिति | : २०७४/०१/१७ | बाजे | : मान बहादुर लामा |
| पान नं. | : ६०६०५३०२६ | पत्नी | : बिन्दु लामा |
| | | स्थायी ठेगाना | : बिरेन्द्रनगर ३, चितवन |
| | | हालको ठेगाना | : भरतपुर म.न.पा.१२, चितवन |
| | | ना.प्र.नं. | : २७४३ |
| | | जारी मिति | : २०३८/०२/३० |
| | | जि.प्र.का. | : चितवन |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | | | |
|---|---|---|---|
| १. नाम | : बिन्दु लामा | २. नाम | : आजाद लामा |
| बाबु | : सिंह बहादुर लामा | बाबु | : हरि बहादुर लामा |
| पति | : हरि बहादुर लामा | बाजे | : कृष्ण बहादुर लामा |
| ससुरा | : कृष्ण बहादुर लामा | स्थायी ठेगाना | : बिरेन्द्रनगर १, चितवन |
| स्थायी ठेगाना | : बिरेन्द्रनगर १, चितवन | हालको ठेगाना | : भरतपुर म.न.पा.१२, चितवन |
| हालको ठेगाना | : भरतपुर म.न.पा.१२, चितवन | ना.प्र.नं. | : ३५१०१०/५२२ |
| ना.प्र.नं. | : ३५१०१०/६२ | जारी मिति | : २०६८/०२/०२ |
| जारी मिति | : २०७०/०२/१८ | जि.प्र.का. | : चितवन |
| जि.प्र.का. | : चितवन | | |

**धितो राखिएको सम्पत्ती विवरण**

**१. धितो सुरक्षण धनीको नाम:-हरि बहादुर लामा (तमाङ)**

| जिल्ला | गा.वि.स. | वडा नं./नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| चितवन | बिरेन्द्रनगर | ३ग | ४६० | ०–३–० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

# टिभिएस रोनिन 'मोडर्न-रेट्रो' बजारमा

**काठमाडौं**/ दुईपांग्रे तथा तीनपांग्रे सवारीसाधन निर्माता टिभिएस मोटर कम्पनीका उत्पादनको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्सले कम्पनीको पहिलो टिभिएस रोनिन 'मोडर्न-रेट्रो' मोटरसाइकल नेपाली बजारमा ल्याएको छ । कम्पनीले नेपालमा आफ्ना ग्राहकका लागि टिभिएस रोनिन लन्च गर्दै प्रिमियम लाइफ स्टाइल सेग्मेन्टमा प्रवेश गरेको हो ।

उक्त मोटरसाइकल नेपालमा सार्वजनिक गर्ने अवसर पारेर आठ स्थानीय ब्लगर-इन्फ्लुएन्सर-सोसल मेडिया कन्टेन्ट क्रिएटरहरूले आठदिने यात्रा समापन पनि गरेको जनाइएको छ । उनीहरूले काठमाडौंबाट यात्रा सुरु गरी पोखरा, जोमसोम, लुम्बिनी, सौराहालगायत पहाड, हिमाल र तराईका विभिन्न भूभागमा करिब एक हजार तीन सय किलोमिटरको दूरी पार गरी काठमाडौंमा समापन भएको कम्पनीले जनाएको छ ।

टिभिएस रोनिनलाई स्टाइल, प्रविधि र सवारी अनुभवलाई ध्यानमा राखेर निर्माण गरिएको कम्पनीको दाबी छ । दुई सय २५ सिसीको यो मोटरसाइकलको तौल एक सय ६० केजी रहेको र यसले यसले २०.४ पिएस पावर उत्पादन गर्नुका साथै १९.९३ एनएम टर्कले मोटरसाइकल वर्गमा सबैभन्दा राम्रो पावर-टु-वेट रेसियो बनाउने उल्लेख छ । क्लासिक डिजाइन प्याकेजमा, मोटरसाइकललाई रेन र अर्बन एबिएस मोड, ग्लाइड थ्रु टेक्नोलोजी (जिटिटी) र भ्वाइस र राइड सहायतासहितको स्मार्ट ब्लुटुथ कम्युनिकेसनजस्ता प्राविधिक सुविधा रहेको कम्पनीले जनाएको छ ।

मोटरसाइकल सार्वजनिक गर्दै प्रिमियम टिभिएस मोटर कम्पनीका बिजनेस हेड विमल सुम्बलीले यो मोटरसाइकल अनस्क्रिप्टेड लाइफ स्टाइल राइडरका लागि डिजाइन




गरिएको बताए । उनले भने, 'यसले नेपालका धेरै युवा राइडरलाई आधुनिक रेट्रो मोटरसाइकलको सहज सवारप्रति प्रोत्साहित गर्नेछ भन्ने कुरामा विश्वस्त छौं ।'

अन्तर्राष्ट्रिय व्यापार पोर्टफोलियो निर्माण गर्ने धेरै वर्षको प्रतिबद्धताका साथ कम्पनीले विश्वभरका दुई र तीनपांग्रे सवारीका चालकको विविध आवश्यकता पूरा गर्न बेन्चमार्क सेट गरेको उनको भनाइ थियो ।

## सरकारले...

पृष्ठ १ बाट क्रमशः

सक्छ। तर, नेपालमा हरेक वर्ष क्रसिङमा ढिलाइ हुँदा सरदर सय केजी उखुबाट ७.५ केजी मात्रै चिनी उत्पादन हुने गरेको छ।

'उखु क्रसिङको समय मंसिरबाटै सुरु हुन्छ। तर, मंसिर सकिसक्दा पनि सरकारले न्यूनतम समर्थन मूल्य तोकेको छैन। जब कि उखु रोप्नुअघि नै समर्थन मूल्य तोक्नुपर्छ,' उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनालीले भने, 'अब पुस पहिलो साताबाट उखु काट्ने वातावरण बन्यो भने त उत्पादनमा खासै फरक पर्दैन, त्यसभन्दा पछि धकेलियो भने समस्या पर्छ। रस सुकेर उखुको तौल कम भएपछि चिनी उत्पादन पनि घट्छ। विगतजस्तै यो वर्ष पनि क्रसिङको समय ढिला हुन थालिसक्यो।'

यो वर्ष उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल सात सय ५० रुपैयाँ हुनुपर्ने किसानको माग छ। तर, यसमा सरकार र उद्योगी सकारात्मक नहुँदा समर्थन मूल्य तोक्न ढिलाइ भइरहेको छ। किसान आफूले भनेअनुसार समर्थन मूल्य नतोकिए उखु नकाट्ने अडानमा छन्। गत वर्षकै सरकारी अनुदानबापतको ५२ करोड रुपैयाँ बक्यौता भुक्तानी नभएकोमा पनि उनीहरूको विरोध छ। समर्थन मूल्य र अनुदानको यही समस्याका कारण बारीको उखु चिनी उद्योगसम्म आउन पाएको छैन।

लागतअनुसारको न्यूनतम समर्थन मूल्य र सरकारी अनुदानबापत पाउनुपर्ने रकम माग गर्दै सर्लाहीका उखु किसान आन्दोलनमा छन्। सर्लाहीको मिलगेट उखु उत्पादन समितिका अध्यक्ष राजकुमार उप्रेतीले उखु बेच्ने समय घर्किन लाग्दा चिन्ता थपिएको बताए। 'क्रसिङका लागि लैजानुपर्ने उखु किसानको बारीमै थन्किनुपर्ने अवस्थाको जिम्मा सरकारले लिनुपर्छ। किसानमाथि अनेकन जालझेल गरेर सरकारले मनपरी मूल्यमा उखु बेच्न बाध्य बनाएकोमा हामी बाध्य भएर आन्दोलित भएका हौं,' उनले भने, 'अहिले उखु सुक्ने चिन्तासँगै आफूले उत्पादन गरेको फसलको उचित मूल्य नपाउने कुरामा पनि हामी चिन्तित छौं।'

समयमै उखु क्रसिङ नहुँदा उद्योगीसमेत चिन्तित छन्। सर्लाहीस्थित देशकौ दोस्रो ठूलो चिनी उद्योग इन्दुशंकर चिनी मिलका प्रशासकीय अधिकृत ठाकुर नेपालले सिजन घर्किँदै जाँदा उखुको तौल घट्ने र चिनी उत्पादनमा ह्रास आउने बताए। 'सिजन घर्किँदै जाँदा उखुको तौल घट्ने, उखु हटाउनुपर्ने किसानलाई अन्य बाली लगाउन ढिला हुने र पछि भएपछि मजदुरी ज्याला बढी पर्ने चिन्ताले किसान आत्तिएको अवस्था छ,' उनले भने। आफूहरूले समयमै मिल चलाएर चिनी उत्पादन सुरु गर्ने तयारी थाले पनि किसानले रोकेको उनले बताए। 'हामीले २६ मंसिर रातिबाटै मिल चलाउने भनेर पूजासमेत गरेका थियौं। उद्योगमा ८-१० ट्र्याक्टर उखुसमेत जम्मा गरिसकेका थियौं,' नेपालले भने, 'तर, यो वर्षका लागि मूल्य तय नभएको र गत वर्षको सरकारी अनुदान पाउने सुनिश्चित नभएकाले तत्काल क्रसिङ रोक्न किसानले आग्रह गर्नुभयो। त्यसपछि मिल चलेको छैन।'

उद्योग परिसरमा अहिले करिब १० हजार क्विन्टल उखु बेवारिसे अवस्थामा राखिएको उनले बताए।

काटिसकेको उखुको लाँक्रा जति बढी दिन बाहिर राख्यो, त्यति नै बढी रस सुकेर हलुका हुने उनको भनाइ छ।

### न्यूनतम समर्थन मूल्यमा जुटेन सहमति

किसानले बेच्ने र उद्योगले किन्ने उखुको मूल्य सरकारले निर्धारण गर्दै आएको छ। गत वर्ष किसानको इच्छाविपरीत ६ सय १० रुपैयाँ प्रतिक्विन्टल मूल्य निर्धारण भएको थियो। यो वर्ष भने दसैँअघिबाटै किसानले आफ्नो मागअनुसारको मूल्य तोकिनुपर्ने माग राख्दै आएका छन्। उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनाली यसपालि सात सय ५० रुपैयाँ प्रतिक्विन्टल मूल्य निर्धारण नभए किसानको लागत उठ्न कठिन हुने बताउँछन्।

'चिनीको भाउ एक रुपैयाँ बढ्दा उखुको भाउ सात रुपैयाँ बढाउनेमा धेरै अघि उद्योग मन्त्रालय र किसानबीच सहमति भएको विषय हो,' अध्यक्ष मैनालीले भने, 'यो एक वर्षमा चिनीको भाउ धेरै ठूलो अन्तरले वृद्धि भयो। हामीले त्यही अन्तरमा नभए पनि कम्तीमा लागत उठ्ने गरी मूल्य तोकिनुपर्छ भन्दा कहीं कतै गल्ती गरेजस्तो लाग्दैन।'

विगतका वर्षमा सय किलो उखु काट्दा ९० रुपैयाँ ज्याला रहेकोमा अहिले बढेर एक सय २० रुपैयाँ पुगेको उनको भनाइ छ। त्यस्तै ट्र्याक्टरमा ढुवानी गर्दा प्रतिक्विन्टल ३०-३५ रुपैयाँ भाडा रहेकामा अहिले बढेर ५० रुपैयाँ पुगेको उनले बताए। अन्य खर्चसमेत वृद्धि भइसकेको अवस्थामा सरकारले न्यून दरमा समर्थन मूल्य बढाउन दबाब दिएको भन्दै उनले असन्तुष्टि जनाए।

कृषि मन्त्रालयको प्रवक्ता शवनम सिवाकोटीका अनुसार उद्योगी र किसानसँगको छलफलमा यो वर्षका लागि उखुको समर्थन मूल्य प्रतिक्विन्टल ६ सय २१ रुपैयाँ निर्धारणका लागि प्रस्ताव गरिएको थियो। यो मूल्य गत वर्षको भन्दा प्रतिक्विन्टल ११ रुपैयाँ बढी हो। किसानले असन्तुष्टि जनाए पनि एक साताभित्रै मन्त्रालयले यही मूल्यको आसपास रहेर समर्थन मूल्य निर्धारणका लागि मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ। 'हामीले चिनीको भाउ हेर्ने होइन। किसानको लागत के-कसरी वृद्धि भएको छ भन्ने हेर्ने हो,' प्रवक्ता सिवाकोटीले भनिन्, 'किसानको लागत मूल्यांकन गरेर हामीले प्रतिक्विन्टल ६ सय २१ रुपैयाँमा सहमति जुटाउने प्रयास गरेका थियौं। अब एक साताभित्रै एउटा सहमति गरेर मन्त्रिपरिषद्मा सिफारिस गर्नेछौं।'

चिनी उद्योग संघका उपाध्यक्षसमेत रहेका बाराको कलैयास्थित रिलायन्स सुगर मिलका सञ्चालक राजकुमार अग्रवालले यो वर्षका लागि किसानले माग गरेको सात सय ५० रुपैयाँ प्रतिक्विन्टल मूल्य उचित नभएको बताए। 'किसानले माग गरेको मूल्य जेन्युइन होइन। एउटा सहमतिको विन्दुमा आएर छिटो उखु ल्याउनुपर्छ,' उनले भने।

आव ०७४/७५, आव ०७५/७६ र आव ०७६/७७ मा सरकारले उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल पाँच सय ३६ रुपैयाँ ५६ पैसा निर्धारण गरेको थियो। आव ०७७/७८ मा थोरै वृद्धि गरी पाँच सय ४४ रुपैयाँ ३३ पैसा पुऱ्याएको थियो। आव ०७८/७९ मा पाँच सय ९० रुपैयाँ र गत आव ०७९/८० मा ६ सय १० रुपैयाँ प्रतिक्विन्टल निर्धारण गरेको थियो।

## अपग्रेडमा...

पृष्ठ १ बाट क्रमशः

समय-समयमा कोषलाई प्राप्त रकम र स्वदेशी वा विदेशी व्यक्ति वा निकायबाट प्राप्त अनुदान रकम वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा हुन्छ।

### सफ्टवेयर राखेकै वर्ष ह्याकको कोसिस भएपछि हालिएको थियो ३६ लाखको एन्टिभाइरस

विभागले सफ्टवेयर प्रयोगमा ल्याएको वर्ष नै ह्याकको कोसिस भएको थियो। अन्तर्राष्ट्रिय क्षेत्रबाट ह्याकको कोसिस भएपछि विभागले ३६ लाख रुपैयाँ खर्च गरेर एन्टिभाइरस राखेको विभागका पूर्वमहानिर्देशक डा. भीष्म भुसाललेे बताए। उनका अनुसार एन्टिभाइरस सिंगापुरको कम्पनीबाट खरिद गरिएको थियो।

सफ्टवेयर उपलब्ध गराएको कम्पनी ब्रेन डिजिटले ०७८ सम्म मात्रै निःशुल्क सेवा दियो। त्यसपछि भने विभागले सेवाबापत वार्षिक चार लाख भुक्तानी गर्दै आएको छ। तर, अहिले भने उक्त कम्पनीले विभागलाई सेवा दिन छाडेको छ। इ-बिमा तथा दृष्टि नामक आइटी कम्पनीले विभागलाई सेवा दिइरहेका छन्। सेवाबापत वार्षिक चार लाखभन्दा बढी भुक्तानी गर्दै आएको विभागले जनाएको छ। तर, सिस्टममा भने सधैं समस्या हुने गरेको छ।

यो वर्ष मात्रै सिस्टममा तीनपटकसम्म समस्या आएको छ। सरकारी एकीकृत डाटा सेन्टर (जिआइडिसी) मा रहेको धेरै क्षमताको स्टोरेज एरिया नेटवर्क (सान) मा समस्या आएपछि आफूहरूको सिस्टममा समस्या आएको विभागले जनाएको छ। जिआइडिसीमा रहेको उपकरण धेरै पुरानो छ। त्यसैले, समस्या भएको आइटी शाखाको भनाइ छ। त्यसपछि मुद्रण विभागसँग सान मागेर जिआइडिसीमा भएको विभागको तीन महिनाको तथ्यांक सारिएको थियो।

सन् २०१३ मा विभागका तत्कालीन महानिर्देशक पूर्णचन्द्र भट्टराईले फेमिस सिस्टम प्रयोग गर्ने योजना ल्याएका थिए। त्यति वेला वैदेशिक रोजगारीमा जाने र आउने कामदारको कुनै पनि तथ्यांक राख्ने व्यवस्था थिएन। तथ्यांक नहुँदा बजारमा बिचौलियाको बिगबिगी थियो। त्यसैले, यसलाई व्यवस्थित गर्न उनले फेमिस सिस्टमको प्रयोगको विषयमा छलफल चलाएका थिए।

### विभागको सफ्टवेयरमा सधैं समस्या

विभागको अनलाइन प्रणालीमा पटक-पटक समस्या दोहोरिने गरेको छ। पछिल्लो समय त महिनैपिच्छे समस्या देखिएको छ। अनलाइन प्रयोगकर्ताको संख्या अधिक भएपछि प्रणालीमा समस्या देखिएको विभागका सूचना अधिकारी कविराज उप्रेतीको दाबी छ।

'चार्डपर्वको समयमा बिदामा नेपाल आउने र फर्कनेको घुइँचो भयो। सबैले एकैपटक अनलाइन प्रयोग गर्दा प्रणालीले धान्न नसकेर सुस्त भएको हो,' उनले भने। तर, विभ(ागको अनलाइन प्रणालीमा भने वर्षौंदेखि समस्या हुँदै आएको छ।

- २५ कात्तिक ०७३ : विभागको अनलाइन प्रणालीमा समस्या आएपछि श्रम स्वीकृतिको काम बन्द, सयौं श्रमिकको एयरलाइन्स टिकट नै गुम्यो।

- ५ माघ ०७६ : अनलाइन प्रणालीमा समस्यासँगै श्रम स्वीकृतिको काम नहुँदा धेरै श्रमिक अलपत्र।

- २३ कात्तिक ०७७ : अनलाइन प्रणालीमा समस्याले श्रम स्वीकृति दिने कार्य ठप्प।

- २४ साउन ०८० : विभागको अनलाइन प्रणालीमा समस्या देखिएपछि श्रम स्वीकृति प्रभावित भयो।

- १४ कात्तिक ०८० : विभागको सूचना व्यवस्थापन प्रणालीमा गडबड भएपछि फेमिसमा बायोमेट्रिक डेस्क एप्लिकेसनबाट हुने गरेको श्रमिकको ओरेन्टेसन र बायोमेट्रिकको कनेक्सनमा समस्या।

- ८ मंसिर ०८० : अनलाइन प्रणालीमा समस्या भएको सूचना जारी गर्दै डकुमेन्ट अपलोड नगर्न आग्रह गऱ्यो।

- १० मंसिर ०८० : अनलाइन प्रणालीले काम गरेन। गत मंगलबारदेखि प्रणालीमा सुधार आए पनि काम भने सुस्त।

## सरकारी सभा...

पृष्ठ १ बाट क्रमशः

हुन छाडेपछि हलको मर्मत-सम्भार तथा कर्मचारीलाई तलब खुवाउन सामान्य निजी प्रयोजनका कार्यक्रम पनि यही हलमा गर्न थालिएको छ।

समितिका अध्यक्ष विद्रोह दाहालले सरकारी कार्यक्रमले मात्रै हलको प्रयोग प्रभावकारी नभएकाले बिहे, व्रतबन्धलगायतका कार्यक्रमका लागि पनि भाडामा दिइएको बताए। 'उपत्यकामा यति ठूलो सरकारी हल कहीं छैन, यो सरकारले निर्माण गरे पनि सरकारी कार्यक्रम यहाँ निकै कम हुन्छन्,' उनले भने, 'यसको मर्मत-सम्भार तथा खर्च व्यवस्थापनको लागि सामान्य किसिमका कार्यक्रमको लागि पनि भाडामा दिनुपरेको छ।' सरकारीस्तरका ठूला कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले निर्माण गरिए पनि पछिल्लो समय हल खाली हुने अवस्था आएपछि समितिले अन्य कार्यक्रम सञ्चालनको लागि भाडामा दिन थालेको उनले बताए।

हल भाडामा दिएर साउनयता १५ मंसिरसम्म ८० लाख आम्दानी गरेको छ। हलको केही भागमा पानी चुहिने भएकाले मर्मत-सम्भारको काम पनि चलिरहेको छ। यो हलमा साउनयता कुनै पनि सरकारीस्तरका सभा सम्मेलन तथा कार्यक्रम भएका छैनन्। सरकारले प्रयोगविहीन बनाएपछि समितिले बिहे, भोज, व्रतबन्ध तथा सांस्कृतिक कार्यक्रमको लागि हल भाडामा दिने गरेको छ। तर, हलबाहिर पार्किङ व्यवस्थित नहुँदा भाडामा लिनसमेत नमानेको समितिले जनाएको छ।

सम्मेलन केन्द्रले १४३ रोपनी क्षेत्रफल ओगटेको छ। ०७८ मा तत्कालीन प्रधामन्त्री केपी ओली नेतृत्वको मन्त्रिपरिषद्ले निर्णय गरेपछि पाँच महिनामै सम्मेलन केन्द्र तयार गरिएको थियो। सरकारले हलभन्दबाहिरको खाली जग्गा एक सय रोपनी तोकेको थियो। तर, ४३ रोपनीमा हल निर्माण भए पनि त्यसको पार्किङ, गार्डेनलगायत निर्माणका लागि तोकिएको एक सय रोपनी जग्गामा सुकुमवासी बस्दै आएका छन्।

हल भाडामा दिनका लागि भाडादर पनि तोकिएको छ। कार्यक्रमको लागि चार घन्टा भाडामा लिएको तीन लाख आठ हजार, आठ घण्टाको ४ लाख ११ हजार र १२ घन्टाको पाँच लाख ६८ हजार हलको भाडा तिर्नुपर्छ। हल भाडामा लिएकाहरूले त्यहाँभित्र रहेका सबै सुविधा प्रयोग गर्न पाउँछन्।

हल निर्माण भएपछि ०७९ मा नेकपा एमालेले विधान अधिवेशन यहीं गरेको थियो। त्यसयता दुईवटा मिस नेपाल अवार्ड, भारतीय स्पिकर अवार्ड, दुईवटा मोटिभेसनल कार्यक्रम सञ्चालन भएका छन्। ठूला कार्यक्रमहरू सञ्चालन नभएपछि समितिले आम्दानी गर्न सामान्य कार्यक्रमको लागि पनि हल भाडामा दिने गरेको छ।

गोदावरी नगरपालिका-३ का वडाध्यक्ष राज घिमिरेले सरकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने हललाई पार्टी प्यालेस बनाएर दुरुपयोग गर्न नहुने बताए। 'कतिपय सरकारी निकायका कार्यक्रम महँगा होटेलहरूमा हुन्छन्, तर यहाँको हल प्रयोगविहीन छ, सरकारले जे उद्देश्यले निर्माण गरेको त्यही प्रयोजनमा प्रयोग हुनुपर्छ,' उनले भने, 'यो हलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सभा सम्मेलन गर्ने हो भने यस क्षेत्रको पर्यटन विकास पनि हुन्छ।' उनले सभा सम्मेलनमा आएका मानिसहरू गोदावरीको पर्यटकीय क्षेत्रमा पनि पुग्ने भएकाले सरकारले त्यसतर्फ चासो दिनुपर्ने बताए।

## जनस्तरको...

पृष्ठ १ बाट क्रमशः

भन्डोत्तोलन गरेर १९ दिने यात्रा समापन गरेपछि उनीसहित यात्रामा सहभागी नेताहरू आइतबार बेलुकी तमोर करिडोर हुँदै धरान फर्किएका छन्। उनीहरू सोमबार विराटनगर हुँदै काठमाडौं फर्किँदै छन्। अभियानको उद्घाटन अध्यक्ष ओलीले १४ मंसिरमा झुलाघाटमा गरेका थिए।

एमालेले ५ पुसमा काठमाडौंमा बृहत् छलफल कार्यक्रम तय गरेको छ। '५ पुसमा काठमाडौंमा विशेष कार्यक्रम गर्छौं। त्यो एक प्रकारले छलफल कार्यक्रम हुनेछ, कुनै सभा-समारोहका रूपमा होइन। हामी यात्राका निष्कर्षहरूलाई आफ्नो तरिकाबाट प्रस्तुत गर्ने काम गर्नेछौं,' महासचिव पोखरेलले भने।

चिवाभञ्ज्याङमा यात्रा समापनपछि अध्यक्ष ओलीले विविधतालाई एकतामा बदल्ने र समस्या समाधानमा पुऱ्याउने यात्रा औपचारिक रूपमा पूरा भए पनि त्यस्तो यात्रा जारी रहने सन्देश दिएका छन्। 'महाकाली नदीकिनारको झुलाघाटमा भन्डा फहराएर सुरु भएको हाम्रो यात्रा पाँचथरको चिवाभञ्ज्याङमा झन्डा फहराएर पूरा भएको छ। यो यात्रा देशको माया गर्नेहरूलाई जोड्ने यात्रा हो, हाम्रा विविधतालाई एकतामा बदल्ने र हाम्रा समस्यालाई समाधानमा पुऱ्याउने यात्रा हो। औपचारिक रूपमा पूरा भए पनि यो यात्रा जारी रहन्छ,' सामाजिक सञ्जालमा ओलीले भनेका छन्।

अभियानका क्रममा २२ ठूला जनसभा, विभिन्न जिल्लामा सर्वदलीय तथा सर्वपक्षीय दुई दर्जन छलफल र अन्तर्क्रिया तथा सयौं स्थानमा स-साना समूहमा जनतासँग प्रत्यक्ष भेटघाट भएको स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए। यात्राका क्रममा कम्तीमा ५० लाखभन्दा बढी जनसमुदायमा सन्देश सम्प्रेषित भएको उनको दाबी छ।

महासचिव पोखरेलले राजनीतिक परिवर्तनप्रति वितृष्णा र अस्थिरता पैदा गर्ने, समाजलाई द्वन्द्वमा लैजाने, राजनीतिक दल र नेतृत्वप्रति अनास्था र अविश्वास पैदा गर्न खोज्ने प्रवृत्ति अभियानबाट गलत साबित भएको बताए। कमी-कमजोरीका बाबजुद पनि राजनीतिक दलहरू नै राज्यसत्तामा रहेका कमजोरी सुधारेर देशको नेतृत्व गर्न सक्षम छन् भन्ने सन्देश पनि अभियानले दिएको उनको भनाइ छ।

'खासगरी जनता संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा, मूलधारको राजनीतिको पक्षमा छन् र राज्यसत्तामा कमजोरी रहँदारहँदै पनि राजनीतिक दलहरूले नै सुधार गर्न सक्छन् भन्ने सन्देशलाई सहज ढंगले आत्मसात् गर्दा रहेछन् भन्ने देखाएको छ,' महासचिव पोखरेलले भने। विभिन्न जिल्लामा कांग्रेस, माओवादी केन्द्रसहितका राजनीतिक दल र सर्वपक्षीय सम्मिलित छलफल तथा अन्तर्क्रियाबाट आएका सुझाव र मागले यात्रा अभियानले राष्ट्रिय अभियानको आकार लिएकोसमेत एमालेको दाबी छ। 'एउटा महत्त्वपूर्ण पक्ष के रह्यो भने आयोजक नेकपा एमाले रहँदारहँदै पनि समग्रतामा राष्ट्रिय अभियान र यात्राका रूपमा यसलाई जनताले लिएको पाइयो। विभिन्न स्थानमा सर्वदलीय र सर्वपक्षीय बैठकहरू आयोजना हुने, उनीहरूले छलफल गरेर सामूहिक मागहरू पूर्वप्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीसमक्ष प्रस्तुत गर्ने काम भएको छ। यस सिलसिलामा धेरै जिल्लाहरूमा सर्वदलीय, सर्वपक्षीय बैठकहरू आयोजना भएका छन्,' महासचिव पोखरेलले भने, 'अभियानका क्रममा हामीले राजनीतिक रूपले विकासका मुद्दाहरूमा सहकार्य गरेर साझा दृष्टिकोण तय गर्नुपर्छ भन्ने मान्यता स्थानीय तहदेखि नै उजागर भएको हामीले पायौं।'

### मध्यपहाडी लोकमार्ग ५०० किमिजति छोट्याउने निष्कर्ष

एमालेले यात्रा अभियानका क्रममा मध्यपहाडी लोकमार्ग निर्माणका क्रममा मुआब्जा र क्षतिपूर्तिका समस्या र झमेलाहरू पनि देखिएको भन्दै यसलाई कम्तीमा चार-पाँच सय किमि छोट्याएर पूर्व-पश्चिम जोड्ने द्रुतमार्गका रूपमा विकास गर्नुपर्ने निष्कर्ष निकालेको जनाएको छ। 'हामीले मध्यपहाडी लोकमार्गको अवस्थाका बारेमा प्रत्यक्ष रूपमा बुझ्ने, त्यहाँका जनताहरूको मूल्यांकन गर्ने प्रत्यक्ष अवसर प्राप्त गर्यौं र धेरै ठाउँमा लोकमार्ग निर्माणका क्रममा अवरोध सिर्जना भएको पनि हामीले महसुस गर्यौं। कतिपय ठाउँमा एक प्रकारले मुआब्जा र क्षतिपूर्तिका विषयहरूको विवादले गर्दा काम अगाडि बढ्न नसकेको पनि हामीले पायौं,' महासचिव पोखरेलले भने, 'हाम्रो एउटा मुख्य उद्देश्य- मध्यपहाडी लोकमार्ग सडकको अडिट गर्ने कुरा पनि थियो। त्यसको सम्भावनाबारे पनि अध्ययन गरेका छौं। त्यसलाई चार-पाँच सय किमि कम गरेर भ(वष्यमा द्रुतमार्गका रूपमा कसरी विकास गर्न सकिन्छ भन्ने महत्त्वपूर्ण आधार यात्राले प्रदान गरेको छ।' मध्यपहाडी लोकमार्गको कुल लम्बाइ १८ सय ७९ किमि छ।

# रुसी सेनामा कार्यरत टीकापुरका भरत शाहको मृत्यु

## कुशको शव बनाएर दाहसंस्कार

**धनगढी** / रुसी सेनामा कार्यरत कैलालीको टीकापुरका एक युवकको मृत्यु भएको छ। रुसी सेनामा कार्यरत टीकापुर नगरपालिका-१ का ३६ वर्षीय भरत शाहको रुस-युक्रेन युद्धमा मृत्यु भएपछि परिवारले कुशको शव बनाएर आइतबार अन्तिम संस्कार गरेका छन्।



मृतक भरतका दाइ नाता पर्ने बिर्ख शाहका अनुसार भरतको गत शुक्रबार मृत्यु भएको खबर प्राप्त भएपछि दौलतपुर घाटमा अन्तिम संस्कार गरिएको हो।

शाहका अनुसार भरतसँगै रुसी सेनामा कार्यरत कञ्चनपुरका रोशन थापाले भरत मारिएको खबर पठाएका थिए। गत २६ नोभेम्बरमा रुसको सीमा क्षेत्रमा गोली लागेर भरतको मृत्यु भएको खबर रोशनले आफ्नो घरमा पठाएको र उनको परिवारमार्फत भरतको मृत्यु भएको खबर पाएको बिर्खले बताए।

रोशनले आफ्नी श्रीमतीलाई भरतको गोली लागेकै स्थानमा मृत्यु भएको म्यासेज पठाएका थिए। गोली लागेर रोशन घाइते रहेको बताइएको छ। आफन्तका अनुसार दुबईमा काम गर्दै आएका भरत गत ३० साउनमा उतैबाट रुसी सेनामा भर्ना हुन गएका थिए। रुसी सेनामा भर्ना भएपछि पनि उनले घरमा कुराकानी गरेको आफन्तले बताएका छन्।

शाह प्रहरीबाट राजीनामा गरेर तीन वर्षअघि दुबई गएको पारिवारिक स्रोतले जनाएको छ। उनले सात वर्ष प्रहरीमा काम गरेका थिए। दुबईमा उनी सुरक्षा गार्डको काम गर्थे। उनी गत वर्ष असोजमा घर आएर फागुनमा फर्किएको उनका दाइ बिर्खले बताए।

भरतको मृत्युबारे परराष्ट्र मन्त्रालय र रुसी सरकारले परिवारलाई औपचारिक रूपमा जानकारी गराएको छैन।

भरतको शव आउने/नआउनेसमेत टुंगो नभएपछि कुशको शव बनाएर अन्तिम संस्कार गरिएको उनको परिवारले जनाएको छ। आफन्तका अनुसार मृतकका आमा, बुवा, श्रीमती, चार वर्षका छोरा र तीन महिनाकी छोरी छन्।


हार्दिक श्रद्धाञ्जली



जन्म : २००२/११/२१

स्वर्गारोहण : २०८०/०८/२१

स्व. दुर्योधन गिरी

हाम्रा परमपुज्य पिता दुर्योधन गिरीको स्वर्गारोहण भएको आज १२औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा हामीप्रति सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण संघसंस्था, पार्टी पङ्क्ति, नाता कुटुम्ब, बन्धुबान्धव, इष्टमित्र, आफन्तजन तथा शुभचिन्तकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

ज्वाई : उद्धव राज पुरी
छोरी : रेखा गिरी पुरी
नातीहरु : निश्चल पुरी, निरज पुरी
छोरा : सुयोंधन गिरी
बुहारी : नानु मैया गिरी
नातिनीहरु : खुश्बु गिरी, उर्वशी गिरी
एवं समस्त गिरी परिवार



## १३ औं वार्षिक साधारणसभा सम्बन्धी अत्यन्त जरुरी सूचना

यस संस्थाको मिति २०८० मंसिर २३ गते बसेको संयुक्त बैठकको निर्णयानुसार संस्थाको १३ औं वार्षिक साधारणसभा देहायका विषय (कार्यसूची) मा छलफल तथा निर्णयका लागि निम्न लिखित मिति, समय र स्थानमा हुने भएकोले सो साधारणसभामा यस संस्थामा आवद्ध शेयर धनी सदस्यहरुलाई मात्र आधिकारिक परिचयपत्र सहित साधारणसभामा उपस्थितिका लागि अनुरोध गर्दछौं।
साधारणसभा सम्बन्धी औपचारिक पत्र र एस.एम.एस सदस्यहरूलाई पठाइ सकिएको छ। कारणवश पत्र प्राप्त र मोवाईलमा एस.एम.एस प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारणसभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

साधारणसभा हुने मिति, समय र स्थान
मिति : २०८० पौष २८ गते
स्थान: साझा पार्टी प्यालेस, लगनखेल।
समय : बिहान १०:०० बजेबाट

साधारणसभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने प्रस्तावहरु
१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा आ.व..२०७९।८० को प्रगती प्रतिवेदन तथा आ.ब.२०८०।८१ को प्रस्तावित नीति तथा कार्यक्रमहरु छलफल गरी पारित सम्बन्धमा।
२. संचालक समितिको तर्फबाट कोषाध्यक्ष ज्यूबाट आ.ब.२०७९।८० को प्रस्तुत आर्थिक प्रगति प्रतिवेदन उपर छलफल गरी पारित सम्बन्धमा।
३. लेखा तथा सुपरिवेक्षण समितिको आ.ब.२०७९।०८० को प्रतिवेदन उपर छलफल गरी पारित सम्बन्धमा
४. आ.ब.२०८०।८१ को लागी लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
५. आ.ब. २०७९।०८० को लाभांश बितरण सम्बन्धमा।
६. विनियम संशोधन सम्बन्धमा।
७. आन्तरिक नीति तथा कार्यविधी संशोधन सम्बन्धमा।
८. संस्था एकिकरण सम्बन्धमा।
९. संरक्षित पूँजि फिर्ता कोष वितरण पारित गर्ने सम्बन्धमा।
१०. सदस्यकहरुको सुझाव सम्बन्धमा।
११. संचालक समितिले बिभिन्न मितिमा गरेको महत्वपूर्ण निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
१२. संचालक समितिको सेवा, लेखा तथा सुपरिवेक्षण समितिको सुविधा, कर्मचारीहरुको पारिश्रमिक तोक्ने सम्बन्धमा।
१३. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सभाबाट प्रतिनिधि छनोट सम्बन्धमा।
१४. संस्थाको नामको गैह बैंकिग बिक्री तथा शेयर सदस्यहरुले धितो सुरक्षण वापत राखेको सम्पत्ति लिलामी गरी वा प्राप्ती गरी चल, अचल सम्पत्ति बिक्री गर्ने सम्बन्धमा।
१५. अधिवेशन गरी नयाँ संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा, निर्वाचन कार्यतालिका जानकारीको लागि यसै पत्र साथ प्रकाशन गरिएको छ।
१६. विविध।

पुनश्चः
१. साधारण सभामा उपस्थित हुँदा सदस्यहरुले परिचय खुल्ने फोटो टाँस गरिएको प्रमाण पत्र साथमा अनिवार्य रुपमा लिएर आउनु हुन अनुरोध गरिन्छ।
२. साधारण सभामा उपस्थित हुने सदस्यहरुलाई मात्र यातायात खर्च स्वरुप रु ५००/( उपलब्ध गराईनेछ। यातायात तथा खाजा खर्च सदस्य आफैं उपस्थित हुँदा मात्र उपलब्ध गराईनेछ।
३. आ.व. २०७९/२०८० को वार्षिक प्रतिवेदन अध्ययन गरी संस्थालाई सल्लाह सुझाव भएमा लिखित रुपमा उपलब्ध गराउनु हुन अनुरोध गरिन्छ।
४. साधारण सभार्क दिनमा शेयर सदस्यता लिने सदस्यहरुलाई समेत साधारण सभामा सहभागी गराईनेछ।

निर्वाचन कार्यातालिका

| सि.नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १. | मतदाताको पहिलो नामावली प्रकाशन | २०८०।०९।२७ | बिहान १०:१५ बजे |
| २. | मतदाताको नामावली उपर दावीविरोध | सोहीदिन | १०:१५ -१०:४५ बजे |
| ३. | मतदाताको अन्तिम नामावली प्रकाशन | सोहीदिन | १०:५० बजे |
| ४. | उम्मेदवारको दरखास्त आवहान | सोहीदिन | १०:५५ - ११:५५ बजे |
| ५. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | सोहीदिन | १२:०० बजे |
| ६. | उम्मेदवार उपर दावीविरोध | सोहीदिन | १२:०० - १२:३० बजे |
| ७. | दावीविरोध उपर छानबिन | सोहीदिन | १२:३५ - १:४५ बजे |
| ८. | उम्मेदवारी फिर्ता | सोहीदिन | १:५० -२:४० बजे |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | सोहीदिन | २:५० बजे |
| १० | निर्विरोध पदको घोषणा | सोहीदिन | ३:०० बजे |
| ११. | प्रचार प्रसार कार्यक्रम | २०८०।०९।२८ | |
| १२. | मतदान प्रारम्भ | सोहीदिन | बन्दसत्र समाप्ती पछि |
| १३. | मतगणना प्रारम्भ | सोहीदिन | मतदान सम्पन्न पछि |
| १४. | निर्वाचन परिणामको घोषणा | सोहीदिन | मत गणना पछि |
| १५. | निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र विवरण | सोहीदिन | |
| १६. | सपथ ग्रहण सम्बन्धमा | सोहीदिन | |

झरना बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JHARANA SAVING & CREDITCO-OPERATIVE LTD,
ल.पु.म.न.पा. वडा नं. १५, सातदोबाटो।



डि.स.का. दर्ता नं. ३३/०५७/०५८
स्थायी लेखा नं. ३००३२८६८०
सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।"

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.
BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.
शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, नेपाल, फोन: ४०१३३०३, ४०१३४४४
इमेल: basic@mail.com.np, वेवसाईट: www.balkumarisaccos.com

च.नं. १८३/०८०/०८१ मितिः २०८०।०८।०३

आदरणीय शेयर सदस्यज्यूहरू

विषयः २३ औं वार्षिक साधारणसभामा उपस्थित हुने बारे।

यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८० कार्तिक १८ गते, शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम २३ **औं वार्षिक साधारणसभा** (आ.व. २०७९/०८०) निम्न लिखित विषयहरूमा छलफल गरी पारित गर्न देहायको मिति,

सोमबार २ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

# नेपाल सुपर लिगमा विदेशी खेलाडी हाबी



**रमेश सुवेदी**/नयाँ पत्रिका

दोस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल)मा अहिलेसम्म २७ खेल सकिएको छ। लिगमा नौ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गरिरहेका छन्। इलाम लगभग प्ले अफबाट बाहिरिसकेको छ। गणितीय आधारमा अझै सात टोलीले प्ले अफ सम्भावना जीवितै राखेका छन्। दशरथ रंगशालामा चलिरहेको लिगमा विदेशी खेलाडी नै हाबी भइरहेका छन्। यसपटक युरोप, दक्षिण अफ्रिका, अमेरिका र एसियाका स्तरीय खेलाडी लिगमा आबद्ध छन्। लिगलाई आकर्षक बनाउन विश्वकपदेखि युरोपियन लिग खेलेका खेलाडीसमेत छन्। उनीहरूका कारण लिग स्तरीय बनेको आभास हुन्छ। दोस्रो संस्करणमा विभिन्न १५ देशका ४७ विदेशी खेलाडी रंगशालामा दौडिरहेका छन्।

सहभागी विदेशी खेलाडीमध्ये अफ्रिकन राष्ट्र घानाबाट धेरै छन्। घानाबाट सर्वाधिक १२ खेलाडी छन्। यसैगरी, क्यामरुनबाट १०, सेनेगलबाट चार, नाइजेरिया र उज्वेकिस्तानबाट समान तीन खेलाडी रहेका छन्। लेबनान, गुएना, स्पेन, फ्रान्स र भारतबाट समान दुई खेलाडीले लिग खेलिरहेका छन्। यसैगरी सर्बिया, अमेरिका, मोन्टेनेग्रो, प्यालेस्टाइन र कंगोबाट समान एक खेलाडी रहेका छन्। नेपालका सिनियर खेलाडी विदेशितिर भविष्य बनाउन पलायन हुँदा फुटबलको सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ (एन्फा)ले विदेशी कोटा बढाएको हो।

एन्फाले एक टोलीलाई ६ विदेशी खेलाडी अनुबन्ध गर्न पाउने र मैदानमा पाँच खेलाडी उतार्न सक्ने नियम बनाएको छ। लिगमा नौमध्ये ६ टोलीमा विदेशी गोलरक्षक छन्। गोलपोस्टमा अनुभवी गोलरक्षक रहँदा विपक्षी खेलाडीले कमै गोल गर्ने अवसर पाएका छन्। यसकारण अहिले गोल औसत कम भएको हो। खेलाडीको व्यक्तिगत प्रदर्शन, टोलीको स्तरीय खेल र विदेशी खेलाडीले देखाएको व्यावसायिक प्रदर्शनपछि इलामका प्रशिक्षक मेघराज केसी दंग छन्। उनी विदेशी खेलाडीकै उपस्थितिमा लिगमा नेपाली खेलाडीले धेरै सिक्ने अवसर पाएको बताउँछन्। 'यसपटक जुन स्तरका विदेशी खेलाडी अनुबन्ध भए, यसले धेरै राम्रो गरेको छ। युवा खेलाडीले धेरै सिक्ने अवसर पाए,' केसीले भने, 'अहिले प्रतियोगिताको माहोल नै अर्को बनेको छ।'

> विश्वकपदेखि युरोपियन लिगको अनुभव बटुलेका खेलाडीको आगमनले दोस्रो संस्करणको नेपाल सुपर लिगमा नेपाली युवा खेलाडीले सिक्ने अवसर पाएका छन्

## विश्वकप खेलेका अक्वाह

नेपाल सुपर लिगमा विभिन्न राष्ट्रबाट विदेशी खेलाडीले दशरथ रंगशालामा आफ्नो कौशल देखाइरहेका छन्। कोही खेलाडीले अपेक्षा गरेभन्दा उत्कृष्ट प्रदर्शन गरी वाहवाही कमाइरहेका छन्। कोही आफ्नो स्तरअनुसार प्रदर्शन गर्न चुकेका छन्। दोस्रो संस्करणको नेपाल सुपर लिगमा सहभागीमध्ये विदेशी खेलाडीमा घानाका एक खेलाडी विशेष रहेका छन्। ३१ वर्षीय डिफेन्सिभ मिडफिल्डर अफ्रियी अक्वाह खेलिरहेका विदेशीमध्ये सबैभन्दा अनुभवीमा पर्छन्। उनीसँग फिफा विश्वकप फुटबल प्रतियोगिता नै खेलेको अनुभव छ। २०१४ मा ब्राजिलमा भएको विश्वकपमा उनले प्रतिस्पर्धा गरेका थिए। उनले २०१२ देखि २०२१ सम्म घानाबाट ३९ अन्तर्राष्ट्रिय खेलमा एक गोल गरे। ब्राजिलमा आयोजना भएको विश्वकपको समूह चरणमा उनले पोर्चुगलविरुद्ध डेब्यु गरेका थिए। जसमा पोर्चुगल २-१ ले विजयी भयो। उनी ७६औं मिनेटमा मैदान प्रवेश गरेका थिए। एफसी चितवनका खेलाडी अक्वाहले सातमध्ये ६ खेल पूरै समय मैदान बिताएका छन्। उनले ६ सय आठ मिनेट मैदानमा बिताएका छन्।

## धेरै गोल गर्ने

लिगको पहिलो तथा दोस्रो संस्करणमा विदेशी खेलाडीले नै धेरै गोल गरेका छन्। कम समयका लागि लिग खेल्न आए पनि विदेशी खेलाडीले निरन्तर रूपमा लयमै प्रदर्शन गरेका छन्। बुटवल लुम्बिनीका स्टेफन समिर विनोङ, पोखराका मोसेस ग्याबा टुवुम र धनगढीका आफिज ओलावाले ओलादिपोले समान तीन गोल गरेका छन्। नेपाली खेलाडी एरिक विष्ट र राजीव लोप्चनसहित पापा केबे, एनगुई जुनियरले समान दुई गोल गरेका छन्। २९ खेलाडीले एक गोल गरेका छन्। पहिलो संस्करणमा काठमाडौं च्याम्पियन हुँदा मेसुके ओलोमोउले आठ गोल गरेका थिए। उनी नेपाल सुपर लिगकै सर्वाधिक गोल गर्ने पहिलो खेलाडी हुन्।

## एकै टोलीबाट धेरै समय खेल्ने

नेपाल सुपर लिगमा एकै टोलीबाट धेरै समय खेल्ने खेलाडी नेपालका आशिष लामा रहेका छन्। बुटवलका आशिषले दुवै संस्करण गरी ९ सय ६५ मिनेट मैदान बिताइसकेका छन्। उनले यसपटक सुरुवाती पाँचै खेलमा स्थान बनाए। अस्ट्रेलिया पुगेका आशिष लिगकै लागि नेपाल फर्किएका हुन्। यसपटक उनले पाँच खेलमा तीन सय ६७ मिनेट मैदानमा बिताएका छन्। पहिलो संस्करणमा उनले सातै खेलको सुरुवाती स्थान बनाउँदै पाँच सय ९८ खेल मिनेट प्रतिस्पर्धा गरेका थिए। धनगढीका आफिज ओलावाले दोस्रो स्थानमा छन्। दोस्रो संस्करणमा उनले पाँच खेलमा दुई सय ५३ मिनेट खेलेका छन्। तीन गोल गरे पनि उनले कुनै पनि खेलमा ९० मिनेट पूरा खेल्न पाएनन्। आफिजले पहिलो संस्करणमा आठमध्ये सात खेल खेलेका थिए। चार गोल गर्दा पाँच समय ६७ मिनेट खेलेका छन्।

## क्लिन सिट राख्ने

दोस्रो संस्करणमा सहभागी नौमध्ये ६ टोलीले विदेशी गोलरक्षक नै राखेका छन्। स्वदेशी गोलरक्षकमा विशाल श्रेष्ठ, विकेश कुथू र दीप कार्की हुन्। धनगढीले पछिल्लो दुई खेलमा टिकेन्द्र थापालाई मौका थियो। टिकेन्द्रले एक क्लिन सिट राख्न सफल भए। तर, विदेशी गोलरक्षक टोलीमा रहँदा नेपालका युवा गोलरक्षक बेन्चमै सीमित भइरहेका छन्। ललितपुर सिटीका फ्रान्सेली गोलरक्षक जेफेरी विली मार्सेल र झापाका स्टेफन कुपिकले समान ६ खेलमा चार 'क्लिन सिट' राखेका छन्। जेफेरीविरुद्ध बुटवल, पोखरा र धगनढीले आ-आफ्नो पहिलो खेलमा गोल गर्न सकेनन्। झापाका क्युपिकले पछिल्ला चार खेलमा क्लिन सिट राखे। पोखराका क्यामरुनी प्रिसोले तीन क्लिन सिट राखे। धनगढीका लेबनानी मोहम्मद टाहा काठमाडौंका अभिषेक बरालले समान दुई, इलामका विकेश कुथू र वीरगन्जका दीपले समान एक क्लिन सिट राखेका छन्। बुटवलका मोहमोदु र चितवनका मार्की विशालले क्लिन सिट राख्न सकेका छैनन्।

## म्यान अफ दी म्याच

अहिलेसम्म १४ खेलमा विदेशी खेलाडीले म्यान अफ दी म्याच प्राप्त गरेका छन्। यसविपरीत १३ नेपाली खेलाडी म्यान अफ दी म्याच बनेका छन्। वीरगन्ज युनाइटेडबाट खेलिरहेका घानाका खेलाडी विलियम ओपोकु, चितवनका टोरिक जेब्रिन, इलामका अमाथ ड्वले दुईपटक म्यान अफ दी म्याच भए। नेपाली खेलाडीमा अस्ट्रेलियाबाट लिग खेल्न आएका दिनेश राजवंशी, उत्सव राई, आयुष घलान, सुरजजिउ ठकुरी, सञ्जीव विष्ट, दीप कार्की, जिलेस्पीजंग कार्की, विवेक पौडेल, टिकेन्द्र थापा, सनिस श्रेष्ठ र विशाल श्रेष्ठ म्यान अफ दी म्याच भए।

# भारतमा सुवासलाई गल्फ उपाधि

## १८९२ मा सुरु भएको भारतकै पुरानो गल्फ च्याम्पियनसिप जित्ने सुवास पहिलो नेपाली खेलाडी हुन्

**नयाँ पत्रिका**



नेपालका नम्बर १ एमेच्योर गल्फर सुवास तामाङले भारतमा आयोजना भएको १२२औँ एमेच्योर गल्फ च्याम्पियनसिप अफ इन्डियाको उपाधि हात पारेका छन्। रोयल कोलकता गल्फ क्लबमा म्याच प्ले फर्म्याटमा ३६ होलको फाइनलमा सुवासले भारतीय खेलाडी रोहितलाई ९-७ ले पराजित गर्दै उपाधि हात पारेका हुन्। नेपाली गल्फरले भारतमा कुनै पनि प्रतियोगिताको उपाधि जितेको यो पहिलोपटक हो। १८९२ मा सुरुवात भएको भारतकै सबैभन्दा पुरानो गल्फ च्याम्पियनसिप जित्ने सुवास पहिलो नेपाली खेलाडी हुन्। पहिलो नौ होलमा पछि परेको अवस्थालाई उल्ट्याउँदै सुवासले सात होल बाँकी रहँदै उपाधि जितेका हुन्। सुवासको यो ऐतिहासिक सफलता हो।

चौथो वरीयता प्राप्त सुवास र तेस्रो वरीयताका रोहितबीचको पहिलो ९ होलको खेल रोमाञ्चक बन्यो। पहिलो होल सुवासले जितेका थिए। दोस्रो र आठौँ होल जित्दै रोहितले ९ होलको समाप्तिमा एक स्ट्रोकको अग्रता लिए। यसपछि १०औँ होल सुवासको नाममा रह्यो। उनले १३औँ होलमा अग्रता लिए पनि १४औँ होलमा रोहितले खेल बराबरीमा पुऱ्याए। २०१९ मा नेपालमा भएको १३औँ दक्षिण एसियाली खेलकुदको दोहोरो स्वर्ण पदक विजेता सुवासले त्यसपछि खेलिएको ११ होलमा १ होल मात्र गुमाए। २०औँ होलमा हार बेहोरेका उनले त्यसपछि लगातार दुई होल जित्दै आफ्नो अग्रता ४ पुऱ्याए।

२४औँदेखि लगातार ४ होल आफ्नो पक्षमा पारेका सुवास २७ होलको समाप्तिसम्म ८ स्ट्रोकको अग्रता बनाउन सफल भए। २८औँ होल बराबरी भएपछि उनले २९औँ होल आफ्नो पक्षमा पार्दै सानदार जित निकाले। सुरुको दुई दिन स्ट्रोक प्ले फर्म्याटमा ३६ होल खेलेपछि उत्कृष्ट ३२ खेलाडी म्याच-प्लेका लागि छनोट भएका हुन्। स्ट्रोक-प्लेमा सुवास १ ओभर ७३ र २ अन्डर ७० खेल्दै चौथो भएका थिए।

म्याच-प्लेको सुरुवाती तीन राउन्डमा भारतीय खेलाडीलाई हराएका सुवासले सेमिफाइनलमा दक्षिण अफ्रिकाका अल्टिन भ्यान डर मर्वेमाथि जित हासिल गरेका थिए। नेपाल ओलम्पिक कमिटीबाट २०२४ को पेरिस ओलम्पिक गेम्सका लागि छात्रवृत्ति प्राप्त गरेका सुवास दुई वर्षदेखि भारतको बैंग्लुरुस्थित तरुण सरदेसाई एकेडेमीमा प्रशिक्षणरत रहेका छन्। नेपाल गल्फ संघले २१ डिसेम्बरमा अर्का एमेच्योर खेलाडी राहुल विकलाई पनि प्रशिक्षणका लागि तरुण सरदेसाई एकेडेमीमा पठाउने जनाएको छ।

# शीर्ष स्थानमा आर्सनलको अग्रता



**एजेन्सी**

आर्सनलले इंग्लिस प्रिमियर लिगको शीर्ष स्थानमा १ अंकको अग्रता लिएको छ। ब्राइटनलाई २-० ले हराउँदै आर्सनलले एस्टन भिल्लाविरुद्ध भिन्नो अंकको अग्रता लिएको हो। भिल्लाले ब्रेन्टफोर्डलाई २-१ ले हरायो। यस जितसँगै भिल्लाले शीर्ष स्थानमा रहेको आर्सनलमाथि दबाब बनाएको हो। खेलको पहिलो हाफमा आर्सनललाई ब्राइटनले गोलरहित बराबरीमा रोकेको थियो। मध्यान्तरपछि आर्सनल आक्रामक रूपमा प्रस्तुत भयो।

खेलको ५३औँ मिनेटमा ग्राबिएल जेसुसले आर्सनललाई १-० को अग्रता दिलाए। खेलको ८७औँ मिनेटमा हाभेर्ट्जले आर्सनलको २-० को जित पक्का गरे। आर्सनलले १७ खेलबाट ३९ अंक जोडेको छ। एस्टोन भिल्लाले समान खेलबाट ३८ अंक बनाएको छ। भिल्ला र ब्रेन्टफोर्डबीचको खेलमा एक-एक खेलाडीले रातो कार्ड पाएका थिए। खेलको ७१औँ मिनेटमा ब्रेन्टफोर्डका बेन मीले रातो कार्ड बेहोरे।

खेलको अन्तिम सात मिनेटको इन्जुरी समयमा अर्सनलका कमराले रातो कार्ड पाए। खेलको ४५औँ मिनेटसम्म ब्रेन्टफोर्डले १-० को अग्रता लिएको थियो। लेविस पोटरले अग्रता दिलाएका हुन्। खेलको ७७औँ मिनेटमा मोरेनोले भिल्लालाई १-१ को बराबरीमा पुऱ्याए। मोरेनाले वेलियको पासमा गोल गरे। खेलको ८५औँ मिनेटमा वाल्किन्सले भिल्लालाई २-१ को जित दिलाए। अर्को खेलमा वुल्भ्समाथि वेस्टहामले ३-० को जित निकाल्यो।

## खेल संक्षेप

### मधेशको टोली घोषणा

**काठमाडौं**/ अनुभवी बलर कविता गौतमको कप्तानीमा मधेश प्रदेशले प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय प्रतियोगिता खेल्ने टोली घोषणा गरेको छ। प्रतियोगिता ५-१७ पुससम्म काठमाडौंमा हुनेछ। मधेशको टोलीमा अनुभवी खेलाडीको बाहुल्य छ। त्रिवि र मूलपानी क्रिकेट मैदानमा हुने प्रतियोगितामा सात प्रदेश र नेपाल एपिएफ क्लबको सहभागिता रहनेछ भने राउन्ड रोबिनका आधारमा खेल हुनेछ।

सबै टोलीले एक-अर्कासँग खेल्नेछन्। शीर्ष चार टोली प्ले अफमा पुग्नेछन्। शीर्ष दुई टोलीले पहिलो क्वालिफायर खेल्नेछन्। विजेता टोली फाइनलमा पुग्दा पराजित हुने टोलीले दोस्रो क्वालिफायर खेल्ने अवसर पाउनेछ। एलिमिनेटरमा तेस्रो र चौथो स्थानमा रहने टोली भिड्नेछन्। एलिमिनेटरको विजेताले पहिलो क्वालिफायरमा पराजित हुने टोलीसँग फाइनलमा पुग्न प्रतिस्पर्धा गर्नेछ।

### यू-१६ युथ लिग ९ पुसदेखि

**काठमाडौं**/ अखिल नेपाल फुटबल संघले यू-१६ युथ फुटबल लिग ९ पुसदेखि सुरु गर्ने भएको छ। एन्फाले आइतबार क्लबसँगको छलफलपछि लिग मिति तय गरेको हो। युवा खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले सुरुवात गरिएको युथ लिग बीचैमा रोकिएको थियो। एन्फा र क्लबका प्रतिनिधिबीचको आइतबारको बैठकमा प्रतियोगिता सञ्चालनबारे छलफल चलेको थियो। लिगको पहिलो खेलमा मनाङ मर्स्याङ्दीले फ्रेन्ड्स क्लबको सामना गर्नेछ।

# गेटवेलाई फेका कप

**काठमाडौं**/ गेटवे एकेडेमीले १६औँ फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिताको उपाधि जितेको छ। गेटवेले पहिलोपटक फेका कप जितेको हो। स्वच्छ शैक्षिक प्रतिस्पर्धाको संगठन (फेका)द्वारा आयोजित प्रतियोगिताको फाइनलमा गेटवेले पूर्वविजेता न्यु स्टार पोललाई १-० ले पराजित गऱ्यो। गेटवेका प्रतीक रायमाझीले निर्णायक गोल गरेका थिए। प्रतीक नै फाइनलको 'म्यान अफ द म्याच' घोषित भए। मूलपानीमा तेस्रो स्थानका लागि भएको खेलमा अक्षरिकाले हाइली क्रिएटिभलाई २-१ ले हरायो। अक्षरिकाका निशान थापा 'म्यान अफ द म्याच' चुनिए।

पहिलो भएको गेटवेले ४० हजार र उपविजेता न्यु स्टारले २० हजार रुपैयाँ पाएका छन्। तेस्रो भएको अक्षरिकाले पाँच हजार रुपैयाँ हात पाऱ्यो। प्रतियोगिताले १६औँ संस्करणसम्म कोटदेवी, करिअर बिल्डिङ इन्टरनेसनल एकेडेमी र गोठाटारले समान तीनपटक उपाधि जितेका छन्। न्यु स्टार पोल, कस्मिक इन्टरनेसनल एकेडेमी, ओरियन्टल एकेडेमी, ग्रिनविच एकेडेमी, नेक्सस इन्टरनेसनल एकेडेमी र कौस्तुभ समान एकपटक च्याम्पियन बनेका छन्।

गेटवेका लक्ष्मण उप्रेतीले दोहोरो



व्यक्तिगत उत्कृष्ट खेलाडीको उपाधि जिते। लक्ष्मण प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडीसँगै सर्वाधिक गोलकर्ता पनि बने। प्रतियोगिताभर लक्ष्मणले सात गोल गरे। हाइली क्रिएटिभका रिसुक स्थापित उदीयमान खेलाडी घोषित भए। डिफेन्डरमा न्यु स्टारका दीप बोगटी, मिडफिल्डरमा अक्षरिकाका रविन मगर, गोलरक्षकमा न्यु स्टारका सोमित मण्डल र प्रशिक्षकमा गेटवेका सरिन नापित उत्कृष्ट चुनिए।

# बंगलादेशले जित्यो यू-१९ एसिया कप



**एजेन्सी**

बंगलादेशले पहिलोपटक एसिसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। दुबईको डिएससी मैदानमा आइतबार भएको फाइनलमा बंगलादेशले युएईलाई १९५ रनको फराकिलो अन्तरले हराउँदै उपाधि हात पारेको हो।

पहिलो ब्याटिङ गरेको बंगलादेशले आठ विकेट गुमाएर २८२ रन जोडेको थियो। प्रत्युत्तरमा युएई २४.५ ओभरमा ८७ रनमै समेटिँदा बंगलादेशले फराकिलो जितअन्तर निकालेको हो। बंगलादेशको जितमा असिकर रहमानले १४९ बलमा १२९ रनको योगदान दिएका थिए। उनी नै प्रतियोगिताकै म्यान अफ दी सिरिज भए। उनले समग्रमा ३७८ रन बटुलेका थिए। प्रतियोगिताको सेमिफाइनलमा युएईले पाकिस्तानलाई हराएको थियो। बंगलादेशले भारतलाई स्तब्ध पार्दै अन्तिम दुई स्थान पक्का गरेको थियो। प्रतियोगितामा नेपाल, श्रीलंका, अफगानिस्तान र जापानले पनि भाग लिएका थिए।

### असिकरको शतकीय इनिङ्स

पहिलो ब्याटिङ गरेको बंगलादेशका लागि ओपनर असिकर रहमानले शतकीय इनिङ्स खेलेका थिए। उनले १२९ रन बटुल्न १४९ बलमा १२ चौका र एक छक्का प्रहार गरेका थिए। सुरुवात कमजोर गरेको बंगलादेशका लागि ओपनर असिकर र मोहमद रिजवानले दोस्रो विकेटका लागि १२५ रनको साझेदारी गरे। रिजवानले ७१ बलमा चार चौका र एक छक्का प्रहार गरी ६० रन बटुले।


## NOTICE FOR EXPRESSION OF INTEREST(EOI)

**PANAUTI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

**Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) Project, Phase-II**
**Lalitpur**
**REQUEST FOR EXPRESSION OF INTEREST (EOI)**
**FOR CONDUCTING TRAINING WITH ON-THE JOB-TRAINING (OJT)**
**Date of Second publication: 18th December 2023**

Financing Agency: Swiss Agency for Development and Cooperation

1. Enhanced skills for sustainable and rewarding employment (ENSSURE-II) is a bilateral initiative of the government of Nepal (GoN) and the Government of Switzerland implemented by 3 spheres of government at Federal, Provincial and Local level with technical assistance form Helvetas Nepal. The overall goal of the project is to contribute for improved living standard of **"Nepalese youths' women and men, gain social and economic benefits from a federalized TVET system."**
2. The Panauti Municipality now invites Expression of Interest (EOI) from interested eligible consultant or TPs to train **20 participants in Professional Computer Hardware & Network Technician (Level-II with 1696 hrs) under training with OJT in FY 2080/81.**
3. The main objective of this assignment is to deliver quality skills training for the targeted beneficiaries, following the minimum standards outlined in the CTEVT approved curriculum and National Occupational Skill Standards (NOSS) of National Skills Testing Board (NSTB)
4. After completing the training, the participants will appear in skill testing Level-2 ensuring certification of at least 80% of the trainees and the Training Providers also assist them for employment so that at least 80% of the graduates have sustainable and rewarding employment in trained occupations.
5. Interested eligible consultant or TPs may obtain further information at the Panauti Municipality office, Panauti, Kavrepalanchowk during office hours on or before 1st, January 2024. EOI document shall be obtained free of cost at Website of Panauti Municipality https://panautimun.gov.np
6. The training events must be conducted in the venue/s having adequate training facilities for the proposed occupation/s. Conducting trainings in temporary (Mobile based) settings are not allowed but approved and authentic branch office of TPs will be considered as training venue.
7. EOI will be assessed based on Qualification (40%), Experience (50%) and Capacity (10%) of the Training Providers and Key Personnel. Based on evaluation of EOI, only short-listed firms will be invited to submit Technical and Financial Proposal through Request of Proposal (RfP). The minimum score to pass the EOI is 60 points.
8. Documents of the experience and other evidence copies of certificates shall be duly notarized.
9. Complete EOI documents shall be submitted on 1st, January 2024. 12 PM, EOI received after this deadline will be rejected.
10. If the last date of submission of EOI falls on public holiday, then the next working day shall be considered as the last date.
11. Panauti Municipality reserves the right to shortlist or not shortlist any or all the applicant(s) without assigning any reason whatsoever.

**Chief Administrative officer**
**Panauti Municipality**
**Kavrepalanchowk Nepal**


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com